संस्था दर्ता नं. ६१(१७) ०५५/०५६

पान नं.: ३०३२९१९०१

आवद्धता

नेफ्स्कून

# जनहितकारी
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Janahitkari Saving & Credit Co-operative Ltd.




२७ औं साधारणसभा

### वार्षिक साधारणसभामा प्रस्तुत
# प्रतिवेदन
**२०८२ मंसिर २० गते**


**वीरेन्द्रनगर-४, कालागाउँ, सुर्खेत**

फोन नं.: ५२१५६२, ०८३-५२३८७५

**सेवा केन्द्र: बजार** ०८३-५२४५०४, **पिपिरा** ०८३-४११०६६, **एयरपोर्ट** ०८३-५९०५९७

www.janahitkari.org.np

Email: janahitkari2055@gmail.com

# संस्थाद्वारा सञ्चालित कार्यक्रमहरु



२६ औं बार्षिक साधारण सभा उद्घाटन गर्दै प्रमुख अतिथि
कर्णाली प्रदेश सरकारका मुख्य मन्त्री श्री यामलाल कंडेलज्यू



२६ औं स्थापना दिवसका अवसरमा स्मारिका विमोचन गर्दै कर्णाली प्रदेश योजना
आयोग उपाध्यक्ष प्रमुख अतिथि मा. सूर्यनाथ योगीज्यू



२६ औं बार्षिक साधारण सभामा उपस्थित शेयरसदस्यज्यूहरु



२६ औं साधारण सभा इकाई १ का प्रमुख अतिथिद्वारा संस्थाको वार्षिक प्रतिवेदन
क्यूर कोडबाट स्क्यान गर्दै



२६ औं स्थापना दिवसको अवसरमा वृद्ध शेयर सदस्यहरुलाई सम्मान कार्यक्रम




शोभा कलस यात्रा २०८१ मा सहभागी



२६ औं स्थापना दिवसका अवसरमा युवा परिचालन उपसमितिद्वारा आयोजित
सचेतनामूलक कार्यक्रम



रक्तदान कार्यक्रम

## सल्लाहकार समिति



हरिहरनाथ योगी
संरक्षक सल्लाहकार संयोजक



रुद्र ब. खत्री
सह संयोजक



कृष्ण प्र. गौतम
सदस्य



बलिराम जैसी
सदस्य



लोक प्र. ढकाल
सदस्य



हरिहर बस्नेत
सदस्य

## सञ्चालक समिति



नवराज कंडेल
अध्यक्ष



तिर्थराज गिरी
उपाध्यक्ष



राधा कार्की
उपाध्याक्ष (महिला)



यामराज गिरी
सचिव



संजय योगी
कोषाध्यक्ष



सरस्वती गौतम
सञ्चालक सदस्य



रुवी आचार्य
सञ्चालक सदस्य



लक्ष्मी कुमारी भुसाल
सञ्चालक सदस्य



हेमन्त कंडेल
सञ्चालक सदस्य



धर्मा सुवेदी
सञ्चालक सदस्य



सौगात रावत
सञ्चालक सदस्य



शान्ती भारती
सञ्चालक सदस्य



सरस्वती पुरी
सञ्चालक सदस्य

## लेखा समिति



हिरालाल सुनार
संयोजक



घनश्याम बोगटी
सदस्य



सविना सिंह के.सी.
सदस्य

## ऋण उप-समिति



राधा कार्की
संयोजक



नरेन्द्रनाथ योगी
सदस्य



आत्मराम भारती
सदस्य

## शिक्षा उप-समिति



सौगात रावत
संयोजक



जागेश्वर उपाध्याय
सदस्य



मीन प्रसाद खनाल
सदस्य

## महिला उप-समिति



धर्मा सुवेदी
संयोजक



जयन्ती कोइराला
सदस्य



रत्ना अधिकारी
सदस्य



कल्पना योगी
सदस्य



निरञ्जना योगी
सदस्य

## युवा परिचालन उप-समिति



हेमन्तप्रसाद कंडेल
संयोजक



धनश्याम वि.सी.
सदस्य



सुशिल भारती
सदस्य



दीपेन्द्र प्र. सापकोटा
सदस्य



दिनेश गौतम
सदस्य

## ज्येष्ठ सदस्य सहयोग उप-समिति



रुवी आचार्य
संयोजक



अग्नीप्रसाद कंडेल
सदस्य



रिता कुमारी पाण्डे
सदस्य



तुल्सी रिजाल
सदस्य



मनमाया गौतम
सदस्य

## स्वास्थ्य तथा वातावरण उप-समिति



सरस्वती गौतम
संयोजक



गिता कुमारी रावल
सदस्य



जयराम कोइराला
सदस्य



सन्देश थापा
सदस्य



कान्तीलक्ष्मी कार्की
सदस्य

## निक्षेप वृद्धि उप-समिति


लक्ष्मी भुसाल
संयोजक


करिष्मा गिरी
सदस्य


जैसरा पुरी
सदस्य

## बालहित संरक्षण उप-समिति


शान्ती भारती
संयोजक


भिमकुमारी भुसाल
सदस्य


टिका ढकाल
सदस्य

## सूचना तथा प्रविधि उप-समिति


सरस्वती पुरी
संयोजक


त्रिभुवन बि.सी.
सदस्य


दिपेन्द्र कुमार बुढा
सदस्य

## सेवाकेन्द्र संयोजक


तिर्थराज गिरी
संयोजक
कालागाउँ सेवाकेन्द्र


राधा कार्की
संयोजक
एयरपोर्ट सेवाकेन्द्र


यामराज गिरी
संयोजक
कालुञ्चोक सेवाकेन्द्र


सौगात रावत
संयोजक
बजार सेवाकेन्द्र


धर्मा सुवेदी
संयोजक
पिपिरा सेवाकेन्द्र


सदस्य ज्यूहरुबाट बिहानी काउन्टर उद्घाटन


बाल सदस्यलाई जन्मदिनमा उपहार दिँदै

# व्यवस्थापन समूह


हिमलाल गौतम
व्यवस्थापक


मित्रेन्द्रनाथ योगी
सहायक व्यवस्थापक


प्रेम आचार्य
सेवाकेन्द्र प्रमुख


बसन्त बहादुर बुढा
लेखा तथा प्रशासन विभाग प्रमुख


टिका पुरी
सेवाकेन्द्र प्रमुख


सुरज चपाई
लेखापाल


लक्ष्मी रावत
नगद सहायक


रविन्द्र सापकोटा
ऋण सहायक


भोजप्रसाद आचार्य
ऋण सहायक


रेखा सिंह
सुचना, प्रविधि सहायक


मनकुमारी पोखरेल
नगद सहायक


कल्पना गौतम (पाण्डे)
नगद सहायक


विष्णु दाहाल
ऋण सहायक


मिलन भेदी
ऋण सहायक


अनु बस्नेत
नगद सहायक


सागर गिरी
नगद सहायक


अमृता गिरी
नगद सहायक


गिता गिरी
बचत तथा ऋण सहायक


भुवन ढकाल
ऋण सहायक


अस्मिता घर्ती मगर
बचत तथा ऋण सहायक


रविन गौतम
ऋण सहायक


तारा वि.क.
बजार सहायक


कविता भारती
बजार सहायक


टिका शर्मा देवकोटा
बजार सहायक


विष्णा पाण्डे
बजार सहायक


सृजना कंडेल
बजार सहायक


रेजीना बुढा
बजार सहायक


तुल्सी राना थापा
बजार सहायक


मन बहादुर रोकाय
कार्यालय सहयोगी


पर्शुराम गौतम
कार्यालय सहयोगी


पवन योगी
कार्यालय सहयोगी


भुपेन्द्र ब. बोगटी
कार्यालय सहयोगी तथा माली

संस्था दर्ता नं. ६१(१७) ०५५/०५६

पान नं.: ३०३२९१९०१

आवद्धता

नेफस्कून

NCBL

# जनहितकारी

## बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चलानी नं.:

मिति : २०८२/०८/०७

**आदरणीय शेयर सदस्यज्यूहरू,**

### विषयः वार्षिक साधारणसभामा सहभागी हुने बारे सूचना ।

साधारणसभा सञ्चालन कार्यविधि, २०८० को दफा (१४), मिति २०८२ भदौ १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय र २०८२ मंसीर ६ गते बसेको बैठकले गरेको संसोधित कार्यतालिका अनुसार यस संस्थाको २७औं वार्षिक साधारणसभा तपसिलको मिति, समय र स्थानमा सम्पन्न गर्न लागिएको हुँदा तोकिएका कार्यसूची माथि छलफल र निर्णय गर्न सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**२७औं वार्षिक साधारणसभामा प्रस्तुत हुने प्रस्तावहरु :**

१. समिति, उपसमितिका वार्षिक प्रतिवेदनहरु तथा प्रस्तावित नीति, कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा,
२. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. वाह्य लेखा परीक्षकको प्रतिवेदन सम्बन्धमा,
४. आ.व. २०८१/०८२ को सम्पत्ती शुद्धीकरण तथा निवारण सम्बन्धी वार्षिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा,
५. व्यवस्थापकको पारिश्रमिक अनुमोदन सम्बन्धमा,
६. सञ्चालक समितिको निर्णयहरु अनुमोदन सम्बन्धमा,
७. नियमनकारी निकायहरुको सुझाव तथा निर्देशन सम्बन्धमा,
८. संस्थाको आन्तरिक नीति तथा कार्यविधिहरु निर्माण, संशोधन वा पुनर्लेखन प्रस्ताव पारित गर्ने सम्बन्धमा,
९. लाभांश तथा संरक्षित पूँजीकोष वितरण सम्बन्धमा,
१०. आ.व.०८२/०८३ का लागि बाह्य लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा,
११. सेवाकेन्द्र एकीकरण सम्बन्धमा,
१२. कर्मचारीको दरवन्दी स्वीकृत गर्ने सम्बन्धमा,
१३. सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा,
१४. सदस्यहरुको तर्फबाट प्रश्न तथा सुझावहरु सम्बन्धमा,
१५. कार्यसूचीमा थप भएको प्रस्तावहरु सम्बन्धमा,
१६. संस्था एकीकरण सम्बन्धमा,
१७. साधारणसभाको निर्णय पुस्तिका प्रमाणीकरण गर्ने प्रतिनिधिहरु चयन सम्बन्धमा ।

**तपसिल**

**मिति : २०८२ साल मंसिर २० गते शनिवार**
**समय : विहान ठिक १०:३० बजे**
**स्थान : जनहितकारी साकोस, वीरेन्द्रनगर–४, कालागाउँ, सुर्खेतको प्राङ्गण ।**

.......................
**नवराज कंडेल**
अध्यक्ष

वीरेन्द्रनगर-४, कालागाउँ, सुर्खेत
फोन नं.: ५२१५६२, ०८३-५२३८७५
www.janahitkari.org.np

# जनहितकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**वीरेन्द्रनगर–४, कालागाउँ, सुर्खेत**

# २७औं वार्षिक साधारणसभा

**२०८२ मंसिर २० गते**

## कार्यक्रम तालिका

### प्रथम सत्र (उद्घाटन)

१. आसन ग्रहण
२. व्याज वितरण
३. स्वागत मन्तव्य
४. मुख्य अतिथिबाट समुद्घाटन
५. राष्ट्रिय गान तथा मौनधारण
६. सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुति
७. कोषाध्यक्षको आर्थिक प्रतिवेदनको प्रस्तुति
८. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुति
९. मन्तव्य (अतिथिज्यूहरुबाट)
१०.मुख्य अतिथिज्यूको मन्तव्य
११. सभापतिबाट प्रथमसत्रको समापन ।

**जलपान**

### दोश्रो सत्र (छलफल तथा निर्णय

**आसन ग्रहण**

१. समिति, उपसमितिका वार्षिक प्रतिवेदनहरु तथा प्रस्तावित नीति कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा,
२. आन्तरिक लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. वाह्य लेखा परीक्षकको प्रतिवेदन सम्बन्धमा,
४. आ.व.२०८१/०८२ को सम्पत्ति शुद्धीकरण तथा निवारण सम्वन्धी वार्षिक प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा,
५. व्यवस्थापकको पारिश्रमिक अनुमोदन सम्बन्धमा,
६. सञ्चालक समितिको निर्णयहरु अनुमोदन सम्बन्धमा,
७. नियमनकारी निकायहरुको सुझाव तथा निर्देशन सम्बन्धमा,
८. संस्थाको आन्तरिक निती तथा कार्यविधिहरु निर्माण,संशोधन वा पुर्नलेखन प्रस्ताव पारित गर्ने सम्बन्धमा,
९. लाभांश तथा संरक्षित पूँजीकोष वितरण सम्बन्धमा,
१०. आ.व.०८२/०८३ का लागि वाह्य लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा,
११. सेवाकेन्द्र एकिकरण सम्बन्धमा,
१२. कर्मचारीको दरवन्दी स्वीकृत गर्ने सम्बन्धमा,
१३. सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा,
१४. सदस्यहरुको तर्फबाट प्रश्न तथा सुझावहरु सम्बन्धमा,
१५. कार्यसूचीमा थप भएको प्रस्तावहरु सम्बन्धमा,
१६. संस्था एकिकरण सम्बन्धमा,
१७. साधारणसभाको निर्णय पुस्तिका प्रमाणीकरण गर्ने प्रतिनिधिहरु चयन सम्बन्धमा ।

# यस प्रतिवेदन पूस्तकभित्र


- संस्थाको सङ्पक्षिप्त परिचय
- सञ्चालन समितिको प्रतिवेदन
- कोषाध्यक्षको आर्थिक प्रतिवेदन
- स्वतन्त्र लेखापरिक्षण प्रतिवेदन
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
- सम्पत्ति शुद्धीकरण तथा निवारण सम्वन्धी वार्षिक प्रतिवेदन
- ऋण उपसमितिको प्रतिवेदन
- शिक्षा उपसमितिको प्रतिवेदन
- कोलुम र पाई चार्ट

# संस्थाको सङ्क्षिप्त परिचय

**१. संस्थाको नाम** : जनहितकारी वचत तथा ऋण सहकारी संस्था लिमिटेड
**२. संस्था स्थापना मिति** : २०५५ पौष १८ गते
**३. दर्ता मिति** : २०५६ जेष्ठ ६ गते (डिभिजन सहकारी कार्यालय, बांके)
**४. संस्थाको दर्ता नम्वर** : ६१/१७(०५५/०५६)
**५. स्थायी लेखा नं.** : ३०३२९१९०१
**६. सदस्य सङ्ख्या** : १०,३६९ महिला : ५,५५३ पूरूष : ४,७८५ संस्थागत : ३१
**७. कार्य क्षेत्र** : वीरेन्द्रनगर नगर नगरपालिकाको सवै वडा
**८. लगानीका क्षेत्रहरू** : कृषि व्यावसाय ऋण
पशुपन्छी ऋण
व्यापार व्यावसाय ऋण
सम्पत्ति व्यवस्थापन ऋण
वैदेशिक रोजगार ऋण
सेवा व्यावसाय ऋण
सामाजिक संस्कार ऋण
घरेलु उद्योग व्यवसाय ऋण
हायरपर्चेज ऋण
शैक्षिक ऋण
आपतकालीन ऋण
शेयर तथा बचत जमानी ऋण
स्वास्थ्य उपचार ऋण
कर्मचारी सहुलियत ऋण

**९. लगानीका प्राथामिकता :**

- लामो समयदेखि निरन्तर रूपमा बचत गर्ने सदस्यबाट प्राप्त आवेदन,
- नियमित रूपमा ऋण भुक्तानी गर्ने सदस्य,
- साना आकारका ऋणहरू,
- साना तथा घरेलु उद्योग सञ्चालनका लागि आवेदन गरिएको ऋण,
- संस्थामा कुनै पनि विधामा उत्कृष्टता प्राप्त गरेको सदस्यबाट माग भएको ऋण (जस्तैः उत्कृष्ट ऋणी सदस्य, नियमित किस्ता बुझाउने सदस्य, नियमित मासिक बचत गर्ने, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट व्यवसायी, उत्कृष्ट उद्यमी, सर्वाधिक शेयर खरिद आदि)
- ऋणीको चरित्र तथा आर्थिक अनुशासन,
- प्राकृतिक प्रकोप, दुर्घटना जस्ता आकस्मिक सङ्कटमा परेको,
- आफ्नै शेयर तथा वचत धितो राखी ऋण माग गर्ने,
- प्रथम पटक ऋण माग गर्ने,
- संस्थाले विपन्न वर्गमा वर्गीकृत गरेको सदस्य,
- उदेश्यसँग सम्बन्धित सीप अनुभव भएको,
- उत्पादनमूलक व्यावसायमा माग गर्ने ऋणहरू,
- ऋणमाग फाराम दर्ता भएको मिति ।

**१०. कर्मचारी सङ्ख्या** : ३१ जना (महिला : १७ पुरूष : १५)

११. **संस्थाको वित्तीय अवस्था** (आ.व.२०८१/०८२)

- शेयर पूजी : रू. ८,०६३,६१००।००
- जगेडा कोष : रू. ५,४७,५२,७१५।८१
- कुल सम्पत्ति : रू. १,०४,३०,२७,७६१।२१
- ऋण लगानी : रू. ७५,४९,४२३८३।४१
- कुल बचत : रू. ८८,३५,०२,९१९।६६
- जग्गा : रू.१,१०,१३,२३५।०० (क्षेत्रफल : ०-८-०)
- भवन : रू. १,०८९८१४९।३७ (९६१.६४ वर्ग फिटको ३ तलाको पक्की भवन)

१२. **संस्थाको भौतिक व्यवस्थापन :**

(१) **मुख्य कार्यालय :**

(क) ८ कटठा कम्पाउण्ड सहितको जग्गामा तिन तले पक्की भवन (साथमा व्यवस्थापक कक्ष, नगद काउन्टर, लेखा फाँट, ऋण फाँट, सोधपुछ कक्ष, सञ्चालक समिति कक्ष, सभा हल लगाएत विभिन्न फाँटहरू)

ख) उपकरणहरू : ५ थान कम्प्युटर, ७ थान ल्यापटप, ७ थान प्रिन्टर तथा फोटोकपी मेसीन, २ थान प्रोजेक्टर, २ सेट पावर व्याकअप, १ सेट सी.सी. टि.भि, क्यामरा १ थान, १ थान नोट काउन्टिङ मेशिन, १ थान इलेट्रोनिक्स हाजिरी मेसिन तथा आवश्यक फर्निचरहरू।

(२) **सेवा केन्द्र वीरेन्द्रनगर-६, बजार**

(क) सेवा केन्द प्रमुख कक्ष, नगद काउन्टर, सोधपुछ कक्ष लगाएत विभिन्न फाँटहरू

(ख) उपकरणहरू : ३ थान कम्प्युटर, १ थान ल्यापटप, ३ थान प्रिन्टर तथा फोटोकपि मेशिन, १ सेट पावर व्याकअप, १ सेट सी.सी. टि.भि. नोट काउन्टिङ्ग मेशिन तथा आवश्यक फर्निचरहरू

(३) **सेवा केन्द्र वीरेन्द्रनगर-११, पिपिरा**

(क) सेवा केन्द प्रमुख कक्ष, नगद काउन्टर, सोधपुछ कक्ष, लगाएत विभिन्न उपसमिति फाँटहरू

(ख) उपकरणहरू : २ थान कम्प्युटर, १ थान प्रिन्टर तथा फोटोकपि मेशिन, १ सेट पावर व्याकअप, १ थान सी.सी. टि.भि. क्यामेरा तथा आवश्यक फर्निचरहरू

(४) **सेवा केन्द्र वीरेन्द्रनगर-१०, एयरपोट**

(क) सेवा केन्द प्रमुख कक्ष, नगद काउन्टर, सोधपुछ कक्ष, स्टोर र ऋण फाँट

(ख) उपकरणहरू : ३ थान कम्प्युटर, २ थान ल्यापटप, २ थान प्रिन्टर तथा फोटोकपि मेशिन, १ सेट पावर व्याकअप, १ थान सी.सी. टि.भि. क्यामेरा तथा आवश्यक फर्निचरहरू

(५) **सेवा केन्द्र वीरेन्द्रनगर-८, कालुङ्गचोक**

(क) सेवा केन्द प्रमुख कक्ष, नगद काउन्टर, सोधपछ कक्ष, स्टोर र ऋण फाँट

(ख) उपकरणहरू : १ थान कम्प्युटर, १ थान प्रिन्टर तथा फोटोकपि मेशिन, १ सेट पावर व्याकअप, १ सेट, सी.सी. टि.भि. क्यामेरा तथा आवश्यक फर्निचरहरू

१३. **प्रविधिको प्रयोग :**

संस्थाको हिसाब किताबलाई कम्प्युटर सफ्टवयरमा अभिलेख राखिएको, संस्थाको आफ्नो वेव साईट, फेसबुक, युवटुव र एस.एम.एस सेवा लगाएत मोबाईल एप्लिकेसन तथा प्रभु रेमिटान्स, आई. एम. ई.हिमाल रेमिट सेवाबाट रकम स्थानन्तरण गर्नुका साथै युटिलिटि सेवाहरू उपलव्ध, तथा एस. एम. एस बाट सुचना प्रवाह गर्ने गरिएको छ भने सदस्यलाई ए.टि.एम कार्ड वितरण गरिएको छ।

**१४. सदस्य केन्द्रित सेवाहरू :**

- व्यवसायिक तालिमहरू
- सदस्य दुर्घटना वीमा
- विपन्न वर्गका छोराछोरीलाई छात्रवृति
- सदस्यहरूलाई विभिन्न विद्यामा पुरस्कार तथा सम्मान
- मृत्यु संस्कारका लागि राहत तथा श्रदाञ्जली
- अपाङ्ग तथा ज्येष्ठ सदस्य २/२ जनालाई वार्षिक भत्ता प्रदान
- महिला सदस्यहरूलाई सुत्केरी पोषण खर्च प्रदान
- जेष्ठ सदस्यहरूलाई वार्षिक रूपमा सम्मान
- सदस्यहरूका छोराछोरीहरूलाई पुरस्कार तथा प्रोत्साहन
- बालबालिकाहरूको जन्मदिनमा उपहार प्रदान
- विद्यालय स्तरीय परीक्षामा उत्कृष्ठ अङ्क ल्याउनेलाई पुरस्कार तथा सम्मान

**१५. समुदाय केन्द्रित सेवाहरू :**

- जनहित युवा क्लव, जनहितबालविकास केन्द्र तथा जनप्रिय माध्यमिक विद्यालयको स्थापना,
- सामाजिक सेवा तथा राहत वितरण
- अशक्त, असहाय, गरिव तथा दैवीप्रकोपबाट पिडित व्यक्तिहरूलाई आर्थिक सहयोग,
- सहकारी तथा कला सस्कृति लगायत विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मान,
- विभिन्न चेतनामूलक तथा जागरण सम्बन्धी कार्यक्रमको सञ्चालन,

**१६. सम्मान तथा पुरस्कार :**

- जिल्ला बचत तथा ऋण सहकारी संघबाट उत्कृष्ठ संस्थाको रूपमा प्रशंसा पत्र (४८ औं राष्ट्रिय सहकारी दिवस २०६१)
- डिभिजन सहकारी कार्यालय सुर्खेतबाट उत्कृष्ठ संस्थाको रूपमा प्रशंशा पत्र (राष्ट्रिय सहकारी दिवस २०६४)
- राष्ट्रिय सहकारी संघबाट उत्कृष्ठ सहकारी पुरस्कार-२०६६ (अन्तराष्ट्रिय सहकारी दिवस)
- उत्कृष्ठ सहकारी व्यवसाय पुरस्कार-२०६६ (राष्ट्रिय सहकारी बैक)
- कर्णाली प्रदेश स्तरीय उत्कृष्ट सदस्य सहकारी संस्था पुरस्कार-२०७४ (नेफ्स्कुन)
- मध्यपश्चिमाञ्चल विकास क्षेत्र स्तरीय सर्वोत्कृष्ट साकोस पुरस्कार-२०७० (नेफ्स्कुन)
- मध्यपश्चिमाञ्चल विकास क्षेत्र स्तरीय उत्कृष्ट सदस्य सहकारी संस्था पुरस्कार-२०७१ (राष्ट्रिय सहकारी बैक)
- उत्कृष्ट प्रविधि मैत्री सदस्य संस्था-२०७६ (नेफ्स्कुन)
- उत्कृष्ठ सहकारी व्यावसायक पुरस्कार-२०७८ (राष्ट्रिय सहकारी महासंघ)

**१७. आवद्धता :**

१. जिल्ला बचत तथा ऋण सहकारी संघ, सुर्खेत
२. जिल्ला सहकारी संघ, सुर्खेत
३. प्रदेश बचत तथा ऋण सहकारी संघ, कर्णाली प्रदेश, सुर्खेत
४. नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ, काठमाडौं
५. राष्ट्रिय सहकारी बैंक, काठमाडौं
६. स्तरीकरण कोष, काठमाण्डौं
७. प्राधिकरण

**१८.संस्थाको परिकल्पना :**

"आर्थिक, सामाजिक रूपान्तरणको सारथी सर्वोत्कृष्ट जनहितकारी"

**१९. संस्थाको मूल ध्येय :**

"प्रत्येक सदस्यहरूलाई गुणस्तरीय वित्तीय तथा ग्रैह्न वित्तीय सेवाहरू सहज, शुलभ र दिगो रूपमा उपलब्ध गराउने स्वस्थ, सक्षम एवम् प्रतिस्पर्धी संस्था"

**२०. संस्थाको उद्देश्यहरू :**

(१) संस्थामा सङ्लग्न सदस्यहरूमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने,
(२) नियमित रूपमा सदस्यहरूबाट निक्षेप प्राप्त गर्नुका साथै उनीहरूले गरेका निक्षेपमा प्रतिस्पर्धात्मक दरमा व्याज दिने,
(३) सदस्यहरूको व्यक्तिगत एवम् सामूहिक क्षमता अभिबृद्धि गरी स्वावलम्वी एवम् आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने,
(४) उत्पादनशील, आयमूलक, सिपमूलक उद्देश्यका लागि सदस्यहरूलाई उचित व्याजदरमा ऋण प्रदान गर्ने,
(५) सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरू मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने,
(६) सदस्यहरूको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुऱ्याउने खालका सेवामूलक कार्यक्रमहरू सञ्चालन गरी सहकारिताको महत्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने,
(७) संस्थामा सङ्लग्न सदस्यहरू र जनसमुदायबीच स्वावलम्बन, पारस्परिक सहयोग गर्ने संस्कारको विकास गर्ने,
(८) सदस्य तथा समुदायका लागि आवश्यक गुणस्तरीय वस्तु तथा सेवाहरूलाई सर्वसुलभ तरिकाबाट उपलब्ध हुने व्यवस्था मिलाउने,
(९) नवीनतम् प्रविधिको प्रयोग गरी छिटो, छरितो र विश्वसनीय वित्तीय सेवा दिने व्यवस्था मिलाउने,
(१०) आत्मनिर्भरता तथा आत्मविश्वास अभिवृद्धिका लागि सदस्यहरूलाई उत्प्रेरित गर्ने,
(११) सदस्यहरूलाई आय आर्जन क्षमतामा वृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलब्ध गराउने,
(१२) सहकारी अभियानको नेतृत्व तथा व्यावसायिक प्रवर्द्धनका लागि गठित संघ, संगठन तथा सञ्जालहरूमा आबद्ध हुने,
(१३) आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरूसँग सहयोगात्मक सम्बन्ध कायम राख्ने,
(१४) सदस्यहरू तथा संस्थाको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियम, मापदण्डहरू र यस विनियममा व्यवस्था भए बमोजिम चल, अचल सम्पत्ति आर्जन गर्ने, हस्तान्तरण गर्ने, धरौटी राख्ने, बन्धक राख्ने आदि कार्य गर्ने,
(१५) संस्थाको थप आय स्रोत वृद्धिका लागि उपयुक्त आय आर्जन परियोजना सञ्चालन गर्ने,
(१६) समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहको आर्थिक, सामाजिक, सास्कृतिक उत्थानमा सहयोग पुऱ्याउने,
(१७) प्रचलित कानुन बमोजिम संस्थाले उपभोग गर्न पाउने छुट तथा सहुलियत सुविधाहरूको उपभोग गर्ने,
(१८) समुदायभित्र सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य, पर्यावरण संरक्षणका क्रियाकलापहरू सञ्चालन गर्ने,
(१९) कुनै पनि दातृ निकायबाट कुनै निःशर्त प्राप्त हुने अनुदानलाई स्वीकार गर्ने,
(२०) सहकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न संघ/संस्था तथा बैकहरूबाट ऋण लिने र अधिकतम सदुपयोग गर्ने,
(२१) सदस्यहरूमा केन्द्रित भई बिमा अभिकर्ता भई काम गर्ने तथा सम्बन्धित निकायको अनुमतिमा सदस्यहरू बीच लघुबिमा सञ्चालन गर्ने,
(२२) कर्मचारी तथा सदस्यहरूलाई संस्था प्रति प्रतिवद्ध तथा असल कार्यमा उत्साहित बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने,
(२३) समाजमा विशेष योग्दान पुऱ्याउने व्यक्ति तथा संस्थाहरूलाई थप उत्साहित बनाउन आवश्यक योजना बनाउने,

(२४) सदस्यहरूको व्यक्तिगत जीवनमा आइपर्ने अप्ठ्यारा परिस्थितिहरूमा सहयोग पुग्न सक्ने कार्यक्रम सञ्चालन गर्ने ।

२१. **संस्थाको कार्यहरू :**

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रबर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,

(च) संस्थाको व्यावसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वा दर्ता गर्ने तथा नियमन गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) संस्थाको स्वीकृत नीतिअनुसार सदस्यहरूबाट बचत सङ्कलन गर्ने,

(झ) संस्थाको स्वीकृत नीतिअनुसार सदस्यहरूलाई ऋण लगानी गर्ने,

(ञ) ऐन तथा विनियममा व्यवस्था भए बमोजिम संस्थाको शेयर बिक्री गर्ने,

(ट) ऐन, नियमावली र विनियमको अधिनमा रही अन्य संघ, संस्थाहरूबाट ऋण लिने र दिने,

(ठ) सहकारिताबारे सदस्यहरूको चेतना जगाउने क्रियाकलाप सञ्चालन गर्ने,

(ड) सदस्यहरूलाई सिपमूलक तालिमको अवसर प्रदान गरी व्यावसायिक सिप अभिवृद्धि गर्ने,

(ढ) सदस्यहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने विविध कामहरूमा न्यूनतम सेवा शुल्क लिई वा नलिई सेवा पुऱ्याउने काम गर्ने,

(ण) सदस्यहरूलाई सूचना प्रवाह गरी व्यावसायिक ज्ञान र अवसरमा पहुँच बढाउने काम गर्ने,

(त) आफ्ना सदस्यहरूलाई सानातिना जोखिममा सहयोग पुग्ने गरी सदस्यहरूको सामूहिक सहयोग उपलब्ध गराउने संस्थागत प्रबन्ध गर्ने,

(थ) कारोवारको मुनाफाबाट केही अंश छुट्याई सदस्यहरू एवं तिनका परिवारका सदस्यहरूलाई रचनात्मक कार्यमा उत्प्रेरित गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने,

(द) विनियममा व्यवस्था भएका कोषहरूको प्रभावकारी ढङ्गले उपयोग गर्ने,

(ध) सदस्यहरूबीच विप्रेषण (Remittance) सम्बन्धी सेवा उपलब्ध गराउन विभिन्न विप्रेषण (Remittance) सम्बन्धी कम्पनीहरूको एजेन्ट वा सव एजेन्ट भई कार्य गर्ने,

(न) सदस्यहरूमा केन्द्रित रही बिमा अभिकर्ताका रूपमा काम गर्ने साथै सदस्यहरूका बीचलघु बिमा सञ्चालन गर्ने ।

(प) सदस्यहरूलाई ए.टि.एम., मोवाइल बैकिङ्ग, क्यु.आर कोड र एस.एम.एस. सेवा लगायतका विभिन्न नवीनतम् प्रविधि मार्फत कागजरहित तथा नगदरहित कारोबार गर्ने व्यवस्था मिलाउने ।

(फ) सदस्यहरूको वित्तीय तथा गैरवित्तीय लाभ प्रवर्द्धन हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ब) संस्थाको प्रशासनिक व्यवस्थापन र व्यावसायिक प्रयोजनको लागि आवश्यक जग्गा, भवन खरिद निर्माण तथा अन्य भौतिक व्यवस्थापनका कार्य गर्ने ।

(भ) संस्थाको उद्देश्य प्राप्तिका लागि प्रचलित कानुनभित्र रही आवश्यक कार्यहरू सञ्चालन गर्ने ।

(म) संस्थाका उत्कृष्ट कर्मचारी तथा सदस्यहरूलाई सम्मान एंवम् पुरस्कार प्रदान गर्ने ।

(य) समाजका विभिन्न क्षेत्रमा विशेष योग्दान पुऱ्याउने व्यक्ति तथा संस्थाहरूलाई सम्मान, पुरस्कार तथा सहयोग उपलब्ध गराउने ।

(र) संकटमा परेका सदस्यहरू, समाजका कमजोर वर्ग, निम्न आय भएका व्यक्ति र समूहलाई राहत एंवम् अन्य सहयोगको व्यवस्था गर्ने ।

(ल) विनियमका विभिन्न अन्य नियमहरूमा उल्लिखित कार्यहरू गर्ने ।



# २७ औं वार्षिक साधारणसभामा प्रस्तुत
# वार्षिक प्रगति प्रतिवेदन आ.व. २०८१/२०८२
# तथा
# आ.व. २०८२/२०८३ को लागि प्रस्तावित कार्यक्रम-२०८२

**आदरणीय शेयर सदस्यज्यूहरू,**
यस जनहितकारी बचत तथा ऋण सहकारी संस्थाले गत वर्ष असोज १७ गते देखि १९ गतेसम्म २६औं वार्षिक साधारणसभा भव्य एवम् उल्लासमय वातावरणमा सम्पन्न गऱ्यो । त्यसै गरी आज पुनः २७ औं वार्षिक साधारणसभा सम्पन्न गर्न उपस्थित भएका छौं । विगतमा जस्तै, यस साधारणसभाले पनि आ.व. २०८१/०८२ मा प्राप्त भएका उपलब्धीहरुको समीक्षा गर्नेछ, र यस आ.व.०८२/०८३ का उपयुक्त निती तथा कार्यक्रमहरु स्वीकृत गर्नेछ । यस अत्यन्तै महत्वपूर्ण एवम् गरिमामय सभामा उपस्थित सवैमा हार्दिक स्वागत एवम् अभिवादन व्यक्त गर्न चाहन्छु ।

**आदरणीय शेयर सदस्यज्युहरु,**
कोरोना कहर र आर्थिक मन्दी जस्ता विषम परिस्थतिको सामाना गरी वामे सर्दै गरेको देशको अर्थतन्त्रले पुर्णता नपाउदै पुनः अर्को विषम परिस्थति जुन देशमा विद्यमान युवाहरु (जेन्जी) आन्दोलनका कारण समग्र अर्थतन्त्र पुनः धरापमा परी समग्र देशको सरकार र निजी व्यापार व्यवसाय पनि नराम्रो संग प्रभावित भएसंगै देशका समग्र सहकारी संस्थाका छाता संगठनहरु, नियमनकारी निकायहरु र सहकारी संस्थाहरु पनि अछुतो रहन नसकेको यस प्रतिकूल सयममा पनि आज हामी संस्थाको २७ औं वार्षिक साधारण सभा भव्य र सभ्य रुपमा सफल बनाउन उपस्थित भएका छौं । समय र परिस्थतिलाई मध्यनजर गर्दै समय संगै आउने चुनौतीहरु र अवसरहरुलाई समेत हामीले उपयोग गर्नुपर्ने अवस्था छ । समग्रमा वित्तीय बजार सहकारी अभियान मैत्री थिएन, समय समयमा परिवर्तन भईरहने सरकारको नीति र कर प्रणालीले सहकारीको आम्दानीमा समेत प्रत्यक्ष असर गरेको छ । तथापि प्रतिकूल वातावरणका बीच पनि हामीले वार्षिक लक्ष्यको अधिकांश सुचकमा सफलता प्राप्त गरेका छौं ।

**आदरणीय शेयर सदस्यज्यूहरू,**
हामो समाजको तत्कालीन आवश्यकता र परिवेशमा वि.सं.२०५५ पौष १८ गते यस संस्थाको स्थापना गरी वि.सं.२०५६ जेठ ६ गते डिभिजन सहकारी कार्यालय वाँकेमा दर्ता गरे पश्चात नियमित कारोवार प्रारम्भ गरिएको पृष्ठभूमिलाई आज पुनः स्मरण गराउन चाहन्छु । यस समुदायका २६ जनाको उपस्थिति र २५ हजारको पूँजीबाट हजारौको उर्जाबाट प्रारम्भ गरिएको यस संस्थालाई समाजमा स्थापित गर्न सामना गर्नुपरेका अनेकौ चुनौतीहरुका वावजुत पनि आज हाम्रा विचमा जुन स्वरुप र आकारमा यो संस्था उभिएको छ, निश्चय नै यसले हामी सबैलाई उर्जा उत्साह थपेको छ र गौरवको अनुभूति गराएको छ । स्थापनादेखि आजसम्मका सवै वर्षहरुमा सम्पन्न साधारणसभाहरु हार्दिकतापूर्ण र उपलब्धी पूर्ण नै रहेको छ । विगतका सवै साधारणसभाबाट स्वीकृत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट प्रत्येक पछिल्ला वर्षहरुमा थप उपलव्धीहरु प्राप्त भैरहेका छन । विश्वास छ, यो २७ औं वार्षिक साधारणसभा पनि थप उपलव्धीपूर्ण हुनेछ ।

**उपस्थित सदस्यज्यूहरु,**
अब म यस सम्मानित सभामा आर्थिक वर्ष २०८१/०८२ मा भए गरेका प्रमुख वित्तीय तथा गैह्र वित्तीय गतिविधीहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(१) सांगठनिक संरचना बैठक र महत्वपूर्ण निर्णयहरू**

संस्थाको नेतृत्व, समन्वय र सुपरिवेक्षणको लागि १३ सदस्यीय सञ्चालक समिति, ३ सदस्यीय लेखा सुपरिवेक्षण समितिको व्यवस्था संस्थाको विनियममा भएको व्यवस्था बमोजिम २५ औं वार्षिक साधारणसभाबाट सर्वसम्मत रुपमा तेह्र जनाको सञ्चालक समिति र तीन जनाको लेखा सुपरीवेक्षण समिति गठन भएको सर्वविवितै छ। सञ्चालक समितिको भूमिकालाई प्रभावकारी वनाउन सञ्चालक समितिको बैठकबाट सञ्चालक सदस्यहरूको संयोजकत्वमा तालिम शिक्षा तथा सूचना, ऋण, महिला तथा वालवालिका, ज्येष्ठ सदस्य सहयोग, स्वास्थ्य तथा वातावरण, यूवा परिचालन, शेयर तथा निक्षेप उपसमितिहरू गठन भई आफ्नो जिम्मेवारीहरू निर्वाह गरिरहेका छन्। यसै गरी सेवा केन्द्रहरूको समन्वय र सुपरीवेक्षणको लागि विशेष जिम्मेवारी तोकिएको छ। संस्थाको दैनिक कार्य सञ्चालनको लागि ३२ जना कर्मचारीहरू कार्यरत रहेका छन्।

यस संस्थाको २६ औं वार्षिक साधारण सभाबाट पारित गरेका नीति तथा कार्यक्रमलाई कार्यान्वय गर्न सञ्चालक समितिका जम्मा १७ वटा बैठक सम्पन्न भएका छन्। ती बैठकहरूबाट १७२ वटा विभिन्न निर्णय भएका छन्। यससँगै लेखा सुपरीवेक्षण समितिका ५ वटा, ऋण उपसमितिका २६ वटा, अन्य उपसमितिका ३/३ वटा, व्यवस्थापन समूहको ७९ वटा बैठकहरू सम्पन्न भई विभिन्न निर्णय गरी कार्यान्वयन गरिएका छन्। यस अवधिमा सञ्चालक समितिबाट गरिएका महत्वपूर्ण निर्णयहरूलाई प्रतिवेदनको तालिका नं. २२ मा समावेश गरिएको छ भने लेखा सुपरीवेक्षण समिति तथा अन्य उपसमितिहरूबाट सम्पन्न गरिएका कार्यविवरणहरू सम्वन्धित उपसमितिका प्रतिवेदनहरूमा उल्लेख गरिएको छ।

**(२) शेयर सदस्यको अवस्था**

आर्थिक वर्ष २०८०/२०८१ मा कुल सदस्य सङ्ख्या १०,८४७ जना रहेकोमा यस आर्थिक वर्ष २०८१/०८२ को आषाढ मसान्तसम्म ४८८ जना नयाँ सदस्य थप र सदस्य परित्याग र मृत्यु वरण गरेका कुल ९६६ जना कम भई भई कुल सदस्य सङ्ख्या १०,३६९ पुगेको छ।

**(३) संस्थाको पूँजी संरचनाको अवस्था**

आर्थिक वर्ष २०८०/२०८१ मा संस्थाको कुल शेयर पूँजी रू ७ करोड ८७ लाख ६९ हजार ४ सय रुपैँया भएकोमा आर्थिक वर्ष २०८१/२०८२ को अन्त्यसम्ममा रू.१८ लाख ६६ हजार ७ सय थप भई कुल शेयर पूँजी रू ८ करोड ६ लाख ३६ हजार १ सय रुपैँया पुगेको छ। त्यसै गरी निक्षेप (वचत) तर्फ आर्थिक वर्ष २०८०/२०८१ मा यस संस्थाको कुल बचत/निक्षेप रू. ८१ करोड १३ लाख १ हजार ४ सय ३९ रूपैँया ७७ पैसा रहेकोमा समिक्षा अवधिमा रु ७ करोड २२ लाख १ हजार ४ सय ७९ रूपैँया ८९ पैसा थप भई आर्थिक वर्ष २०८१/२०८२ को अन्तसम्ममा रू. ८८ करोड ३५ लाख २ हजार ९ सय १९ रूपैँया ६६ पैसा पुगेको छ। भने संस्थागत पूँजी तर्फ आर्थिक वर्ष २०८०/२०८१ मा रू. रू. ५ करोड २४ लाख ३ सय ६६ रूपैँया ३६ पैसा रहेकोमा समिक्षा अवधिमा २३ लाख ५२ हजार ३ सय ४९ रूपैँया ४४ पैसा थप भई आ.व. २०८१/२०८२ को अन्तसम्ममा रू. ५ करोड ४७ लाख ५२ हजार ७ सय १५ रूपैँया ८१ पैसा पुगेको छ।

**(४) व्यवसाय केन्द्रित पूँजी परिचालन र रोजगारीको प्रर्वद्धन**

आ.व २०८०/०८१ को अन्तमा रू. ७१ करोड ५० लाख ९० हजार ७ सय ९८ रूपैया ८४ पैसा उठ्न वाँकी ऋण रहेकोमा आ.ब.२०८१/०८२ मा रू. ३ करोड ९८ लाख ५१ हजार ५ सय ८४ रूपैँया ५७ पैसा वृद्धि भई रू. ७५ करोड ४९ लाख ४२ हजार ३ सय ८३ रूपैया ४१ पैसा वाँकी रहेको छ। देशभर आर्थिक मन्दीको ठूलो प्रभाव सवै किसिमका व्यवसायमा परेको कारण हाम्रो संस्थाको ऋण लगानी र किस्ता असुलीमा समस्या देखा पर्‍यो। यसका वावजुत पनि संस्थाले गरेको अनुरोधलाई मनन् गरी ऋण लिनु भएका सदस्यहरूबाट व्याज भुक्तानीमा अत्यन्त सकारात्मक सहयोग प्राप्त भयो जसका कारण कुल व्याजको ८९% व्याज असुली भई संस्थाको वित्तीय अवस्था सन्तुलित रहन सम्भव भयो।

**(५) आम्दानी, खर्च र शेयर पूँजीको प्रतिफल**

समीक्षा अवधिमा भएको सदस्यलाई ऋण लगानीबाट र बैक तथा वित्तीय संस्थाबाट प्राप्त व्याज आम्दानी रू ९ करोड ९२ लाख ६९ हजार ९ सय २८ रुपैया पैसा २९ प्राप्त भएको छ, भने अन्य आम्दानी रु. ७३ लाख ६ हजार ५ सय २९ रुपैंया ५७ पैसा गरी कुल रु. १० करोड ६५ लाख ७६ हजार ४ सय ५७ रुपैंया ८६ पैसा रहेको छ। त्यसै गरी खर्च तर्फ सबैभन्दा बढी सदस्यका वचतमा व्याजको भुक्तानी रू.६ करोड ८६ लाख ३४ हजार ४ सय १८ रुपैंया ३६ पैसा खर्च भएको छ। यसै गरी ऋण जोखिम कोष खर्च रु ३१ लाख ७९ हजार ६ सय ५८ रुपैंया ३८ पैसा, सञ्चालन खर्च रु. ३ करोड ३३ लाख ६ सय १८ रुपैंया ७४ पैसा गरी यस आ.व २०८१/०८२ को कुल खर्च रू १० करोड ५१ लाख १४ हजार ६ सय ९५ रूपैंया ४८ पैसा भएको छ। उपरोक्त आम्दानी र खर्चको अन्तरबाट कर बाहेक रू १४ लाख ६१ हजार ७ सय ६२ रूपैंया ३८ पैसा खुद बचत भएको छ।

**(६) सदस्य शिक्षा कार्यक्रम तथा तालिम गोष्ठीमा सहभागिता**

संस्थाका समिति, उपसमितिका पदाधिकारी, कर्मचारी र शेयर सदस्यहरूको सिप र क्षमता विकासका लागि विगतका वर्षहरूमा जस्तै यस आ.व २०८१/०८२ मा पनि संस्थाको आन्तरीक स्रोत र वाह्य सहभागितामा विभिन्न तालिम, गोष्ठी कार्यक्रमहरूसञ्चालन गरिएका छन् भने कतिपय अन्य निकायबाट सञ्चानल गरिएका कार्यक्रमहरूमा पनि संस्थाका समिति, उपसमितिका पदाधिकारीहरू तथा कर्मचारीहरूलाई सहभागी गराईएको छ। विशेषत शिक्षा उपसमिति मार्फत ७ वटा सहकारी शिक्षा शिविर सम्पन्न भए। साथै नेफ्सकुनद्वारा आयोजना गरिएको मानव संशाधन व्यवस्थापन तालिम, कानुनी प्रक्रिया र धितो मूल्याङ्कन तालीम, राष्ट्रिय सहकारी महासंघद्वारा आयोजना गरिएको पहिलो सहकारी डिजिटल गोष्ठीमा सहभागिता र राष्ट्रिय सहकारी वैकद्वारा आयोजना गरिएको वजार प्रतिनिधिहरुको क्षमता विकास तालिममा सहभागिता रह्यो।

**(७) प्रविधि मैत्री सेवाको विस्तारमा प्राथमिकता**

प्रविधि मैत्री कारोवार आजको आवश्यकता हो। संस्थाको कारोवारलाई विश्वसनीय, पारदर्शी एवम् सुरक्षित बनाउनका लागि विगत वर्षदेखि सफ्टवयरको प्रयोग भईरहेको छ। साथै त्यसलाई समय सापेक्ष सुधार गर्दै लगिएको छ। छिटो छरितो सूचना प्रवाहका लागि यस. एम. एस सेवा, वेभसाईड, फेसवुक पेज तथा युवटुवको प्रयोग गरिएको छ। त्यसै गरी आफ्नो एनड्रोइड मोवाईलबाट जनहितकारी एप्स प्रयोग गरी रकम स्थानान्तरण गर्न, आफनो कारोवारको विस्तृत विवरण हेर्न, मोवाईल रिचार्ज गर्न, लेण्ड लाईन टेलिफोन, डिस होम र बिजुली पानीको विल भुक्तानी गर्न सकिने गरी मोवाईल वैंकिङ्ग सेवा सुचारू गरिएको छ। सदस्यहरूलाई आधुनिक विद्युतीय कारोवारको सेवा दिनका लागि बैंकबाट संस्था, संस्थाबाट बैंक, एउटा संस्थाबाट अर्को संस्था र एउटा संस्थाको सदस्यबाट अर्को संस्थाको सदस्य विच रकम स्थानान्तरण गर्न सकिने व्यवस्था गरिएको छ।

**(८) सदस्य सेवा, सहयोग र सामाजिक उत्तरदायित्व :**

संस्थाले कारोवारसँग सम्वन्धित सेवाका अतिरिक्त सदस्यहरूको व्यक्तिगत जीवनमा आइपर्ने कठिनाईहरूमा समेत आर्थिक, भौतिक तथा नैतिक सहयोग गदै आएकोछ। सुत्केरी भएका महिला सदस्यहरूलाई तत्काल सुत्केरी पोषण वापत रू.२,००० रूपैंया सहयोग गर्ने व्यवस्था अनुसार आ.व २०८१/०८२ मा पनि ७८ जनालाई कुल रू.१ लाख ५६ हजार उपलब्ध गराएको छ। साथै अशक्त अपाङ्गता भएका सदस्यहरू मध्ये २ जनालाई वार्षिक रू.१२ सय रूपैंया आर्थिक सहयोग उपलब्ध गराईएको छ। त्यसै गरी सदस्यको अन्तिम संस्कार (काजकृया) मा संस्थाको आर्थिक भौतिक एवम नैतिक सहभागिता रहने व्यवस्था अनुसार समिक्षा अवधिमा १९ जना स्वर्गीय सदस्यका शोकसन्तप्त परिवार जनलाई रू. १० हजारका दरले कुल रू. १ लाख ६१ हजार ६ सय ३० रूपैंया उपलब्ध गराईएको छ।

(९) **२६औँ स्थापना दिवस, पुरस्कार र सम्मान**
प्रत्येक वर्षको पौष १८ गतेलाई यस संस्थाले आफ्नो स्थापना दिवसको रूपमा मनाउदै आएको छ। यस महत्वपूर्ण दिनलाई स्मरणीय वनाई राख्न प्रत्येक वर्ष सप्ताह व्यापी कार्यक्रमहरूको आयोजना गर्ने गरिएको छ। सोही अनुरूप विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि २६औँ स्थापना दिवस सप्ताह व्यापी मनाउने क्रममा २०८१ पौष ११ देखि १८ गतेसम्म विभिन्न कार्यक्रमहरूको आयोजना गरी सम्पन्न गरियो। स्थापना दिवस सप्ताहको पहिलो दिन पौष ११ रक्तदान कार्यक्रम, पौष १२ गते स्वास्थ्य शिविर, पौष १३ गते हाजिरजवाफ प्रतियोगिता, पौष १४ गते युवा सचेतना कार्यक्रम, पौष १५ गते सञ्चालक, कर्मचारीको संयुक्त समिक्षा बैठक, पौष १६ गते समसामयिक विषयमा अन्तरक्रिया गोष्ठी, पौष १८ जेष्ठ सदस्य सम्मान कार्यक्रम तथा पुरस्कार वितरण कार्यक्रम सहित समापन कार्यक्रम सहित सम्पन्न गरियो।

(१०) **सम्पत्ती शुद्धीकरण निवारण तथा श्रम रोजगार ऐन निर्देशनको पालना**
नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभागबाट जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको (पहिलो संशोधन) निर्देशन, (२०७६) अनुरूप संस्थाले पुरा गर्नु पर्ने दायित्व प्रभावकारी रूपमा पूरा गर्न गराउन संस्थाले आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति व्यवस्थापन तथा साधन र स्रोत समेतको समूचित व्यवस्था मिलाईएको छ। सोही अनुरूप संस्थाले पूरा गर्नुपर्ने दायित्वमा अन्तरगत यस वर्ष १२ वटा मासिक प्रतिवेदन र ३ वटा चौमासिक प्रतिवेदन ईमेल तथा ववेसाईट मार्फत नेपाल राष्ट्र बैंक वित्तीय जानकारी एकाई तथा सहकारी विभागमा पठाईएको छ। उक्त प्रतिवेदनहरूमा ३६९ जना उच्च कारोवार गर्ने सदस्यहरूको विवरण समावेश गरी सम्बन्धित निकायमा पठाईयो त्यसै गरी बर्तमान श्रम ऐनका विभिन्न दफाहरूमा भएको व्यवस्था र श्रम नियमावली २०७५ को परिच्छेद-८ को नियम (५६) मा भएको व्यवस्था बमोजिम श्रम अडिट गरी श्रम तथा रोजगार कार्यालय वीरेन्द्रनगर सुर्खेतमा अर्धवार्षिक रूपमा प्रतिवेदन पेश गरिएकोछ।

(११) **श्रद्धाञ्जली**
यस समीक्षा अवधिमा पनि हामीले हाम्रो परिवार भित्र अत्यन्त दुखद् एवम् अतुलनीय मानवीय क्षति व्यहोर्नु परेको छ। हाम्रा आदरणीय सदस्यहरू वीरेन्द्रनगर-४ निवासी अमरबहादुर सुनार, वीरेन्द्रनगर-१ निवासी रमाकान्त पाण्डे, वीरेन्द्रनगर-४ निवासी रन्जना अधिकारी, वीरेन्द्रनगर-४ निवासी काली मगर्नी, वीरेन्द्रनगर-४ निवासी राम वहादुर वुढाथोकी, वीरेन्द्रनगर-११ निवासी चन्द्रबहादुर सुनार, वीरेन्द्रनगर-२ निवासी लालबहादुर थारु, वीरेन्द्रनगर-४ निवासी अमृता कुमारी सापकोटा, वीरेन्द्रनगर-१ निवासी रिता खडका, वीरेन्द्रनगर-३ बाल कुमारी कार्की, वीरेन्द्रनगर-४ निवासी गोपाल गौतम, वीरेन्द्रनगर-४ निवासी मन्जु चन्द ठकुरी गौतम, वीरेन्दनगर-४ निवासी ओमप्रसाद रिजाल, वीरेन्द्रनगर-३ निवासी हरिप्रसाद सापकोटा, वीरेन्द्रनगर-४ निवासी हेमप्रसाद पन्त, वीरेन्द्रनगर-११ निवासी प्रेम सिंह रोकाय, वीरेन्द्रनगर-१ निवासी वलदेव गिरी, वीरेन्द्रनगर-४ निवासी वलराम रजवार, वीरेन्द्रनगर-१२ निवासी धनिराम उपाध्याय र धन कुमारी उपाध्याय लगायत संस्थामा सूचना तथा जानकारीमा नआएका थप केही सदस्यहरुलाई समेत यस संस्थाले सधैँका लागि गुमाउनु पऱ्यो। यस अति दुखद एवम् पिडादायिक घटनाबाट जनहितकारी परिवार मर्माहित छ। यो २७औँ वार्षिक साधारणसभामा स्वर्गीय सदस्यहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु साथै मृत आत्माको चिरशान्तिको कामना सहित शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु।

**आदरणीय शेयर सदस्यज्यूहरू,**
अब म यस संस्थाको आ.व.२०८२/२०८३ का लागि प्रस्ताव गरिने नीति तथा कार्यक्रमहरूको आधारहरू तथा अवधारणगत क्षेत्रहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।
जनहितकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको दीर्घकालीन लक्ष्य, उद्देश्यहरुको प्राप्तिका लागि दोस्रो पञ्चवर्षीय व्यवसायिक योजना (२०८०/०८१-२०८४/०८५) निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ। उक्त योजनाको पूर्णताको लागि तय गरिएका अल्पकालीन लक्ष्य उद्देश्यको प्राप्तिका लागि विगतमा जस्तै आ.व २०८२/०८३ को प्रस्तावित नीति कार्यक्रम वनाउनुपर्ने अवश्यकता रहेको छ। जुन नीति तथा कार्यक्रम संस्थाको आन्तरिक र बाह्य

सफलताका लागि अपरीहार्य र प्रभावकारी हुन आवश्यक हुन्छ। त्यसैले हाम्रो यस संस्थाले स्थापनाकालदेखि नै आगामी आर्थिक वर्षका लागि आवश्यक नीति तथा कार्यक्रम र बजेट आर्थिक वर्ष प्रारम्भ हुनु पूर्व नै तर्जुमा गर्ने र साधारण सभामा पेश गरी स्वीकृति लिने नीतिगत व्यवस्था रहेको छ। व्यवस्थित नीति तथा कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयन पद्धतिका कारण नै यस संस्थाले आफ्ना सदस्यहरुका असिमित वित्तीय आवश्यकता र स्रोत साधनको सिमितताका विच उत्पन्न हुने चुनौतिहरुलाई सम्बोधन गर्न सक्षम रहेको छ।

संस्थाले नीति तथा कार्यक्रम तयार गर्दा संस्थाको विनियम, हाल संस्थाले तयार गरी सञ्चालनमा ल्याएका सबै खाले नीति, नियम तथा कार्यविधिहरु, रणनितिक योजना, साधारण सभाले गरेको निर्णय/निर्देशन, नियामक निकायहरुबाट समय समयमा जारी हुने निर्देशन तथा मापदण्ड, राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीति, सबै तहका सरकारबाट जारी ऐन, नियमहरु, अन्तर्राष्ट्रिय सहकारी मूल्य मान्यता र सिद्धान्तहरु, सयुक्त राष्ट्र संघबाट निर्देशित दिगो विकास लक्ष्य, आर्थिक सङ्कटले सदस्यमा पारेको प्रभाव लगायतका विषयहरुको आधार लिईएको छ।

यस संस्थाको बृहत्तर विकासका लागि आर्थिक वर्ष २०८२/२०८३ को वार्षिक नीति तथा कार्यक्रम बनाउँदा पनि उपर्युक्त आधारहरुसँगै निम्नलिखित अवधारणागत क्षेत्रहरुलाई प्राथमिकतामा राखेर वार्षिक नीति तथा कार्यक्रम बनाईएको छ। (१) सदस्य विस्तार र व्यवसायिक क्षमता विकास, (२) उत्पादन, प्रशोधन र बजारीकरणमा पूँजी परिचालन, (३) आन्तरिक वित्तीय स्रोत बृद्धि र परिचालन, (४) संस्थागत सुशासन र जफावदेहिता, (५) छिटो, छरितो र विश्वसनीय प्रविधि मैत्री सेवा, (६) सदस्य सेवाको गुणस्तरीयता र सेवा विस्तार, (७) आवश्यक जनशक्तिको व्यवस्थापन र क्षमता विकास, (८) भौतिक पूर्वाधार निर्माण र सुधार, (९) मान सम्मान, राहात र सामाजिक जिम्मेवारी उपर्युक्त क्षेत्रगत प्राथमिकताका आधारमा संस्थाको आर्थिक वर्ष २०८२/२०८३ को लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमलाई निम्नानुसार प्रस्तुत गरिएकोछ।

## कार्यक्रम - १
## सेयर सदस्य विस्तार तथा स्थायीकरण

**नीति तथा कार्यक्रमहरु :**

१. कार्यक्षेत्र भित्रका हरेक व्यक्तिलाई औपचारिक वित्तीय पहुँचभित्र ल्याउनका लागि वर्षभरी सदस्यता खुल्ला गरी दुई हजार पाँच सय जना नयाँ सदस्य थप गरिनेछ।

२. सहकारी अभिमुखीकरण गोष्ठी कार्यक्रम सञ्चालन गरी सदस्यता विस्तार गरिने छ।

३. संस्थाको कार्यक्षेत्रभित्र सदस्य विस्तार कार्यक्रम, चार्डपर्व विशेष कार्यक्रम सञ्चालन गरी सदस्य विस्तार गरिनेछ। सबै वर्गका समुदायहरुलाई सहज रुपमा सदस्यता प्रदान गर्नको लागि सदस्यता शुल्क छुटको व्यवस्था गरिनेछ।

४. संस्थाको वित्तीय सेवाहरुमा निष्कृय रहेका सदस्यहरुलाई सक्रिय बनाउनको लागि जनहितकारी अभिमुखीकरण सञ्चालन गरिनेछ।

५. संस्थामा आवद्ध सेयर सदस्यहरु मध्ये नियमित मासिक बचत र अन्य बचत योजनामा सक्रिय सदस्यहरुको एक लाखसम्मको दुर्घटना विमा गरिनेछ।

६. केन्द्रीय कार्यालय तथा सेवा केन्द्रहरुलाई वार्षिक लक्ष्य निर्धारण गरी सदस्यता वृद्धिगर्न अनिवार्य गरिनेछ र निर्धारित लक्ष्यमा सबै भन्दा बढी लक्ष्य हासिल गर्ने सेवा केन्द्रलाई पुरस्कृत गरिनेछ।

७. सेयर सदस्यहरुसँग अन्तरक्रिया गरी बाल बचतकर्ता आठ सय जना थप गरिनेछ।

८. निस्कृय रहेका बाल बचतकर्ताहरुलाई सक्रिय बनाउनको लागि अभिभावकसँग अन्तरक्रिया गोष्ठी कार्यक्रम सञ्चालन गरिनेछ।

९. बाल बचतकर्ताको जन्मोत्सवको उपहार स्वरुप जनहितकारी अभ्यास पुस्तिका प्रदान गरिनेछ।

१०. बाल बचतकर्ता भेला, बाल सदस्य सहकारी शिक्षा शिविर तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी बाल बचतकर्ता विस्तार गरिनेछ।

११. संस्थामा आवद्ध सदस्यहरु मध्येबाट कम्तीमा पनि दश प्रतिशत सदस्यहरुलाई सदस्य सन्तुष्टि सर्वेक्षण गरिनेछ।

१२. संस्थासँग कारोवार तथा कार्यक्षेत्र मिल्ने अन्य संस्थासँग एकिकरण गर्न पहल गरिनेछ।

## कार्यक्रम-२
## शेयर पूँजी र बचत सङ्कलन

**नीति तथा कार्यक्रमहरु :**

१. सवै सदस्यहरुलाई न्यूनतम औषत शेयर रकम पुऱ्याउनको लागी प्रोत्साहन गरिनेछ। औषत शेयर पूरा गर्ने सदस्यलाई संस्थाद्वारा प्रदान गरिने अतिरिक्त सेवाहरुमा प्राथमिकता दिईनेछ।
२. सवै सदस्यहरुलाई न्यूनतम औषत मासिक वचत रकम र न्यूनतम बचत दर बृद्धि गर्नको लागि प्रोत्साहन गरिनेछ।
३. सवै बाल बचतकर्ता सदस्यहरुलाई न्यूनतम औषत बाल बचत रकम र न्यूनतम बचत दर बृद्धि गर्न बाल सदस्यका अभिभावकसँग अनुरोध गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
४. संस्थाका बचत कार्यक्रमहरुमा निस्कृय रहेका सदस्यहरुलाई सक्रिय बनाउनको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
५. सदस्यले ऋण माग गर्दा माग गरिने ऋण रकमको न्यूनतम दुई प्रतिशत शेयर पूँजी हुनुपर्ने व्यवस्था गरिनेछ।
६. केन्द्रीय कार्यालय तथा सेवा केन्द्रहरुलाई वार्षिक लक्ष्य निर्धारण गरी शेयर पूँजी तथा बचत बृद्धि गर्न अनिवार्य गरिनेछ र निर्धारीत लक्ष्यमा सवै भन्दा बढी लक्ष्य हासिल गर्ने सेवा केन्द्रलाई पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिईनेछ।

## कार्यक्रम-३
## पूँजी परिचालन तथा पुनःसङ्कलन

**नीति तथा कार्यक्रमहरु :**

१. कार्यक्षेत्रभित्र नवप्रवर्तनमा आधारित उत्पादनमूलक उद्योग व्यवसाय सञ्चालन गर्ने सदस्यहरुलाई ऋणमा लिईने व्याजदरमा एक प्रतिशत छुट उपलब्ध गराईनेछ।
२. आफ्नो नाममा व्यवसाय सञ्चालन गरेका वा गर्न चाहने महिला सदस्यले आफ्नै नामको अचल सम्पत्ति धितोबन्धक राखी ऋण लिने महिला सदस्यको लागि ऋणमा लिईने नियमित व्याजदरमा एक प्रतिशत छुट उपलब्ध गराईनेछ।
३. कुनै पनि कारणबाट सदस्यहरुको स्वास्थ्य जोखिममा परी जिल्ला बाहिर उपचार गर्न जानुपर्ने भएमा विना धितो पचास हजार रुपैँयासम्म आपतकालीन सापटी उपलब्ध गराईने छ र उक्त सापटी तीन महिनासम्म बिना व्याजे हुनेछ।
४. नियमित रुपमा तोकिएको समयमा ऋणको किस्ता तथा ब्याज भुक्तानी गर्ने असल ऋणी सदस्यलाई पहिचान स्वरुप संस्थाले असल ऋणी प्रमाणपत्रबाट सम्मान गरिनेछ। यस किसिमका प्रमाणपत्र प्राप्त सदस्यलाई कुल व्याजमा २.५ प्रतिशत छुट र पुनः ऋण माग गरेमा ऋण लगानीको लागी पहिलो प्राथमिकता दिईनेछ।
५. संस्थाबाट ऋण लिई भाखा नघाएका वा ऋण नतिर्ने ऋणी सदस्यहरुलाई स्थानिय तहबाट प्रदान गर्ने सेवा, सुविधा रोक्का गर्नका लागि समन्वय गरिनेछ।
६. भाखा वा किस्ता नाघेको ऋण असुलीका लागि सेवा केन्द्र व्यवस्थापन समुह, व्यावसाय विभाग, व्यवस्थापन समूह, सेवा केन्द्र व्यवस्थापन उपसमिति, ऋण उपसमिति र सञ्चालक समितिबाट ताकेता गरी पाँच प्रतिशतभन्दा कम हुने गरी योजना वनाई असुली अभियान गरिनेछ।
७. ऋण लगानीलाई व्यवस्थित गर्नका लागि ऋण व्यवस्थापन प्रणालीको प्रविधिबाट सञ्चालन गरिनेछ।
८. पाँच लाख रुपैँया भन्दा माथिको ऋण लगानीमा सूचिकृत धितो मुल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराई ऋण लगानी गरिनेछ।
९. सवै ऋणका परियोजनाहरुको आवश्यकता अनुसार नियमित रुपमा अनुगमन गरिनेछ।

## कार्यक्रम : ४
## शिक्षा, तालिम र सूचना तथा प्रविधि

**नीति तथा कार्यक्रमहरुः**

१. संस्थामा आवद्ध सदस्य सङ्ख्याको कम्तिमा ३० प्रतिशत सदस्यलाई वार्षिक सहकारी शिक्षा शिविर, वित्तीय साक्षरता तालिम, सहकारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम तथा सहकारी अभिमुखीकरण तालिम प्रदान गरिने ।
२. विभिन्न निकायहरुबाट हुने सभा सम्मेलन तालिम गोष्ठी र अन्य कार्यक्रमहरुमा सञ्चालक समिति, उपसमिति तथा कर्मचारीहरुलाई यथासम्भव सहभागी गराईने ।
३. धितो मूल्याङ्कन गर्ने ईन्जिनियरहरुसँग धितो मूल्याङ्कन सम्वन्धी गोष्ठी सञ्चालन गरिने ।
४. संस्था सञ्चालनका नयाँ अनुभवहरु लिनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सञ्चालित उत्कृष्ट सहकारी संस्थाको अवलोकन भ्रमणको व्यवस्था गरिने ।
५. संस्थाले आफ्नो व्यवसायिक प्रवर्द्धन तथा सूचना प्रवाहका लागि क्यालेन्डर, ब्रोसर र क्याटलग प्रकाशन गरिने ।
६. संस्थामा सञ्चालनमा रहेका प्रविधिको आवश्यक सुधार गरी नवीनतम प्रविधिको प्रयोग गरी संस्था सञ्चालन गरिनेछ ।
७. संस्थामा आवद्ध भएका सदस्यहरुको सदस्य भएको वर्षगाँठ, जन्मदिनको शुभकामना र हरेक दिन पहिलो कारोवारी सदस्य सम्मान तथा उपहार प्रदान गरी प्रत्येक दिन फेसबुक तथा वेभसाईडमा राख्ने व्यवस्था गरिनेछ ।
८. स्थानीय तह, प्रदेश र केन्द्रमा उद्यमशीलतासँग सम्बन्धीत सिप प्रदायक निकायहरुसँग आवश्यक सम्पर्क र समन्वय गरी सदस्यहरुलाई आयआर्जन तथा व्यावसायिक विकाससँग सम्बन्धीत विभिन प्रकृतिका सीपमूलक तथा व्यावसायिक तालिमहरुको आयोजना गरिनेछ । आगामी दिनमा उद्यमी वन्न प्रतिवद्ध सदस्यहरुको भेलामार्फत सदस्यलाई थप उद्यमशील बन्न उत्प्रेरित गरिनेछ ।
९. संस्थाको सूचना प्रविधि क्षेत्रलाई प्रभावकारी बनाउन सूचना प्रविधि लेखापरीक्षण गरिनेछ ।
१०. संस्थाले कोपोमिसमा सम्पूर्ण तथ्याङ्क अध्यावधिक गरिसक्ने तथा सम्बन्धित निकायमा पठाउनुपर्ने सवै तथ्याङ्कहरु यथाशीघ्र सम्बन्धित निकायमा पठाउने व्यवस्था मिलाईनेछ ।
११. संस्थामा बचत कारोवार गर्ने सम्पूर्ण सदस्यहरुलाई मोवाइल एप्स प्रयोग गर्न उत्प्रेरित गर्ने, प्रविधिमैत्री वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।
१२. संस्थाले आफ्नो/वाह्य जनशक्तिबाट सञ्चालन हुने गरी कल सेन्टर स्थापना गरिने छ ।

## कार्यक्रम-५
## भौतिक तथा जनशक्ति व्यवस्थापन

**नीति तथा कार्यक्रमहरुः**

१. हाल सञ्चालनमा रहेका सेवा केन्द्रहरुको कारोवारलाई अध्ययन गरी सेवा व्यवस्थित गर्न एकिकृत कारोवार गरिनेछ ।
२. केन्द्रीय कार्यालयमा बत्ती आपूर्तिको लागि जेनेरेटर खरिद गरिनेछ र संस्थासँग जोडिएको जग्गा खरिद गरिने छ । साथै नयाँ हल निर्माण गरी केन्द्रीय कार्यालयलाई व्यवस्थित गरिनेछ ।
३. केन्दीय कार्यालय तथा सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि आवश्यक फर्निचर तथा उपकरण जडान गरिनेछ ।
४. संस्थामा कार्यरत कर्मचारीहरु मध्ये पन्ध्र वर्ष सेवा अवधी पार गरेका सेवा अवधी ५ वर्ष बाँकी रहेको कर्मचारी सेवा निवृत्त हुन चाहेमा गोल्डेन हेण्डचेकको व्यवस्था गरिनेछ ।
५. संस्थाको वर्तमान कार्यबोझलाई मध्येनजर गरी आवश्यक कर्मचारीको व्यवस्था गरिनेछ र संस्थामा आवश्यक कर्मचारी दरवन्दी थप घट गरिनेछ ।

६. कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन आधारमा कर्मचारीको वृत्ति विकास गरिनेछ। कर्मचारीहरुको कार्यसम्पादन क्षमता विकासका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
७. राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड र संस्थाले स्वीकृत गरेको प्रमुख कार्यकारी अधिकृत पदपूर्ति सम्बन्धी मापदण्ड अनुसार प्रमुख कार्यकारी अधिकृत करारमा नियुक्ति गरिनेछ।
८. संस्थामा दैनिक रुपमा प्रयोग हुने मसलन्द तथा छपाई सामग्री व्यवस्थापन गर्नको लागि कर्मचारी व्यवस्थापन गरिनेछ। साथै मसलन्द तथा छपाई सामाग्रीको मौज्दात व्यवस्थापनको लागि बार्षिक दरभाउपत्र आह्वाह गरिनेछ।
९. संस्थामा कार्यरत कर्मचारीको घर विदाबाट अनिवार्य १० दिन विदा बस्ने व्यवस्था मिलाईनेछ।
१०. कर्मचारीहरुलाई सुरक्षित कार्य वातावरण निर्माण गर्नको लागि सुरक्षा र स्वास्थ्य सम्वन्धी कार्यविधि निर्माण गरी श्रम तथा रोजगार कार्यालयमा दर्ता गरी लागु गरिनेछ।

## कार्यक्रम : ६
## सदस्य सेवा, मान, सम्मान, राहत तथा सामाजिक उत्तरदायित्व

**नीति तथा कार्यक्रमहरु :**

१. सदस्यहरुको सहजता र मितव्यायिताका लागि विभिन्न स्थानीय हस्पिटल, डिपार्टमेन्ट स्टोरसँग सम्झौता गरी परिचय पत्र मार्फत छुटको व्यवस्थालाई निरन्तता दिईनेछ।
२. दिवङ्गत सदस्यहरुको अन्तिम संस्कारमा सेयर सदस्यको लागत सहभागितामा बीमा मार्फत कम्तीमा कर बाहेक बिस हजार रुपैँया र बाल बचतकर्तालाई लागत सहभागिता बाहेक पाँच हजार रुपैँया राहत स्वरुप सदस्य राहत कोषबाट उपलब्ध गराईनेछ।
३. उमेर तथा सदस्यताको ज्येष्ठताको आधारमा बढीमा दुई जना जेष्ठ सदस्यहरुलाई कर बाहेक मासिक पाँच सय रुपैँया भत्तालाई निरन्तरता दिईनेछ।
४. कार्यक्षेत्र भित्र रहेका विपन्न तथा पूर्णरुपमा शारीरिक अशक्त, अपाङ्गता भएका बढीमा दुई जनालाई करबाहेक मासिक रुपमा कर बाहेक पाँच सय रुपैँया उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ।
५. महिला सदस्य सुत्केरी भएमा सुत्केरी पोषण खर्च स्वरुप कर बाहेक दुई हजार रुपैँया उपलब्ध गराईनेछ।
६. संस्थाको व्यवसाय विस्तार र प्रवर्द्धन तथा सदस्यको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले हरेक सेवा केन्द्र स्तरमा हरेक महिना गोलाप्रथाद्वारा छनोट गरी उत्कृष्ट सेयर सदस्य तथा उत्कृष्ट प्रविधि प्रयोगकर्ता घोषणा गरी सम्मान गरिनेछ।

## कार्यक्रम -७
## संस्थागत सुशासन र व्यवसायिक गुणस्तर विकास तथा सम्वन्ध र समन्वय

**नीति तथा कार्यक्रमहरुः**

१. सहकारी ऐन, नियमावली, निर्देशन र मापदण्ड बमोजिम बिनियम तथा कार्यविधिहरु संशोधन गरिनेछ।
२. सहकारी ऐन, नियमावली, निर्देशन र मापदण्ड बमोजिम तयार गरी लागु गर्नुपर्ने र संस्थालाई आवश्यक भएका कार्यविधिहरुको मस्यौदा निर्माण गरी लागु गरिनेछ।
३. संस्थालाई वित्तीय रुपमा स्वस्थ, चुस्त र व्यवस्थित गर्नको लागि पर्ल्सका सूचकलाई सुधार गर्दै लगिनेछ।
४. सहकारीका छाता सङ्गठन, सहकारी बैक, तथा अन्य नियामक निकायका सुझाब, सल्लाह र निर्देशनहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
५. संस्थामा कार्यरत कर्मचारीहरुको श्रम अडिट गरी श्रम तथा रोजगार कार्यालयलाई प्रतिवेदन पठाईनेछ।
६. कर्मचारीको उत्पादकत्व बृद्धि गर्न तथा कार्य प्रणालीलाई सुधार गर्नको लागि श्रम सम्बन्ध समिति गठन गरिनेछ।
७. सम्पत्ति शुद्धीकरण सम्बन्धी वार्षिक कार्ययोजना निर्माण गरी त्यस अनुरुप कार्य अगाडि बढाईने छ।

८. संस्थाको आर्थिक कारोवारलाई चुस्त, दुरुस्त, पारदर्शी र व्यवस्थित बनाउनका लागि आन्तरिक लेखापरीक्षकको व्यवस्था गरिनेछ।
९. संस्थाको कार्यक्षेत्र र कार्यक्षेत्र बाहिरका सहकारी संस्थाहरुको असल अभ्यासको आदान-प्रदान, क्षमता विस्तार, सशक्तीकरण र पैरवी गरिनेछ।

## कार्यक्रम-८
## वार्षिक साधारण सभा तथा स्थापना दिवस

**नीति तथा कार्यक्रमहरुः**

१. वार्षिक साधारण सभा आयोजना गरी संस्थाले गरेका गतिविधिहरुबो वारेमा सदस्यलाई जानकारी दिईनेछ।
२. दुर्घटना न्यूनीकरण तथा यातायात सुरक्षालाई मध्यनजर राख्दै ट्राफिक सचेतना सम्वन्धी कार्यक्रम गरिनेछ।
३. सवै सदस्यहरुको लागि निशुल्क स्वस्थ्य परीक्षण शिविर सञ्चालन गरिने छ।
४. सहकारी संघ, स्थानीय तह, सामाजिक संघ संस्थाहरुकाबीचमा समय सार्न्दभिक विषय वस्तु राखी कार्यक्रम सञ्चालन गरिनेछ।
५. "रक्तदान जीवन दान" भन्ने मूल ध्येयका साथ रक्तदान कार्यक्रम गरिनेछ।
६. सर्वाधिक शेयर तथा विभिन्न बचत योजना र ऋण योजनाका उत्कृष्ट तथा नियमित सदस्यहरुलाई प्रदान गर्दै आएको पुरस्कार तथा सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ।
७. महिला, बालवालिका र युवा सदस्यहरुबीच छुटा छुटै प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
८. विगतका वर्षहरुमा सम्मानित भई सकेका सदस्य बाहेकका सत्तरी बसन्त पार गरेका ज्येष्ठ सदस्यहरुलाई स्थापना दिवसको अवसरमा सम्मानित गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
९. संस्थामा आवद्ध बाल बचतकर्ताहरु मध्येबाट एस.इ.इ. र बाह्र कक्षामा सर्वाधिक अङ्क ल्याउने बाल सदस्यहरुलाई पुरस्कार तथा सम्मान गरिनेछ।
१०. अध्ययनरत विद्यालयमा उत्कृष्ट जि.पि.ए ल्याउने बाल सदस्यलाई पुरस्कार प्रदान गरिनेछ।
११. व्यावसायिक ऋण लिई सदुपयोग गर्ने उत्कृष्ट ऋण नियमावलीहरुमध्ये प्रत्येक ऋणको प्रकारमा १/१ जनालाई पुरस्कृत गर्ने नीतिलाई निरन्तता दिईनेछ।
१२. सवैभन्दा ज्येष्ठ सदस्य, संस्थापक सदस्य, सामाजिक क्षेत्र र कला तथा साँस्कृतिक क्षेत्रमा योगदान गर्ने व्यक्तित्वलाई सम्मान गर्ने परम्परालाई निरन्तरता दिईनेछ।
१३. संस्थाको ऋण लगानीमा सञ्चालित व्यवसायमा सबैभन्दा बढी रोजगारी दिने व्यवसायी सदस्यलाई पुरस्कृत तथा सम्मानित गरिनेछ।
१४. सर्वाधिक शेयर तथा विभिन्न बचत योजना र ऋण योजनाका उत्कृष्ट तथा नियमित सदस्यहरुलाई प्रदान गर्दै आएको पुरस्कार तथा सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

अत्यमा यस संस्थाको वृद्धि विकासका लागि सहयोग पुऱ्याउनुहुने आदरणीय सम्पूर्ण शेयर सदस्यज्यूहरू, नियमक निकाय, समिति, उपसमिति, कर्मचारी तथा शुभेच्छुक सम्पूर्ण नागरिक समाज प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। धन्यवाद्।

जय सहकारी !!! जय जनहितकारी !!!

**नवराज कंडेल**
अध्यक्ष
सञ्चालक समिति

# २७ औं वार्षिक साधारणसभामा प्रस्तुत
# आर्थिक वर्ष २०८१/२०८२ को वित्तीय विवरण
# तथा
# आ.व. २०८२/२०८३ का लागि प्रस्तावित वार्षिक बजेट



**आदरणीय शेयर सदस्यज्यूहरू**

आदरणयि २७ औं साधारण सभाको अध्यक्षता गरिरहनु भएका सभा अध्यक्ष महोदय, प्रमुख अथितिज्यू, अथिति ज्यूहरू, प्रेरणदायी व्यक्तित्वहरू, सेयर सदस्यज्यूहरू, विभिन्न संघ संस्थाबाट उपस्थित हुनु भएका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, अन्य उपसमितिका पदाधिकारीज्यूहरू, पत्रकार मित्रहरू, कर्मचारी साथीहरू र शुभचिन्तक महानुभावहरू ।

यस जनहितकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २७ औं बार्षिक साधारण सभामा कोषाध्यक्षको तर्फवाट गत आ.व २०८१/०८२ को आर्थिक विवरण तथा चालु आ.व २०८२/०८३ का लागि प्रस्तावित वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा निकै खुसी लागेको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

आर्थिक वर्ष २०८१/०८२ लाई फर्केर हेर्दा सहकारी अभियान निकै चुनौतीपूर्ण, समस्या केन्द्रित र उथल पुथल अवस्थामा गुज्रेको वर्षको रुपमा लिएका छौं । खासगरी सहकारीको मूल्य मान्यता र सिद्धान्त साथै वित्तीय अनुशासन बाहिर गएर सहकारी सञ्चालन गर्ने व्यक्ति र समूहको गलत प्रवृत्तिका कारण सिर्जित नकारात्मक समाचारले नागरिकहरुमा अलमल र अविश्वास पैदा गऱ्यो । कोभिड महामारी तथा विभिन्न देशमा भएको युद्धको दीर्घकालीन असर, आर्थिक मन्दी र राजनीतिक अस्थिरता, बैंक तथा वित्तीय संस्था र सहकारी विरुद्ध फैलाएको अफवाह र ऋण तिर्न पर्दैन भन्दै हिड्ने समूह, परिवर्तन भईरहने सरकारको नीति आदिका कारण व्यापार व्यवसाय आफ्नो लयमा फर्कन निकै कठिन रह्यो । जसको कारण कहिले न्यून तरलता त कहिले अधिक तरलताका कारण लगानी सङ्कुचन हुने र निष्क्रिय कर्जामा वृद्धि हुन थाल्यो । यसले समग्रतामा बैंक तथा वित्तीय संस्था र सहकारी क्षेत्रको वार्षिक योजना तथा बजेटमा प्रत्यक्ष असर पुऱ्यायो । तथापि हाम्रो संस्थागत नीति र व्यवस्थापनले लिएको रणनैतिक सुधारको कार्यक्रमले सदस्यहरु माझ आशाको किरण छरेको हामीले पाएका छौं । खासगरी सदस्यसँग मनका कुरा कार्यक्रम, ऋण असुलीमा लिएको रणनीति र नियमित सहकारी शिक्षा शिविरका कारण हाम्रो वित्तीय अवस्थामा सुधार गर्न सफल भएका छौं । सदस्य सेवा र समुदाय केन्द्रीय व्यवसायमा हामी प्रतिस्पर्धी रणनीतिका साथ अगाडि बढेका छौं । सदस्य वृद्धि, जगेडा कोष वृद्धि, बचत निक्षेप वृद्धि र कुल सम्पत्ति वृद्धि यस वर्षका सकारात्मक सूचकहरु हुन् । विगतका वर्षमा हामीले प्रस्ताव गरेका वित्तीय प्रक्षेपणहरूमध्ये धेरैले लक्ष्य हासिल गर्न सफल भएका छन् । विगतको तुलनामा संस्थाको वित्तीय संरचना सबल र सक्षम हुँदै गईरहेको पृष्ठभूमिमा रहेर गतवर्ष के-कति उपलब्धीहरू हासिल गर्न सकिय भन्ने वारे व्यापक छलफल र अध्ययन पश्चात् संस्थाका अध्यक्षज्यूद्वारा प्रस्तुत प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमको अधीनमा रही गत आर्थिक वर्ष २०८१/०८२ को आर्थिक समीक्षा तथा चालु आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित बार्षिक बजेट श्रवण गरिदिनु भई सल्लाह, सुझावको अपेक्षा राख्दछु ।

**शेयर पूँजीको अवस्था**

आर्थिक वर्ष २०८०/२०८१ मा संस्थाको कुल शेयर पूँजी रू ७ करोड ८७ लाख ६९ हजार ४ सय रुपैंया भएकोमा आर्थिक वर्ष २०८१/२०८२ को अन्त्यसम्ममा रू.१८ लाख ६६ हजार ७ सय थप भई कुल शेयर पूँजी रू ८ करोड ६ लाख ३६ हजार १ सय रुपैंया कायम भएको छ । जुन गत आर्थिक बर्ष भन्दा यस आ.व.मा

२.३७% ले बृद्धि भएता पनि कुल सम्पतिको अनुपातमा हेर्दा आ.व.२०८१/०८२ मा कुल सम्पतिको ७.७३% शेयर पूँजी कायम भएको छ । गतको तुलनामा कुल शेयर पूँजी बृद्धि भएता पनि कुल सम्पति बृद्धिको अनुपातमा कुल शेयर पूँजीको अवस्था कम नै भएकोछ । कुल सदस्य संख्यामा शेयर पूँजीको सहभागितालाई हेर्दा प्रति सदस्य औषत शेयर रू.७ हजार ५ सय रूपैंया पुग्नु पर्नेमा २३% सदस्यहरूको मात्र उक्त सिमा पूरा गरेको पाईन्छ । हाल सदस्यले किनेको शेयर पूँजीलाई कुल सम्पतिको अनुपातमा शेयर पूँजीलाई बृहत रूपमा बृद्धि गर्नुपर्ने देखिन्छ । स्वीकृत विनियम, नीति तथा कार्यविधिको व्यवस्था अनुरूपको न्यूनतम शेयर खरिद नगर्ने सदस्यलाई सदस्यता तथा शेयर नीति बमोजिमको शेयरको मापदण्ड पूरा गर्न अनुरोध गरिन्छ ।

**कोष हिसाबको अवस्था**

आ.ब.२०८०/२०८१ मा संस्थाको कुल कोष हिसावमा रू.५ करोड ७० लाख ५६ हजार ८ सय ६८ रूपैंया २१ पैसा रहेकोमा आ.ब.२०८१/२०८२ को अन्त्यमा यस संस्थाको कुल कोष हिसाबमा रू.५ करोड ७९ लाख २२ हजार २ सय ३१ रूपैंया ८९ पैसा रहेको छ । जस मध्ये जगेडा कोषमा रू. ५ करोड ४७ लाख ५२ हजार ७ सय १५ रूपैंया ८१ पैसा रहेको छ भने अन्य कोषहरूमा रू. ३१ लाख ६९ हजार ५ सय १६ रूपैंया ०८ पैसा रहेको छ । कुल वित्तीय श्रोतको ५.५५% हिस्सा जगेडा तथा अन्य कोषको रहेको छ ।

**बचत/निक्षेपको अवस्था**

आर्थिक वर्ष २०८०/२०८१ मा यस संस्थाको कुल बचत/निक्षेप रू. ८१ करोड १३ लाख १ हजार ४ सय ३९ रूपैंया ७७ पैसा रहेकोमा समिक्षा अवधिमा रु ७ करोड २२ लाख १ हजार ४ सय ७९ रूपैंया ८९ पैसा थप भई आर्थिक वर्ष २०८१/२०८२ को अन्तसम्ममा रू. ८८ करोड ३५ लाख २ हजार ९ सय १९ रूपैंया ६६ पैसा कायम भएको छ जुन गत आर्थिक बर्षमा भन्दा यस आर्थिक बर्षमा ८.९०% ले बृद्धि भएको छ । कुल सम्पतिको अनुपातमा कुल बचत/निक्षेप ८४.७१% रहेकोछ ।

**तरलताको अवस्था**

आ.ब.आ.ब.२०८०/०८१ को अन्त्यमा तरलता रकम रू.२० करोड ५५ लाख ८६ हजार ४ सय १० रूपैंया रहेकोमा आ.ब.२०८१/०८२ को अन्त्यमा तरलता रकम रू.२४ करोड ५५ लाख २१ हजार ६ सय ९० रूपैंया रहेको छ । जुन कुल सम्पतिको अनुपात हेर्दा आ.व २०८०/०८१ मा २१.४९% तरलता रहेकोमा आ.व २०८१/०८२ मा २३.५४% मा कायम रहेको छ । भने कुल बचत निक्षेपको अनुपातमा आ.व २०८०/२०८१ मा २५.३४% रहेकोमा आ.व २०८१/०८२ मा २७.७९% मा कायम रहेको छ ।

**वित्तीय लगानीको अवस्था**

संस्था आवद्ध रहेको राष्ट्रिय सहकारी बैक लिमिटेडमा रू. ५४ लाख १० हजार, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडमा रू.१२ लाख ५७ हजार ४ सय, कर्णाली प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेडमा रू.५० हजार, सुर्खेत जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडमा रू.१५ हजार, सुर्खेत जिल्ला सहकारी संघ लिमिटेडमा रू.५ हजार, र बुलबुले शित भण्डार स्टोरमा रु १ लाख ५० हजार रुपैंया गरी कुल शेयर लगानी रू. ६८ लाख ८७ हजार ४ सय रूपैंया रहेको छ । जुन कुल सम्पतिको अनुपात हेर्दा आ.व २०८०/२०८१ मा ०.६२% रहेकोमा आ.व २०८१/२०८२ मा ०.६६% मा रहेको छ ।

**ऋण लगानीको अवस्था**

आ.व. २०८०/०८१ को अन्तमा रू. ७१ करोड ५० लाख ९० हजार ७ सय ९८ रूपैया ८४ पैसा उठ्न वाँकी ऋण रहेकोमा आ.व. २०८१/०८२ मा रू. ३ करोड ९८ लाख ५१ हजार ५ सय ८४ रूपैंया ५७ पैसा वृद्धि भई रू. ७५ करोड ४९ लाख ४२ हजार ३ सय ८३ रूपैया ४१ पैसा वाँकी रहेको छ । जुन गत आर्थिक बर्षको

तुलनामा ५.५७% ले बृद्धि भएको छ । कुल सम्पतिको अनुपातमा कुल ऋण लगानीको अनुपात ७२.३८% कायम भएको छ ।

**स्थिर सम्पत्तिको अवस्था**

आ.व.आ.व.२०८०/२०८१ को अन्तमा स्थिर सम्पति अन्तर्गत कुल रू.२ करोड ५९ लाख ४७ हजार ४ सय ६० रुपैंया ४७ पैसा रहेकोमा आ.व.२०८१/२०८२ को अन्तमा जग्गा रू.१ करोड १० लाख १३ हजार २ सय ३५, भवन रू.१ करोड ८ लाख ९८ हजार १ सय ४९ रूपैंया ३७ पैसा, फर्निचर तथा फिक्स्चर रू. १० लाख १८ हजार ६ सय ८५ रूपैंया ७६ पैसा, कार्यालय उपकरण रू.२२ लाख ४२ हजार ५ सय ५३ रूपैंया ५८ पैसा, अन्य सम्पत्ति रू.१ रूपैंया र अदृष्य सम्पत्ति (ववेवसाईड, सफ्टवयर) रू. ३ लाख ३५ हजार २ सय ४९ रूपैंया ७३ पैसा गरी कुल रू.२ करोड ५५ लाख ७ हजार ८ सय ७४ रुपैंया ४४ पैसा वाकीँ रहेको छ। जुन कुल सम्पतिको अनुपातमा २.४५% रहेको छ ।

**कुल सम्पत्तिको अवस्था**

आर्थिक वर्ष २०८०/२०८१ मा कुल सम्पत्ति रू. ९५ करोड ६४ लाख ६६ हजार ४ सय ८७ रूपैंया ७२ पैसा रहेकोमा आ.व २०८१/२०८२ मा रू.८ करोड ६५ लाख ६१ हजार २ सय ७३ रूपैंया ४९ पैसा बृद्धि भई रू. १ अर्व ४ करोड ३० लाख २७ हजार ७ सय ६१ रूपैंया २१ पैसा कायम भएको छ। यसरी यस अवधिमा कुल सम्पत्तिको बृद्धिदर ९% कायम भएको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरू**

अव म आ.व २०८१/२०८२ को वास्तविक आय तथा व्ययको अवस्था पेश गर्ने अनुमति चाहान्छु ।

**आम्दानी र खर्चको अवस्था**

सदस्यलाई ऋण लगानीबाट र बैंक तथा वित्तीय संस्थाबाट प्राप्त व्याज आम्दानी रू ९ करोड ९२ लाख ६९ हजार ९ सय २८ रुपैया पैसा २९ प्राप्त भएको छ, भने अन्य आम्दानी रु. ७३ लाख ६ हजार ५ सय २९ रुपैंया ५७ पैसा गरी कुल रु. १० करोड ६५ लाख ७६ हजार ४ सय ५७ रुपैंया ८६ पैसा रहेको छ। त्यसै गरी खर्च तर्फ सबैभन्दा बढी सदस्यका वचतमा व्याजको भुक्तानी रू.६ करोड ८६ लाख ३४ हजार ४ सय १८ रुपैंया ३६ पैसा खर्च भएको छ। यसै गरी ऋण जोखिम कोष खर्च रु ३१ लाख ७९ हजार ६ सय ५८ रुपैंया ३८ पैसा, सञ्चालन खर्च रु. ३ करोड ३३ लाख ६ सय १८ रुपैंया ७४ पैसा गरी यस आ.व. २०८१/०८२ को कुल खर्च रू १० करोड ५१ लाख १४ हजार ६ सय ९५ रूपैंया ४८ पैसा भएको छ। उपरोक्त आम्दानी र खर्चको अन्तरबाट कर बाहेक रू १४ लाख ६१ हजार ७ सय ६२ रूपैंया ३८ पैसा खुद बचत भएको छ ।

**अन्य कोषको खर्च तथा कोष स्थानान्तरणको अवस्था**

आ.ब २०८१/२०८२ मा संस्थाको शेयर लाभाश रू.१५ लाख ४० हजार ८३ रूपैंया सदस्यलाई वितरण गरिएको छ भने रू. १ हजार ९९ सय ३ सय ८२ रूपैंया ११ पैसा जगेडा कोषमा स्थानान्तरण गरिएको छ। त्यसै गरी संरक्षित पूँजी फिर्ता कोष रू. ९ लाख १७ हजार ४ सय ८६ रूपैंया २६ औं वार्षिक साधारण सभाको निर्णयअनुसार जगेडा कोषमा स्थानान्तरण गरिएको छ। त्यसै गरी कर्मचारी बोनस कोषबाट रू. २ लाख ७३ हजार ४ सय १० रूपैंया ६४ पैसा कर्मचारीलाई वितरण गरिएको छ। त्यसै गरी सहकारी शिक्षा कोष रू.१ लाख ३६ हजार ७ सय ५ रूपैंया ४५ पैसा सहकारी सम्वन्धी तालिममा खर्च गरिएको छ, त्यसै गरी सहकारी प्रर्वद्धन कोष रु. १८ हजार ३ सय ४९ रुपैंया ८६ पैसा त्यसै गरी स्थिरीकरण कोष रू. १ लाख ३६ हजार ७ सय ५ रूपैंया ५३ पैसा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडले सञ्चालनमा ल्याएको स्थिरिकरण कोषमा जम्मा गरिएको छ। सहकारी विकास कोष रू. १ लाख ३६ हजार ७ सय ५ रूपैंया ४५

पैसा, सामुदायिक विकास कोष रू. १ लाख ३६ हजार ७ सय ५ रूपैंया ४५ पैसा र अन्य जोखिम कोष रू.१ लाख ३६ हजार ७ सय ५ रूपैंया ४५ पैसा जगेडा कोषमा स्थानान्तरण गरिएको छ ।

**संस्थाको राजश्वमा योग्दानको अवस्था**

संस्थाले आ.व २०८१/२०८२ मा नेपाल सरकारलाई बुझाउनुपर्ने आयकर तथा विभिन्न शीर्षकमा अग्रिम कर (टि.डि.एस.) कट्टा गरी दाखिला तथा भुक्तानी गरिएको छ ।

| क्र.सं. | कर शिर्षक | दाखिला रकम (रू.) |
|---|---|---|
| १ | आय कर | ३४७,५८९.६४ |
| २ | आकस्मिक लाभ कर | ३,७००.०० |
| ३ | आय कर (प्रा.लि) | २१,७९३.७९ |
| ४ | आय कर (ब्यक्तिगत फर्म वा एकलौटी फर्म) | ४२,८७६.११ |
| ५ | ब्याज कर | ३,८३८,५७०.७८ |
| ६ | पारिश्रमिक कर | ७६९,६४०.९० |
| ७ | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | ७,९६५.७० |
| ८ | घर बहाल कर | १०८,८१४.०० |
| ९ | लाभांश कर | ७६,१०५.६७ |
| | **जम्मा** | **५,२१७,०५६.५९** |

**आदरणीय शेयर सदस्यज्यूहरू**

अब म यस संस्थाको आ.व.२०८२/२०८३ का लागि प्रस्तावित बार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । आर्थिक वर्ष २०८२/२०८३ को वार्षिक बजेट तयार गर्दा वार्षिक नीति तथा कार्यक्रमको अधिनमा रही रणनीतिक योजना, वित्तीय स्रोत, जनशक्ति, सदस्यहरुको प्रकृति र आवश्यकता, देशको समग्र आर्थिक स्थिति, नेपाल सरकारले तय गरेको आर्थिक वर्ष २०८२/२०८३ को बजेट र नेपाल राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीति, सहकारी विभाग र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड तथा निर्देशन, आर्थिक सङ्कटको कारण सदस्यमा परेको प्रभाव, चालु आर्थिक वर्षको संशोधित परिलक्ष्य, साधारण सभाका निर्णय, सञ्चालक समितिको निर्देशन समेतलाई ध्यानमा राखी सदस्य सेवालाई केन्द्रबिन्दुमा राखेर तयार गरिएको छ । यस बजेटको कार्यान्वयनबाट सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरणमा उल्लेख्य मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

**बजेट निमार्णको न्यूनतम आधारहरु**

- वार्षिक नीति तथा कार्यक्रम
- संस्थाको हाल सञ्चालन रहेको केन्द्रीय कार्यालय तथा चार वटा सेवा केन्द्रहरुको कारोवारको स्थिती, संम्भावित सदस्यता बृद्धि अवस्था
- संस्थाको रणनीतिक व्यवसायिक योजना
- सदस्यहरुको आय स्रोत बृद्धि हुने सम्भावना र संस्था प्रतिको विश्वसनीयता
- संस्थाको साधारण सभाले गरेका निर्णय/निर्देशन
- नियामक निकायका निर्देशन, सहकारी ऐन तथा अन्य विभिन्न ऐन बमोजिमका व्यवस्थाहरु
- देशमा राजनीतिक स्थिरताले समग्र आर्थिक क्रियाकलापहरुमा पार्ने प्रभाव
- स्थानीय, प्रदेश तथा सङ्घीय सरकारबाट प्रस्तुत बजेट तथा कार्यक्रमले पार्ने प्रभाव
- हाल संस्थामा कार्यरत जनशक्तिको कार्यकुशलता र आत्मविश्वास

- संस्थाको विनियम, नीति तथा कार्यविधिहरु
- सञ्चालक समिति र उपसमितिहरुको अनुभव र क्षमता
- संस्थासँग सरोकारित क्षेत्र निकायहरुसँगको सम्बन्ध
- आर्थिक सङ्कटले सदस्यलाई पारेको प्रभाव ।

**बजेट उद्देश्यहरु**

- संस्थाको बार्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने
- छिटो, छरितो र विश्वसनीय र सहज सेवाको लागि संस्थालाई प्रविधि मैत्री वनाउने
- आन्तरीक तालिम, गोष्ठी, अध्ययन भ्रमण र बाह्य कार्यक्रमहरुमा सहभागी वनाई समिति उपसमितिको क्षमता विकास र प्रतिवद्धता बृद्धि गर्ने
- बिभिन्न प्रोत्साहानका कार्यक्रमबाट शेयर र बचतमा बृद्धि गरी आन्तरीक पूँजीलाई बलियो बनाउने
- संस्थाको प्रशासनिक तथा व्यावसायिक व्यवस्थापनलाई मितव्यी वनाउने
- विभिन्न कार्यक्रमहरुबाट सदस्यहरुको संस्थागत तथा व्यवसायिक क्षमता विकास गर्ने
- सहकारी संस्थाहरु विच एकिकरण गरी सेवाको गुणस्तर र परिमाणमा बृद्धि गर्ने ।

**बजेटका प्राथमिकता**

- पूँजी स्रोतको बृद्धि र जोखिम रहित परिचालन
- सदस्यहरुको व्यवसायिक क्षमता विकास र आवश्यक पूँजीको परिपूर्ति
- नीति, विधि र प्रविधिको समुचित व्यवस्थापन
- आन्तरीक जनशक्तिको क्षमता विकास र प्रभावकारी परिचालन
- समिति र उपसमितिको क्षमता र जवाफदेहिता बृद्धि
- संस्था एकिरण, व्यवस्थापन र प्रर्वद्धन
- आर्थिक संकटको प्रभाव न्यूनिकरण र सहयोग
- रोजगारी प्रर्वद्धनमा सहयोग ।

**बजेट कार्यान्वयनका रणनितिहरु**

- सस्थागत पूँजी बृद्धि गदै जाने र सहकारीको पूँजीको आधार मजबुत बनाउने
- समय सापक्षे नविन्तम प्रविधिमा आधारीत सेवाहरुको विकास गर्दै जाने
- धन सृजना गर्ने बचतका नयाँ क्षेत्रहरु विस्तार तथा बचत परिचालनमा जोड दिने
- बचत र ऋणहरुको विविधिकरण गर्दै न्यून दरका बचत सङ्कलन गदै जाने र सस्तो एवम् सुरक्षित लगानी गर्ने वातावराण तयार गर्ने ।

## आ.व. २०८२/२०८३ को प्रस्तावित कार्यक्रम तथा बजेट

**पूँजी तथा दायित्व**

| शीर्षक | २०८१/२०८२ को लागि प्रस्तावित बजेट | २०८२ आषाढ मसान्तसम्म वास्तविक | २०८२/२०८३ को लागि प्रस्तावित बजेट |
|---|---|---|---|
| शेयर पूँजी | ८१,३०३,३०० | ८०,६३६,१००.०० | ८८,५५४,५००.०० |
| जगेडा कोष | ५५,८९६,०३२ | ५४,७५२,७१५.८१ | ५८,११३,९०७.०० |
| अन्य कोष | ४,५७३,३०६ | ३,१६९,५१६.०८ | ४,२०६,२८६.०० |
| बचत | ८४८,६०३,११९ | ८८३,५०२,९१९.६६ | ९०७,६८३,१४८.०० |

| शीर्षक | २०८१/२०८२ को लागि प्रस्तावित बजेट | २०८२ आषाढ मसान्तसम्म वास्तविक | २०८२/२०८३ को लागि प्रस्तावित बजेट |
|---|---|---|---|
| बाह्य ऋण | - | - | - |
| भुक्तानी दिनुपर्ने | २५,९१५,४०३ | २०,९६६,५०९.६६ | ४८,३७२,८२७.०० |
| **जम्मा** | **१,०१६,२९१,१६०** | **१,०४३,०२७,७६१.२१** | १,१०६,९३०,६६८.०० |

**सम्पत्ति तथा जायजाथ**

| शीर्षक | २०८१/२०८२ को लागि प्रस्तावित बजेट | २०८२ आषाढ मसान्तसम्म वास्तविक | २०८२/२०८३ को लागि प्रस्तावित बजेट |
|---|---|---|---|
| नगद मौज्दात | ३,०४८,८७३ | ५,१३५,०५३.७७ | ३३२०७९२ |
| बैक मौज्दात | १४९,३९४,८०१ | २४०,३८६,६३६.८१ | १६२७१८८०८ |
| शेयर लगानी | ६,०९७,७४७ | ६,८८७,४००.०० | ६६४१५८४ |
| ऋण लगानी | ८२३,१९५,८४० | ७५४,९४२,३८३.४१ | ८९६६१३८४१ |
| स्थिर सम्पत्ति | २९,४७२,४४४ | २५,५०७,८७४.४४ | २७६७३२६७ |
| पाउनुपर्ने हिसाब | ५,०८१,४५५ | १०,१६८,४१२.७८ | ९९६२३७६ |
| **जम्मा** | **१,०१६,२९१,१६०** | **१,०४३,०२७,७६१.२१** | **१,१०६,९३०,६६८.००** |

**आम्दानी विवरण**

| २०८१ आषाढ मसान्तसम्म वास्तविक | २०८१/२०८२ को लागि प्रस्तावित बजेट | २०८२ आषाढ मसान्तसम्म वास्तविक | २०८२/२०८३ को लागि प्रस्तावित बजेट |
|---|---|---|---|
| ऋणबाट प्राप्त व्याज | १२०,९७४,४०५ | ९४,१९८,१४०.९५ | १३२९९३३९१ |
| ऋणबाट प्राप्त हर्जना | १६५,६२१ | १,४२४,९७४.३४ | २०८८३१४.६५२ |
| बैंकबाट प्राप्त व्याज | ९,३९९,१११ | ५,०७१,७८७.३४ | ५८८८७२४.९७२ |
| लगानीबाट प्राप्त लाभांश | ७७८,०१३ | | १८५९६४ |
| प्रवेश/सदस्यता शुल्क | २२५,००० | २०,९५१.०० | ४२७८० |
| ऋण सेवा शुल्क | ४,८०२,९९९ | ५,४८०,८६९.०० | ५४६२७७६.८ |
| कमिशन आम्दानी | ९६,००० | १५०,९४९.१८ | २२२३५.७७२ |
| हल भाडा | ४६,२०० | ९८,५००.०० | १३२००० |
| विविध | २२५,७५६ | १३०,२८६.०५ | १७९२३०.११६ |
| **जम्मा** | **१३६,७१३,१०५** | **१०६,५७६,४५८** | **१४६,९९५,४१७** |

**खर्च विवरण**

| शीर्षक | वार्षिक लक्ष्य २०८१/०८२ | २०८१/०८२ को रकमान्तरण बजेट | २०८१/०८२ को लागि संशोधित बजेट | २०८२ आषाढ मसान्तसम्म वास्तविक | २०८२/२०८३ को लागि प्रस्तावित बजेट |
|---|---|---|---|---|---|
| **क) कार्यक्रम खर्च** | ८,००१,९१६ | (२,१६७,०७१) | **५,८३४,८४५** | **५,०३५,१६८.११** | **७,४१९,०६०.३५** |
| साधारण सभा | ५,१६९,१६२ | (८००,०००) | ४,३६९,१६२ | ४,२७९,०१९.४१ | ५१३४८२३.२९ |
| बाल सदस्य जन्म उत्सव | ११२,४७० | - | ११२,४७० | ९५,११५.०० | ११४५९४.०० |

| शीर्षक | वार्षिक लक्ष्य २०८१/०८२ | २०८१/०८२ को रकमान्तरण बजेट | २०८१/०८२ को लागि संशोधित बजेट | २०८२ आषाढ मसान्तसम्म वास्तविक | २०८२/२०८३ को लागि प्रस्तावित बजेट |
|---|---|---|---|---|---|
| योजना तथा नीति निर्माण कार्यशाला गोष्ठी | १५०,००० | (१५०,०००) | - | - | १५००००.०० |
| संस्था एकिकरण कार्यक्रम | ५०,००० | (५०,०००) | - | - | ५००००.०० |
| सामाजिक सुरक्षा कार्यक्रम | ५४,००० | - | ५४,००० | १,९०५.८८ | २०२८७.०६ |
| सुत्केरी सदस्य राहात | ३३६,००० | - | ३३६,००० | १५६,०००.०० | १९४४००.०० |
| सचेतना कार्यक्रम | ३०,००० | (३०,०००) | - | - | ३००००.०० |
| श्रद्धाञ्जली राहात | ३१०,००८ | - | ३१०,००८ | १६१,६३०.०० | २२९९५६.०० |
| समीक्षा गोष्ठी | २२०,००० | - | २२०,००० | - | २२००००.०० |
| भ्रमण खर्च | ७५०,००० | (७५०,०००) | - | - | ५७५०००.०० |
| घरदैलो कार्यक्रम | ५०,००० | (५०,०००) | - | - | ०.०० |
| स्थापना दिवस | २६६,४०२ | १००,००० | ३६६,४०२ | ३४१,४९७.८२ | ३७५०००.०० |
| पूर्ण घरधुरी सदस्य घोषण कार्यक्रम | १००,००० | (१००,०००) | - | - | ०.०० |
| सहकारी दिवश | ६६,८०३ | - | ६६,८०३ | - | ७५०००.०० |
| प्रोबेशन समिक्षा बैठक | १८७,०७१ | (१८७,०७१) | - | - | ०.०० |
| बाल भेला कार्यक्रम | ५०,००० | (५०,०००) | - | - | १०००००.०० |
| पर्व विशेष कार्यक्रम | १००,००० | (१००,०००) | - | - | १५००००.०० |
| **ख) कार्यालय सञ्चालन खर्च** | **२८,९४३,१७५** | **३,६००,०००** | ३२,५४३,१७५ | **२८,२६५,४५०.६३** | **३३,३३७,९९८.२६** |
| कर्मचारी खर्च | १५,५८२,९८० | ३,०००,००० | १८,५८२,९८० | १९,५२४,४३६.२० | २१९३९५७६.०० |
| बैठक व्यवस्थापन | १,०३२,९१२ | - | १,०३२,९१२ | ७२०,०००.०० | १०२३२२०.०० |
| सफट्वयर नविकरण | ७५०,००० | - | ७५०,००० | २२६,०००.०० | ६०००००.०० |
| संस्था नवीकरण खर्च | १०९,७३१ | ५०,००० | १५९,७३१ | १५२,८७०.९८ | १४७२०५.१८ |
| मसलन्द तथा स्टेसनरी | ७८०,००० | - | ७८०,००० | ३२७,७४६.११ | ७६१३२८.२१ |
| छपाई/प्रकाशन खर्च | १,०७०,०५० | - | १,०७०,०५० | ४९६,८६२.७८ | १३८४४०५.०० |
| तालिम तथा शिक्षा | ६५०,००० | - | ६५०,००० | २९४,८१५.३१ | ६५००००.०० |
| टेलीफोन तथा फ्याक्स | ५०,०५० | - | ५०,०५० | ४३,५००.०० | ४४५५०.०० |
| विद्युत तथा खानेपानी | १९१,७५५ | - | १९१,७५५ | २३१,०५६.९० | २२९६०६.५८ |
| यातायात तथा भ्रमण | २०८,५८० | - | २०८,५८० | १८४,८००.०० | १७०८३०.०० |
| लेखापरीक्षण खर्च | २५०,००० | - | २५०,००० | १८७,०००.०० | २०३४००.०० |
| कार्यालय चिया/खाजा | ३१३,४७८ | - | ३१३,४७८ | १८३,८४०.०० | १९४८१९.९० |
| पत्रपत्रिका तथा विज्ञापन | ४७,२८७ | - | ४७,२८७ | ३७,४८०.०३ | ३७८५९.४४ |
| मर्मत सम्भार/ईन्धन | ४३७,८३१ | - | ४३७,८३१ | ३६८,३०९.२७ | ३८३७९९.८३ |
| बैक कमिसन खर्च | १२,००० | - | १२,००० | ५,०००.४४ | १०९४.५६ |
| सम्पति ह्रासकट्टी खर्च | २,१४९,२९४ | - | २,१४९,२९४ | १,८६८,७०६.०७ | २२५६७५९.१५ |

| शीर्षक | वार्षिक लक्ष्य २०८१/०८२ | २०८१/०८२ को रकमान्तरण बजेट | २०८१/०८२ को लागि संशोधित बजेट | २०८२ आषाढ मसान्तसम्म वास्तविक | २०८२/२०८३ को लागि प्रस्तावित बजेट |
|---|---|---|---|---|---|
| कार्यालय भाडा खर्च | १,२५०,००० | - | १,२५०,००० | १,०८८,१४१.०० | ११००२४६.४० |
| बिमा | ४८१,४१९ | - | ४८१,४१९ | २८१,७६४.०० | ३३८११६.८० |
| बगैचा व्यवस्थापन | १५०,००० | - | १५०,००० | २५,९४५.०० | ६७८०९.५० |
| लक्ष्मी पुजा खर्च | ५०,००० | - | ५०,००० | २९,३६३.५८ | ३५२३६.३० |
| ईन्टरनेट खर्च | २५५,८५० | - | २५५,८५० | १७२,५६१.९७ | २६६३०८.७३ |
| एस.एम.एस सेवा खर्च | १६८,९१२ | ३००,००० | ४६८,९१२ | ४३५,२६७.५६ | ५५९०१६.७० |
| बजेट निर्माण खर्च | १०,००० | - | १०,००० | - | १००००.०० |
| खातावन्दी खर्च | ७५,००० | - | ७५,००० | ७५,०००.०० | ८२५००.०० |
| व्याज छुट खर्च | २,३२१,५४२ | (१,०००,०००) | १,३२१,५४२ | - | ०.०० |
| विविध खर्च | ५४४,५०३ | १,२५०,००० | १,७९४,५०३ | १,३०४,९८३.४३ | ८५०३१०.०० |
| **ग) वित्तीय खर्च** | **७३,६८८,०६८** | **(६,४३२,९३०)** | ६७,२५५,१३९ | **६८,६३४,४१८.३६** | **७७,१५३,०६८.००** |
| बचतको व्याज खर्च | ७३,६८८,०६८ | (६,४३२,९३०) | ६७,२५५,१३९ | ६८,६३४,४१८.३६ | ७७१५३०६८.०० |
| ऋण सुरक्षण खर्च | ६,४३८,११६ | ५,०००,००० | ११,४३८,११६ | ३,१७९,६५८.३८ | ६५८८२३०.०० |
| **जम्मा खर्च** | **११७,०७१,२७४** | **-** | ११७,०७१,२७४ | **१०५,११४,६९५.४८** | **१२४,४९८,३५६.६१** |
| **खुद वचत** | **१९,६४१,८३१** | **-** | **१९,६४१,८३१** | **१,४६१,७६२.३८** | **२२४९७०६०.६७** |
| आय कर (१०%) | १,९६४,१८३ | - | १,९६४,१८३ | ३४७,५८९.६४ | २२४९७०६.०७ |
| **खुद बचत** | **१७,६७७,६४७** | **-** | १७,६७७,६४७ | **१,११४,१७२.७४** | **२०२४७३५४.६०** |

**बजेट कार्यान्वयका चुनौतिहरु**

- सहकारी सहकारी बीच अस्वस्थ प्रतिस्पर्धा हुनु,
- विगत केहि समयदेखी वित्तीय क्षेत्रमा देखिएको तरलताको उतार-चढाव,
- तरलताको उतार-चढावका कारण बचत सङ्कलन तथा ऋण लगानीको व्याजदरमा अस्वस्थ प्रतिस्पर्धाबाट पर्न सक्ने असर,
- सहकारी विभाग र नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था, सहकारी सम्बन्धी नीति तथा निर्देशनमा परिर्वतन गर्दा पर्न सक्ने असर,
- विगतको तुलनामा विप्रेषण आयातदरमा आएको कमिका कारण पर्न सक्ने असर,
- संस्थाबाट प्रदान गरेको तथा गरिने मध्यकालिन तथा दीर्घकालिन ऋणहरु वित्तीय अवस्थाका कारण समयमा भुक्तानी नहँदा पर्न सक्ने असरहरु,
- समय अनुसारको प्रविधि भित्राउन नसक्नुको साथै जनशत्तिको व्यवस्थाप नगर्न नसक्नु,
- सर्वसाधारण जनताको सहकारी क्षेत्रप्रतिको दृष्टिकोण,
- सहकरी ऐन २०७४ र नियमावली २०७५ तथा प्रादेशिक सहकारी ऐन तथा स्थानिय सहकारी ऐनको कार्यान्वयनका क्रममा पर्न सक्ने सम्भाव्य असरहरु,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा हुने आर्थिक शिथिलता एवम् मन्दीका कारण हुन सक्ने असरहरु ।

यी कारणहरुबाट संस्थामा पर्न सक्ने जोखित तथा वित्तीय उपलब्धी प्राप्तिका लागि संस्थाबाट आवश्यक सम्भावित जोखिमको व्यवस्था गर्नुको साथै सुरक्षित लगानीका विभिन्न अवसरहरुको पहिचान गर्न र सम्भावित

हानि नोक्सानी तथा जोखिम न्यून गर्न प्रस्तावित वार्षिक बजेट तयार गर्दा ध्यान दिईएको कुरा अवगत गराउन चाहान्छु ।

**आदरणीय सेयर सदस्यज्यूहरू**

यहाँहरूले प्रदान गर्नुभएको अमूल्य विश्वासका साथ वर्तमान सञ्चालक समितिलगायत मलाई प्रदान गर्नुभएको जिम्मेवारी आफ्नो क्षमता, सीप, समय र अनुभवको आधारमा रही समग्र कामहरू यस अवधिमा सम्पादन गर्ने प्रयास गरेको छु । प्रस्तुत गरिएको वित्तीय विवरणलाई सारभूत रूपमा यर्थाथको नजिक ल्याउनको लागि तपाईं सम्पूर्ण सेयर सदस्यज्यूहरूको अतुलनीय योगदान रहने कुरा अनुरोध गर्न चाहान्छु । तपाईंहरूको धेरैभन्दा धेरै यस संस्थासँग अर्थपूर्ण वित्तीय सहयात्रा भएमा मात्र यी आँकडाहरूको उपलब्धि हामीसामु आउने कुरामा दुईमत नहुन सक्छ, तसर्थ प्रस्तुत गरिएको वित्तीय विवरण र मेरो अपेक्षा भनेको तपाईं सबैको संस्थामा अर्थपूर्ण सहभागिता हो भन्ने मलाई लागेको छ । आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा राख्दै आगामी आ.व. २०८२/०८३ को लागी २,५०० शेयर सदस्य थप गरी विभिन्न श्रोतहरूबाट रू. १४ करोड ६९ लाख ९५ हजार ४ सय १७ रूपैँया आम्दानी गरी रू.१२ करोड ४४ लाख ९८ हजार ३ सय ५६ रूपैँया खर्च गरी बाँकी रकम रू. २ करोड २४ लाख ९७ हजार ६० रूपैँया नाफा गर्ने लक्ष्यका साथ अगाडि बढिरहेका छौँ । अन्तमा लेखापरीक्षक चार्टर्ड एकाउन्टेन्ट श्री प्रकाश दत्त भट्टले प्रस्तुत आ.व.२०८१/२०८२ को लेखापरिक्षण प्रतिवेदन चालु आ.व.२०८२/२०८३ को अनुमानित बार्षिक बजेट विवरण पारित गरी दिन अनुरोध गर्दछु । धन्यवाद । जय जनहितकारी सहकारी ।।।।

**संजय योगी**
कोषाध्यक्ष

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants
Bhimdatt-6, Mahendranagar, Kanchanpur

COP No.: 650
PAN No.: 305088848
Firm regd.no.: 547
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

## जनहितकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका शेयर सदस्य महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**कैफियत सहितको लेखापरीक्षकको राय:**

हामीले जनहितकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आषाढ ३२, २०८२ को वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य समष्टिगत आम्दानीको विवरण तथा सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र मुख्य लेखा नीतिहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा कैफियत सहीतको राय व्यक्त गर्ने आधार र प्रारम्भिक प्रतिवेदनमा उल्लेखित व्यहोराले पार्न सक्ने असरका बाहेक संलग्न वित्तीय विवरणहरूले जनहितकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, २०८२ आषाढ, ३२ गतेको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

**कैफियत सहीतको राय व्यक्त गर्ने आधार:**

हामीले नेपाल वित्तीय प्रतिवेदनमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरू यस प्रतिवेदनमा लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरूप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरू पुरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरूले हाम्रा राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार देहाय वमोजिम छन:**

(क) सञ्चित विदा वाफतको खर्च व्यवस्था गरी दायित्वमा देखाएकोमा उक्त दायित्वको विमाकं गणना विधि बमोजिम गणना नगरेको पाईयो ।

(ख) कर्जा नोक्सानी व्यवस्था, व्याज आम्दानीहरुको नेपाल वित्तिय प्रतिवेदनमान (NFRS) वमोजिम लेखांकन नगरेको पाईयो ।

(ग) कर्मचारी वोनस व्यवस्था वोनस ऐन वमोजिम नगरि सहकारी ऐन, २०७४ वमोजिम गरिएको पाईयो ।

(घ) सहकारी ऐन २०७४ को दफा ५० उपदफा ६ सहकारी संस्थाले वचत रकम सदस्य विच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋण पत्र वा नेपाल राष्ट्र वैकले जारी गरेको ट्रेजरी विल खरिद गर्न वाहेक अचल सम्पत्ति खरिद, पुर्वाधार निर्माण, कारोवारमा लगानी फर्म वा कम्पनि वा कुनै वैकको (सहकारी वैक वाहेक) शेयर खरिद वा अन्य कुनै प्रयाजनमा उपयोग गर्नु हुदैन भन्ने प्रावधान रहेको तर यस संस्थाले वुलवुले सित भण्डार स्टोरमा प्रतिकित्ता रु. १०० का दरले १५०० कित्ता शेयर खरिद गरि रु. १,५०,००० लगानी गरेको पाईयो ।

(ङ) सम्पत्ति तथा उपकरणको पुनर्मूल्यांकन गरिएको छैन ।

(च) मुद्धति निक्षेपमा भुक्तानी गर्न बाँकी व्याज रु. ९९,४४,५७३.११ लाई यस बर्ष खर्च देखाई दायित्व श्रृजना गरेको पाईयो उक्त खर्चलाई प्रोदभावी आधार (Accrual Basis) मा वार्षिकरुपमा लेखाङ्कन गर्नु पर्नेमा नगरेको पाईयो ।

**वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व:**

यथार्थ र उचित चित्रण गर्ने वितीय विवरणहरू तयार एवम प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। उल्लिखित उत्तरदायित्व अन्तर्गत चाहे जालसाँजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पतिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरूको छनौट तथा लागू गर्ने कार्य एवम्, परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरू पर्दछन् ।

वित्तीय विवरणहरू तयार गर्दा संस्थाको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरू खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेका छन् ।

**लेखापरीक्षकको जिम्मेवारी:**

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू तथ्यको गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्, छैनन्, भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन प्राप्त भएतापनि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरू जालसाँजी वा गल्तीबाट निम्तिन्छन्, र त्यसमा त्रुटीहरू जसले आर्थिक प्रयोगकर्ताहरूले सो विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछन्, सोलाई प्राथमिकता दिइन्छ ।

**लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू:**

- लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलस्त गरिएका कुराहरूको लेखापरीक्षणका प्रमाण प्राप्त गर्ने कार्यविधिहरू सम्पादन गरेका छौं । यसरी छनौट गरिएका कार्यविधिहरू लेखापरीक्षकको व्यवसायिक विवेकमा भर पर्दछन् । जोखिम मूल्याङ्कनका आधारमा सोको निर्धारण गरिन्छ ।
- उक्त जोखिम मुल्याङ्कन गर्दा आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सही प्रस्तुतिकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणहरूको जानकारी प्राप्त गर्ने हुन्छ ।
- लेखापरीक्षणमा चालु संस्थाको रूपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेका अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा, वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ । परन्तु भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविछिन्न नरहनपनि सक्दछ ।
- व्यवस्थापनले प्रयोग गरेको लेखा नीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वितीय विवरणहरूको समष्टीगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।
- व्यवस्थापनले तयार पारेको विवरणहरूको समग्र प्रस्तुति ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

P. Bhatta & Associates Chartered Accountants

- अन्य विषयका साथसाथै योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ ।
- स्वतन्त्रता सम्बन्धी नैतिक आवश्यकताहरूको पूर्णरूपले पालना गरिएको छ अनी शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई जानकारी गराइन्छ ।
- शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

उपरोक्त अनुसार हामीले परीक्षण गरेका वित्तीय विवरणहरूको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं:

(क) लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टीकरणहरू उपलब्ध भएका छन् ।

(ख) यस प्रतिवेदनसँग सम्बन्धित वित्तीय स्थितिको विवरण, नाफा नोक्सान विवरण तथा नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण प्रचलित कानुनलाई पालना गरी तयार भएका छन्, र संस्थाले राखेका हिसाब किताबसँग दुरूस्त रहेका छन् ।

(ग) हामीले लेखापरीक्षण गरेका श्रेष्ताहरूको आधारमा संस्थाको कारोवार सन्तोषजनक रहेको पाइयो ।

(घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरूबाट संचालक समिति कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरूद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौं ।

P. Bhatta & Associates * Chartered Accountants

...................................

प्रकाश दत्त भट्ट, एफसिए
पि. भट्ट एण्ड एशोसियट्स
स्थान: महेन्द्रनगर, कञ्चनपुर, नेपाल ।
मिति: २०८२/०६/०६
**UDIN: 250922CA00811Gmdff**

**जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि.**
**विरेन्द्रनगर - ४, सुर्खेत, नेपाल**
**वित्तीय स्थितिको विवरण**

**२०८२ आषाढ मसान्तको**

| विवरण | नोट | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|---|
| **<u>सम्पत्ति</u>** | | | |
| नगद तथा नगद सरह | ४.१ | २१५,५२१,६९०.५८ | १५५,५८६,४१०.४७ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | ३०,०००,०००.०० | ५०,०००,०००.०० |
| सदस्यलाई प्रदान गरिएको कर्जा सापटी | ४.३ | ७५४,९४२,३८३.४१ | ७१५,०९०,७९८.८४ |
| लगानी उपकरण | ४.४ | ६,८८७,४००.०० | ५,८८९,४००.०० |
| चालु कर सम्पत्ति | ४.५ | ६,४८३,६८१.४३ | १,३२६,३४२.१३ |
| सम्पत्ति तथा उपकरण | ४.६ | २५,१७२,६२४.७१ | २५,९१३,९२५.४७ |
| ख्याती तथा अभौतिक सम्पत्ति | ४.७ | ३३५,२४९.७३ | ३३,५३५.०० |
| स्थगन कर सम्पत्ति | ४.८ | २८३,१०१.८२ | ३०७,४३७.०० |
| अन्य सम्पत्ति | ४.९ | ३,४०१,६२९.५३ | २,३१८,६३८.८१ |
| **कुल सम्पत्ति** | | **१,०४३,०२७,७६१.२१** | **९५६,४६६,४८७.७२** |
| **<u>दायित्व</u>** | | | |
| सदस्यहरुको निक्षेप | ४.१० | ८८३,५०२,९१९.६६ | ८११,३०१,४३९.७७ |
| सापटी | ४.११ | - | - |
| आयकर दायित्व | ४.५ | - | - |
| नोक्सानी व्यवस्थाहरु | ४.१२ | - | - |
| स्थगन कर दायित्व | ४.८ | - | - |
| अन्य दायित्वहरु | ४.१३ | २०,९६६,५०८.६६ | ९,३३८,७७८.७४ |
| **कुल दायित्व** | | **९०४,४६९,४२८.३२** | **८२०,६४०,२१८.५१** |
| **<u>इक्विटी</u>** | | | |
| शेयर पुँजी | ४.१४ | ८०,६३६,१००.०० | ७८,७६९,४००.०० |
| जगेडा कोष | | ५४,७५२,७१५.८१ | ५२,४००,३६६.३६ |
| अन्य कोषहरु | ४.१५ | ३,१६९,५१६.०८ | ४,६५६,५०१.८५ |
| **कुल पुँजी** | | **१३८,५५८,३३१.८९** | **१३५,८२६,२६८.२१** |
| **कुल पुँजी तथा दायित्व** | | **१,०४३,०२७,७६१.२१** | **९५६,४६६,४८७.७२** |
| सम्भावित दायित्व तथा प्रतिबद्धता | ४.१६ | - | |
| प्रति शेयर खुद सम्पत्ति मुल्य | | १७१.८३ | १७२.४४ |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार
पि. भट्ट एण्ड एशोसिएट्स
चार्टड एकाउन्टेण्ट्स

P. Bhatta & Associates * Chartered Accountants *

| | | | | |
|---|---|---|---|---|
| बसन्त बहादुर बुढा | हिमलाल गौतम | संजय योगी | नवराज कंडेल | प्रकाश दत्त भट्ट, एफसिए |
| लेखा अधिकृत | प्रबन्धक | कोषाध्यक्ष | अध्यक्ष | प्रोपाइटर |

मिति : २०८२।०६।०६

**जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि.**
**विरेन्द्रनगर - ४, सुर्खेत, नेपाल**
**नाफा वा नोक्सान विवरण**
**२०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको**

| विवरण | नोट | २०८२ आषाढ ३२ सम्मको | २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१७ | ९९,२६९,९२८.२९ | १११,१९२,६०१.४४ |
| ब्याज खर्च | ४.१८ | (६८,६३४,४१८.३६) | (७५,२६७,६४१.५८) |
| **खुद ब्याज आम्दानी** | | **३०,६३५,५०९.९३** | **३५,९२४,९५९.८६** |
| शुल्क तथा कमिशन आम्दानी | ४.१९ | ७,२०८,०२९.५७ | ५,७५३,६६२.३९ |
| शुल्क तथा कमिशन खर्च | ४.२० | - | - |
| खुद शुल्क तथा कमिशन आम्दानी | | **७,२०८,०२९.५७** | **५,७५३,६६२.३९** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **३७,८४३,५३९.५०** | **४१,६७८,६२२.२५** |
| खुद व्यापार आम्दानी | ४.२१ | - | - |
| अन्य सञ्चालन आम्दानी | ४.२२ | ९८,५००.०० | ११७,७९४.४७ |
| **कुल सञ्चालन आम्दानी** | | **३७,९४२,०३९.५०** | **४१,७९६,४१६.७२** |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था | ४.२३ | ३,१७९,६५८.३८ | १०,५७०,६५६.८३ |
| **खुद सञ्चालन आम्दानी** | | **३४,७६२,३८१.१२** | **३१,२२५,७५९.८९** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.२४ | १९,५२४,४३६.२० | १२,९८५,८१६.७९ |
| अन्य सञ्चालन खर्च | ४.२५ | ११,९०७,४७६.४७ | १०,८०६,२४१.९४ |
| ह्रासकट्टि र परिशोधन | ४.२६ | १,८६८,७०६.०७ | १,९५३,९०४.०३ |
| **सञ्चालन मुनाफा** | | **१,४६१,७६२.३८** | **५,४७९,७९७.१३** |
| गैर सञ्चालन आम्दानी | | - | - |
| गैर सञ्चालन खर्च | | - | - |
| **आयकर अधिको नाफा** | | **१,४६१,७६२.३८** | **५,४७९,७९७.१३** |
| **आयकर खर्च** | ४.२७ | **३४७,५८९.६४** | **५८६,५३७.४४** |
| चालु आयकर | | ३२३,२५४.४६ | ५६६,०८६.४४ |
| स्थगन कर खर्च (आम्दानी) | | २४,३३५.१८ | २०,४५१.०० |
| **खुद नाफा/(नोक्सान)** | | **१,११४,१७२.७४** | **४,८९३,२५९.६९** |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,
पि. भट्ट एण्ड एशोसिएट्स
चार्टड एकाउन्टेण्ट्स

P. Bhatta & Associates
Chartered Accountants

| बसन्त बहादुर बुढा | हिमलाल गौतम | संजय योगी | नवराज कंडेल | प्रकाश दत्त भट्ट, एफसिए |
|---|---|---|---|---|
| लेखा अधिकृत | प्रबन्धक | कोषाध्यक्ष | अध्यक्ष | प्रोपाइटर |

मिति : २०८२।०६।०६

**जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि.**
**विरेन्द्रनगर - ४, सुर्खेत, नेपाल**
**अन्य समष्टिगत आम्दानीको विवरण**
**२०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको**

| विवरण | नोट | २०८२ आषाढ ३२ सम्मको | २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|---|
| **यस वर्षको नाफा** | | १,११४,१७३ | ४,८९३,२६० |
| **आयकर पछिको अन्य समष्टिगत आम्दानी** | | | |
| **क) नाफा/(नोक्सान) मा पुनःवर्गिकरण नगरिने वस्तुहरू** | | | |
| फेयर भ्याल्यूमा मूल्यांकन गरिएका इक्विटी उपकरणको लगानीबाट भएका नाफा/(नोक्सान) | | - | - |
| पुर्नमुल्यांकनबाट भएको नाफा/(नोक्सान) | | - | - |
| परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/(नोक्सान) | | - | - |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गीकरण नगरिने अन्य खुद विस्तृत आम्दानी** | | - | - |
| **ख) नाफा/(नोक्सान) मा पुनःवर्गीकरण गरिएका वा गर्न सकिने वुँदाहरु** | | | |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | - | - |
| नाफा/(नोक्सान) को पुन वर्गीकरण | | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न सकिने अन्य खुद समष्टिगत आम्दानी** | | - | - |
| **आयकर पछिको अन्य समष्टिगत आम्दानी** | | - | - |
| **यस वर्षको जम्मा समष्टिगत आम्दानी** | | **१,११४,१७३** | **४,८९३,२६०** |
| **यस अवधिको जम्मा समष्टिगत आम्दानी** | | **१,११४,१७३** | **४,८९३,२६०** |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,
पि. भट्ट एण्ड एशोसिएट्स
चाटंड एकाउन्टेण्ट्स

बसन्त बहादुर बुढा
लेखा अधिकृत

हिमलाल गौतम
प्रबन्धक

संजय योगी
कोषाध्यक्ष

नवराज कंडेल
अध्यक्ष

प्रकाश दत्त भट्ट, एफसिए
प्रोपाइटर

मिति : २०८२।०६।०६

**जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि.**
**विरेन्द्रनगर - ४, सुर्खेत, नेपाल**
**इक्विटीमा भएको परिवर्तनको विवरण**
**२०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको**

| विवरण | शेयर पुंजी | उचित मूल्य (Fair Value) कोष | जगेडा कोष | संरक्षित पूँजी फिर्ता कोष | सहकारी प्रर्वद्धन कोष | शेयर लाभाँश कोष | सदस्य राहत कोष | कर्मचारी बोनस कोष | सहकारी शिक्षा कोष | घाटापुर्ति कोष | सहकारी विकाश कोष | स्थिरिकरण कोष | सामुदायिक विकाश कोष | अन्य जोखिम कोष | कुल इक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८० सम्मको मौज्दात** | ७३,५२३,००० | - | ४८,३५६,१४६ | २,६१०,४५७ | १९३,१४४ | ४,६६७,४९७ | | १,१२२,५०७ | ३८८,९५८ | ७६४,६२१ | ३८८,९५८ | ३८८,९५८ | ३८८,९५८ | ३८८,९५८ | १३३,१८२,१६३ |
| समायोजन/पुनर्स्थिति | - | - | - | - | - | - | | - | - | - | - | - | - | - | - |
| यस वर्षको नाफाको वितरण | - | - | १,२२३,३१५ | ९१७,४८६ | १८,३५० | १,६४०,४६५ | | २७३,४११ | १३६,७०५ | १३६,७०५ | १३६,७०५ | १३६,७०५ | १३६,७०५ | १३६,७०५ | ४,८९३,२६० |
| फेयर भ्याल्यूमा मापन गर्दा इक्विटी उपकरणको लगानीमा नाफा/(नोक्सान) | - | - | - | - | - | - | | - | - | - | - | - | - | - | - |
| मर्जरबाट थप | | | १०१,६३४ | | | | | | | | | | | | १०१,६३४ |
| कारोबारबाट प्राप्त तथा दायित्व सारिएको | - | - | २४४,२४७ | - | - | - | १२२,९३६ | - | - | - | - | - | - | - | ३६७,१८३ |
| शेयर थप (फिर्ता घटाई) | ५,२४६,४०० | - | - | - | - | - | | - | - | - | - | - | - | - | ५,२४६,४०० |
| कोष रकमान्तर | - | - | २,४७५,०२४ | (१,२१५,२४७) | - | (९२,९०३) | | - | - | - | (३८८,९५८) | - | (३८८,९५८) | (३८८,९५८) | - |
| कोष खर्च | - | - | - | (१,३९५,२१०) | (१९३,१४४) | (४,४७५,५९४) | | (१,१२२,५०७) | (३८८,९५८) | - | - | (३८८,९५८) | - | - | (७,९६४,३७२) |
| अन्य थपघट | - | - | - | - | - | - | | - | - | - | - | - | - | - | - |
| **कुल योगदान र वितरण** | **५,२४६,४००** | **-** | **४,०४४,२२०** | **(१,६९२,९७१)** | **(१७४,७९४)** | **(२,९२८,०३२)** | **१२२,९३६** | **(८४९,०९७)** | **(२५२,२५३)** | **१३६,७०५** | **(२५२,२५३)** | **(२५२,२५३)** | **(२५२,२५३)** | **(२५२,२५३)** | **२,६४४,१०५** |
| **असार ३१, २०८१ सम्मको मौज्दात** | **७८,७६९,४००** | **-** | **५२,४००,३६६** | **९१७,४८६** | **१८,३५०** | **१,७३९,४६५** | **१२२,९३६** | **२७३,४११** | **१३६,७०५** | **९०१,३२७** | **१३६,७०५** | **१३६,७०६** | **१३६,७०५** | **१३६,७०५** | **१३५,८२६,२६८** |
| | | | | | | | | | | | | | | | |
| **श्रावण १, २०८१ सम्मको मौज्दात** | **७८,७६९,४००** | **-** | **५२,४००,३६६** | **९१७,४८६** | **१८,३५०** | **१,७३९,४६५** | **१२२,९३६** | **२७३,४११** | **१३६,७०५** | **९०१,३२७** | **१३६,७०५** | **१३६,७०६** | **१३६,७०५** | **१३६,७०५** | **१३५,८२६,२६८** |
| समायोजन/पुनर्स्थिति | - | - | - | - | - | - | | - | - | - | - | - | - | - | - |
| **श्रावण १, २०८१ सालको समायोजित/पुनस्थित मौज्दात** | **७८,७६९,४००** | **-** | **५२,४००,३६६** | **९१७,४८६** | **१८,३५०** | **१,७३९,४६५** | **१२२,९३६** | **२७३,४११** | **१३६,७०५** | **९०१,३२७** | **१३६,७०५** | **१३६,७०६** | **१३६,७०५** | **१३६,७०५** | **१३५,८२६,२६८** |
| यस वर्षको नाफाको वितरण | - | - | २७८,५४३ | २०८,९०७ | ४,१७८ | ३११,२७२ | ६२,२५४ | ६२,२५४ | ३१,१२७ | ३१,१२७ | ३१,१२७ | ३१,१२७ | ३१,१२७ | ३१,१२७ | १,११४,१७३ |
| फेयर भ्याल्यूमा मापन गर्दा इक्विटी उपकरणको लगानीमा नाफा/(नोक्सान) | - | - | - | - | - | - | | - | - | - | - | - | - | - | - |
| मर्जरबाट थप | | | - | | | | | | | | | | | | - |
| कारोबारबाट प्राप्त तथा दायित्व सारिएको | - | - | - | - | - | - | १,३०९,६२४ | - | - | - | - | - | - | - | १,३०९,६२४ |
| शेयर थप (फिर्ता घटाई) | १,८६६,७०० | - | - | - | - | - | | - | - | - | - | - | - | - | - |
| कोष रकमान्तर | - | - | २,०७३,८०६ | (९१७,४८६) | - | (१९९,३८२) | | (२७३,४११) | (१३६,७०५) | - | (१३६,७०५) | (१३६,७०६) | (१३६,७०५) | (१३६,७०५) | - |
| कोष खर्च | - | - | - | - | (१८,३५०) | (१,५४०,०८३) | | - | - | - | - | - | - | - | (१,५५८,४३३) |
| **कुल योगदान र वितरण** | **१,८६६,७००** | **-** | **२,३५२,३४९** | **(७०८,५७९)** | **(१४,१७२)** | **(१,४२८,१९३)** | **१,३७१,८७८** | **(२११,१५६)** | **(१०५,५७८)** | **३१,१२७** | **(१०५,५७८)** | **(१०५,५७८)** | **(१०५,५७८)** | **(१०५,५७८)** | **२,७३२,०६४** |
| **असार ३२, २०८२ सम्मको मौज्दात** | **८०,६३६,१००** | **-** | **५४,७५२,७१६** | **२०८,९०७** | **४,१७८** | **३११,२७२** | **१,४९४,८१४** | **६२,२५४** | **३१,१२७** | **९३२,४५४** | **३१,१२७** | **३१,१२७** | **३१,१२७** | **३१,१२७** | **१३८,५५८,३३२** |
| **असार ३१, २०८१ सम्मको मौज्दात** | **७८,७६९,४००** | **-** | **५२,४००,३६६** | **९१७,४८६** | **१८,३५०** | **१,७३९,४६५** | **१२२,९३६** | **२७३,४११** | **१३६,७०५** | **९०१,३२७** | **१३६,७०५** | **१३६,७०६** | **१३६,७०५** | **१३६,७०५** | **१३५,८२६,२६८** |

**हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,**
पि. भट्ट एण्ड एशोसिएट्स
चार्टड एकाउन्टेण्ट्स

बसन्त बहादुर बुढा
लेखा अधिकृत

हिमलाल गौतम
प्रबन्धक

संजय योगी
कोषाध्यक्ष

नवराज कंडेल
अध्यक्ष

प्रकाश दत्त भट्ट, एफसिए
प्रोपाइटर

मिति : २०८२।०६।०६

**जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि.**
**विरेन्द्रनगर - ४, सुर्खेत, नेपाल**
**नाफा बाडफाड हिसाव**
**२०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको**

| विवरण | प्रतिशत | २०८२ आषाढ ३२ सम्मको | २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|---|
| **खुद नाफा/(नोक्सान)** | | **१,११४,१७२.७४** | **४,८९३,२५९.६९** |
| **बाँडफाँड (१)** | **१००%** | **१,११४,१७२.७४** | **४,८९३,२५९.६९** |
| जगेडा कोष | २५% | २७८,५४३.१९ | १,२२३,३१५.०० |
| बाँकि रकम | ७५% | ८३५,६२९.५६ | ३,६६९,९४४.६९ |
| **बाँडफाँड (२)** | **१००%** | **८३५,६२९.५६** | **३,६६९,९४४.६९** |
| संरक्षित पुजी फिर्ता कोष | २५% | २०८,९०७.३९ | ९१७,४८६.०० |
| सहकारी प्रवर्द्धन कोष | ०.५०% | ४,१७८.१५ | १८,३५०.०० |
| बाँकि रकम | ७४.५०% | ६२२,५४४.०२ | २,७३४,१०८.६९ |
| **बाँडफाँड (३)** | **१००%** | **६२२,५४४.०२** | **२,७३४,१०८.६९** |
| शेयर लाभास कोष | ५०% | ३११,२७२.०१ | १,६४०,४६५.०० |
| सदस्य राहत कोष | १०% | ६२,२५४.४० | - |
| कर्मचारी बोनस कोष | १०% | ६२,२५४.४० | २७३,४११.०० |
| सहकारी शिक्षा कोष | ५% | ३१,१२७.२० | १३६,७०५.०० |
| सहकारी विकास कोष | ५% | ३१,१२७.२० | १३६,७०५.०० |
| घाटापुर्ति कोष | ५% | ३१,१२७.२० | १३६,७०५.०० |
| सामुदायिक विकास कोष | ५% | ३१,१२७.२० | १३६,७०५.०० |
| स्थिरिकरण कोष | ५% | ३१,१२७.२० | १३६,७०५.०० |
| अन्य जोखिम कोष | ५% | ३१,१२७.२० | १३६,७०५.०० |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,
पि. भट्ट एण्ड एशोसिएट्स
चार्टड एकाउन्टेण्ट्स

बसन्त बहादुर बुढा
लेखा अधिकृत

हिमलाल गौतम
प्रबन्धक

संजय योगी
कोषाध्यक्ष

नवराज कंडेल
अध्यक्ष

प्रकाश दत्त भट्ट, एफसिए
प्रोपाइटर

मिति : २०८२।०६।०६

**जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि.**

**विरेन्द्रनगर - ४, सुर्खेत, नेपाल**

**नगद प्रवाह विवरण**

**२०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको**

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| **कारोवार संचालनबाट नगद प्रवाह** | | |
| प्राप्त व्याज आम्दानी | ९९,२६९,९२८.२९ | १११,१९२,६०१.४४ |
| प्राप्त शुल्क तथा अन्य आम्दानी | ७,२०८,०२९.५७ | ५,७५३,६६२.३९ |
| लाभांश प्राप्ति | - | ४३,०९४.४७ |
| अन्य संचालन कारोबारबाट प्राप्ति | ९८,५००.०० | ७४,७००.०० |
| व्याज खर्च भुक्तानी | (५८,६८९,८४५.२५) | (७५,२६८,४४१.००) |
| कर्मचारीलाई भुक्तानी | (१८,०२४,४३६.२०) | (१२,९८५,८१६.७९) |
| अन्य खर्च भुक्तानी | (११,७२०,४७६.४७) | (१०,९९३,२४१.९४) |
| **संचालन सम्पत्ती र दायित्वको गतिविधी अघिको संचालन नगद प्रवाह** | **१८,१४१,६९९.९४** | **१७,८१६,५५८.५७** |
| **संचालन सम्पत्तिमा कमि/(वृद्धि)** | **(२४,११४,२३३.६७)** | **(७८,०२३,७३०.४८)** |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात | २०,०००,०००.०० | (३०,०००,०००.००) |
| सदस्यलाई दिइएको कर्जा तथा सापटी | (४३,०३१,२४२.९५) | (४८,५७५,३८०.६७) |
| अन्य सम्पत्ति | (१,०८२,९९०.७२) | ५५१,६५०.१९ |
| **संचालन दायित्वमा (कमि)/वृद्धि** | **७२,१९७,६३६.७०** | **४६,७९४,०५७.६३** |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न वाँकी रकम | - | (११२,६९३,१०३.००) |
| निक्षेप दायित्व | ७२,२०१,४७९.८९ | १६०,०१६,२२५.७७ |
| अन्य दायित्व | (३,८४३.१९) | (५२९,०६५.१४) |
| **आयकर अघिको संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **६६,२२५,१०२.९६** | **(१३,४१३,११४.२८)** |
| आयकर भुक्तानी | (५,४८०,५९३.७६) | (६६३,८५६.१३) |
| **संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **६०,७४४,५०९.२१** | **(१४,०७६,९७०.४१)** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| सम्पत्ति र उपकरण खरिद | (१,०२९,१२०.३८) | (३,६३५,२३८.८५) |
| लगानी उपकरणको खरिद | (९९८,०००.००) | (१६४,०००.००) |
| अमूर्त सम्पत्तिको खरिद | (३९९,९९९.६६) | - |
| **लगानी कारोवारमा प्रयोग भएको खुद नगद** | **(२,४२७,१२०.०४)** | **(३,७९९,२३८.८५)** |
| शेयर निष्काशनबाट प्राप्त | १,८६६,७००.०० | ५,२४६,४००.०० |
| लाभांश भुक्तानी | (१,५४०,०८३.२०) | (४,४७५,५९४.१३) |
| कोषवाट खर्च | (१८,३४९.८६) | (३,४८८,७७७.७४) |
| अन्य प्राप्ती/भुक्तानी | १,३०९,६२४.०० | ६१,६८३.६० |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद प्रवाह** | **१,६१७,८९०.९४** | **(२,६५६,२८८.२७)** |
| **नगद तथा नगद सरहमा भएको खुद (घट)रबढ** | **५९,९३५,२८०.११** | **(२०,५३२,४९७.५३)** |
| नगद तथा नगद समानको श्रावण १, २०८१ मा रहेको मौज्दात | १५५,५८६,४१०.४७ | १७६,११८,९०८.०० |
| **नगद तथा नगद सरहको आषाढ ३२, २०८२ मा रहेको मौज्दात** | **२१५,५२१,६९०.५८** | **१५५,५८६,४१०.४७** |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,

पि. भट्ट एण्ड एशोसिएट्स

चार्टड एकाउन्टेण्ट्स

| बसन्त बहादुर बुढा | हिमलाल गौतम | संजय योगी | नवराज कंडेल | प्रकाश दत्त भट्ट, एफसिए |
|---|---|---|---|---|
| लेखा अधिकृत | प्रबन्धक | कोषाध्यक्ष | अध्यक्ष | प्रोपाइटर |

मिति : २०८२।०६।०६

**मुख्य लेखा नीतीहरू**

**१. रिपोटिङ संस्था**

जनहितकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड सहकारी बिभागबाट ईजाजतपत्र प्राप्त सहकारी संस्था हो । यो संस्था २०५६ साल जेष्ठ ०६ गते बचत तथा ऋण सहकारीको रूपमा डिभिजन सहकारी कार्यालय, बाँकेमा दर्ता भएको हो । सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा न. ४ मा संस्थाको केन्द्रीय कार्यालय रहेको छ । सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकामा ५ वटा सेवा केन्द्रहरू स्थापना गरी यो संस्थाले बचत संकलन तथा ऋण लगानी सेवासँगै रेमिटान्स सेवा समेत उपलब्ध गराउदै आएको छ ।

**२. वित्तीय लेखाकनका आधारहहरू**

यस सहकारी संस्थाको वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standarts Board-ASB) बाट जारी भई नेपाल चार्टड एकाउन्टेन्स संस्था (The Institute of Chartered Accountants of Nepal-ICAN) द्बारा अनुपालनको लागी सुचित गरिएका व्यवस्था अनुसार तयार गरिएका छन । वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नाफा र नोक्सानको विवरण, अन्य बिस्तृत आम्दानीका विवरण, ईक्विटी परिवर्तनको विवरण, नगद प्रवाह विवरण र लेखाका लागी बितिय विवरण सम्बन्धि टिप्पणीहरू समावेश गरिएका छन् ।

**२.१ अनुपालन सम्बन्धि उदघोषण**

वित्तीय विवरणहरू सञ्चालन समितिबाट अनुमोदित भई नेपाल प्रतिवेदनमानका (Nepal Financial Reporting Standard–NFRS) आधारमा रही नेपाल लेखामान बोर्ड (Accounting Standarts Board-ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था (The Institute of Chartered Accountants of Nepal-ICAN) द्बारा अनुपालनको लागी सुचित गरिएका विकल्पहरू (Carve outs) समेतका व्यवस्था अनुसार तयार गरिएका छन् । यी नीतिहरू अन्यन्था उल्लेख नभएसम्म हरेक बर्ष लगातार रूपमा लागु गरिने छ ।

**२.२ समीक्षा अवधी र वित्तीय विवरणको अनुमोदन**

सहकारी सस्थाले नेपाल लेखामान बोर्ड (Accounting Standards Board–ASB) जारी प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard–NFRS) का आधारमा रही आ.व. २०७८/०७९ को लागी प्रथम पटक ग्रहण (First Time Adoption) गरी वित्तीय विवरण तयार पारेको छ । NFRS को पालना गर्दा देहाय बमोजिम मितिहरू समिक्षाको लागी लिएका छन् ।

| वित्तीय विवरणं | नेपाली मिति | अग्रेंजी मिति |
|---|---|---|
| सुरूवातको NFRS वासलात मिति | १ श्रावण २०७७ | १६ जुलाई २०२० |
| तुलनात्मक वासलात मिति | ३१ असार २०७८ | १५ जुलाई २०२१ |
| तुलनात्मक समिक्षा अवधि | १ श्रावण २०७७–३१ असार २०७८ | १६ जुलाई २०२०–१५ जुलाई २०२१ |
| NFRS वासलात मिति | ३२ असार २०७९ | १६ जुलाई २०२२ |
| NFRS समिक्षा अवधि | १ श्रावण २०७८–३२ असार २०७९ | १५ जुलाई २०२१–१६ जुलाई २०२२ |

सहकारी संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) बमोजिम प्रथम पटक ग्रहण (First Time Adoption) गर्दा विगत दुई आर्थिक बर्षहरू क्रमसः आ.व. २०७६/०७७ र २०७७/०७८ का वित्तीय विवरणहरूमा पुर्नवर्गीकरण, पुर्नगठन र पुर्नमुल्याकन गरेको छ । साही बमोजिमको वित्तीय प्रभावहरूलाई समेटी आ.व. २०७८/०७९ को वित्तीय विवरण तयार पारिएको छ भने यस चालु आ.व. २०८१/०८२ को वित्तीय विवरण पनि सोही आधारमा तयार पारिएको छ । वित्तीय विवरण उपर सञ्चालक समिति सम्पूर्ण रूपमा जिम्मेवार रहेको छ । यस वित्तीय प्रतिवेदन साधारण सभाबाट स्विकृत नहुन्जेलसम्म सञ्चालक समितिले परिवर्तन गर्न सक्नेछ । साधारण सभाले वित्तीय विवरण स्वीकृत नगर्ने निर्णय गर्न सक्नेछ तर यसमा परिवर्तन गर्नसक्ने छैन ।

## २.३ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

यस वित्तीय प्रतिवेदन नेपाली रूपैंया (ने.रू.) मा तयार पारिएको छ । सहकारी सस्थाले नेपाली मुद्रामा मात्र कारोवार गर्न पाउने नियमाकीय व्यवस्था रहेको छ । सबै अङ्कलाई अन्यथा उल्लेख नभएको अवस्थामा नेपाली रूपैँयामा उल्लेख गरिएको छ ।

## २.४ अनुमान, धारणा र स्वविवेकको प्रयोग

नेपाली वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा सहकारी सस्थाले निश्चित निर्णय, अनुमान र धारणाहरू बनाउन आवश्यक हुन्छ । यी अनुमानहरू उपलब्ध जानकारी र सहकारी संस्थाको व्यवस्थापनका स्वविवेकमा आधारित छन् । यसले पछि अन्य विकल्पहरू अझ बढी उपयुक्त हुन सक्थे भन्ने पनि निर्धारण हुन सक्नेछ ।

वित्तीय विवरणका विभिन्न विषयहरूसँग सम्बन्धित लेखा नीतिहरू उपयुक्त बिषयहरूसँगै टिप्पणीका रूपमा समावेश गरिनुका साथै सो को परिवर्तनको असर तथा प्रकृति समेत खुलाएको छ ।

वास्तविक परिमाणहरू मुल्याकन गरे भन्दा फरक पर्न सक्छन् र कहीलेकाही यस्ता भिन्नताहरू महत्वपूर्ण पनि हुन सक्छन् । सहकारी संस्थाले तयार गरेको NFRS बमोजिमको वित्तीय विवरणमा उल्लेख भएका आफ्ना सम्पत्ति तथा दायित्वहरूको Fair Value अनुमान गर्न विभिन्न मुल्याङ्कन मोडेल र प्रविधिहरू प्रयोग तथा नाफा वा नोक्सानको अनुमान गरिएको छ । संस्थाले गरेका अनुमानहरू तथा वित्तीय विवरण समय समयमा परिमार्जन गर्दै लैजाने योजना गरेको छ । लेखाको अनुमानमा गरिएको परिमार्जनलाई जुन अवधिमा परिकार्जन गरिएको हो सोही अवधिबाट लागु हुने गरी लेखाङ्कन गरिन्छ । विवरणमा अनुमान गरिएको व्योहोरा सम्बन्धित स्थानमा उल्लेख गरिएको छ । त्यहाँ अनुमानमा परिवर्तन हुदाँ पर्ने असर र परिवर्तनलाई समेत उल्लेख गरिएको छ ।

### २.४.१ निरन्तरता (**Going Conern**)

वित्तीय विवरण तयार गर्दा सहकारी संस्थाको निरन्तरतामा सञ्चालक समिति सन्तुष्ट छ र भविष्यमा पनि कारोवार तथा व्यापार बढ्दै जानेमा आशावादी रहेको छ । यो अनुमान वर्तमान तथा भविष्यको अवस्थाका साथै प्रक्षेपित मुनाफा, नगद प्रवाह र पूँजि स्रोत आदिमा आधारित रहेको छ ।

## २.५ लेखा नीतिमा परिवर्तन

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) मा उल्लेखित लेखा नीतिमा निर्दिष्ट भई वित्तीय विवरण तयार गरिएको छ । NFRS बमोजिम वित्तीय विवरण तयार पार्दा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमका लेखा नीतिहरू अवलम्बन गरी लागु गरिएका छन् । लेखा नीतिमा भएका परिवर्तनहरूको सम्भव भएसम्म असरहरू समेत खुलाएको छ । NFRS मा उल्लेख नभएका लेखाङ्कनका सम्बन्धमा सर्वमान्य लेखाका सिद्धान्त (Generally Accepted Accounting Principles–GAAP) लाई अवलम्बन गरिएको छ ।

## २.६ जारी गरिएको तर कार्यान्वयन नभएको मानक

वित्तीय उपकरणको रिर्पोटिङको लागी NAS 32 वित्तीय उपकरण, प्रस्तुतीकरण, NAS 39 वित्तीय उपकरण लेखाङ्कन र मापन र NFRS 7 वित्तीय उपकरण प्रकटीकरण लागु गरिएको छ । वित्तीय उपकरणहरूको वर्गीकरणको लागी NFRS 9 अनुपालन गरिको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषपछि IASB बाट केही नयाँ मानक र वर्तमान मानकमा संशोधन र व्याख्या जारी भएको छ । ASB नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी लागु हुनेछन ।

### २.६.१ रिपोर्टिङ उद्घोष

सहकारीले वित्तीय विवरण तयार गर्नका लागी नेपाल लेखामान बोर्ड (Accounting Standarts Board-ASB) बाट जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard–NFRS) अंगीकार गरेको छ । NFRS ले अर्न्तराष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अर्न्तराष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्छ । यद्यपी ICAN ले २०७९ श्रावण २ गते प्रकाशित गरेको सूचनाले NFRS अंगीकार गर्दा केही उल्लेखित विकल्पहरू (Carve outs) पनि अपनाउन सकिने उल्लेख गरेको छ ।

### २.६.१.१ NFRS 9 वित्तीय उपकरण : लेखाङ्कन र मापन

**क) क्षयीकरण (Impairment)**

नेपाल चार्टड एकाउन्टेन्टस संस्था (The Institute of Chartered Accountants of Nepal-ICAN) द्वारा अनुपालनको लागी मिति २०७९/०४/०२ मा जारी सूचना अनुसार नेपाल वित्तीय प्रतिवेदन मान ९ (NFRS-9) मा केही समयको लागी विकल्पहरु (Carve outs) प्रदान गरिएको सम्बन्धी व्यवस्था बमोजिम अनुच्छेद ५.५ मा भएको हानी उठाउन बाँकी वित्तीय सम्पत्तिको मापन गर्दा उपलब्ध विकल्पलाई आधार मानी वित्तीय सम्पत्तिको परिशोधन मुल्यमा मापन गरी प्रस्तुतीकरण गरिएको छ ।

अनुच्छेद ५ बमोजिम निकायले हरेक समीक्षा अवधिको अन्तमा कुनै परिशोधित मुल्यमा मापन गरिएको वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समुहमा हानी भएको छ भन्ने पुष्टी गर्ने वस्तुपरक प्रमाण छ कि छैन भन्ने निर्धारण गर्छ । यदि त्यस्ता कुनै प्रमाणहरू छन् भने संस्थाले अनुच्छेद ५ लागु गर्नु पर्छ तर कर्जामा हुने हानी नोक्सानी रकम निर्धारण गर्दा सहकारी बिभागको कर्जा नोक्सानी व्यवस्था र अनुच्छेद ५ बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी हुन्छ त्यसलाई लेखाङ्कन गर्नुपर्छ । कर्जाका अतिरिक्त अन्य वित्तीय सम्पत्तिको सम्बन्धमा भने हानी नोक्सानीको मापन अनुच्छेद ५ अनुसार गर्नुपर्छ । निकायले सहकारी बिभागको निर्देशन बमोजिमको कर्जा नोक्सानी व्यवस्था र अनुच्छेद ५ बमोजिम हुने हानी नोक्सानीको दुवै प्रकटीकरण गर्नुपर्छ ।

यो Carve Out स्वेच्छिक नरहेको र सहकारी संस्थाले कर्जामा हानी नोक्सानी सहकारी बिभागको कर्जा नोक्सानी व्यवस्था वा अनुच्छेद ५ बमोजिम जुन बढि हुन्छ त्यो अनुरूप कर्जामा हानी नोक्सानी व्यवस्था प्रदान गर्नुपर्दछ । सहकारी संस्थाले कर्जा बाहेक अन्य सम्पत्तिमा अनुच्छेद ५ बमोजिम हानी नोक्सानी अनुमान गर्नुपर्दछ । यो Carve out र अनुच्छेद ६३ बमोजिम निर्धारित हानी नोक्सानीलाई सहकारी संस्थाले उल्लेख गर्नुपर्ने हुन्छ ।

### २.७ जारी गरिएको तर कार्यान्वयन नभएको मानक

NFRS को बिभिन्न मितिमा उद्धघोष पछि IASB बाट केही नयाँ मानक र वर्तमान मानकमा संशोधन र व्याख्या जारी भएको छ । ASB नेपालले यस लाई NFRS सँग समावेश गराएपछि यी लागु हुनेछन ।

### २.८ डिस्काउन्टिङ (Discounting)

सम्पत्ति र दायित्व गैर चालु (Non-Current) भएको र discounting को प्रभाव महत्वपूर्ण भएको अवस्थामा discounting प्रयोग गरिइको छ ।

## ३. आधारभुत लेखामान नीति

### ३.१ मापनको आधार

निम्न वस्तुगत महत्वपूर्ण वस्तु वाहेक वित्तीय विवरण ऐतिहासिक लागत पद्धतिको आधारमा तयार पारिएको छ ।

- लगानी सम्पत्ति Fair Value मा मापन गरिएको छ ।
- वित्तीय सम्पत्तिलाई यिनको सुरूवाती लेखाङ्कन अनुरूप Fair Value मा मापन गरिएको छ ।
- वित्तीय उपकरणको Fair Value मा मापन गरी FVTOCI वा FVTPL अन्तरगत लेखाङ्कन गरिएको छ ।
- परिभाषित लाभ योजनाको दायित्व लेखाङ्कन गर्दा परिभाषित लाभ योजनाको वर्तमान मुल्यमा योजना सम्पत्ति लेखाङ्कन नगरिएको सेवा लागत र लेखाङ्कन नगरिएको विमाङ्कित नोक्सानलाई हटाएर देखाउने नीति छ ।

### ३.२ नगद वा नगद सरह

नगद वा नगद सरह भन्नाले आफुसँग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात र माग तथा अल्पसूचनामा प्राप्त हुने रकम र तीन वा तीन महिना भन्दा कम परिपक्वता अवधि भएको अति तरल वित्तीय सम्पत्ति बुझिन्छ । सहकारी संस्थाले अल्पकालिन प्रतिबद्धता पूरा गर्न प्रयोग गर्ने र Fair Value परिवर्तन हुँदा नगन्य जोखिम भएको वित्तीय सम्पत्तिलाई नगद तथा नगद सरह अर्न्तगत मापन गरेको छ । वित्तीय अवस्थाको विवरणमा नगद र नगद सरह सम्पत्तिलाई परिशोधित मुल्यमा देखाएको छ ।

### ३.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

#### क) पहिचान र लेखाङ्कन

सहकारी संस्थाले प्रारम्भिक रूपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय उपकरणहरूको अनुबन्धात्मक व्यवस्थाको सिर्जना भएमा वित्तीय सम्पत्ति वा दायित्वलाई लेखाङ्कन गर्दछ । सहकारी संस्थाको उपकरणहरूको अनुबन्धन व्यवस्थाको सिर्जना भए पश्चात वित्तीय सम्पत्ति वा दायित्वको उत्पत्ति भएको मितिको आधारमा संस्थाले सदस्यहरूलाई प्रवाह गरेको कर्जा बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा/सापटी, सदस्यहरूको निक्षेप र ऋण सुरक्षणपत्रहरू र सहायक दायित्वहरूलाई वित्तीय सम्पत्ति वा दायित्व भनि लेखाङ्कन गरेको छ । त्यस्तै, नेपाल राष्ट्र बैंकको ऋणपत्र, सरकारी सुरक्षणपत्रलाई व्यापारको मितिमा, जुनवेला बैंकले वित्तीय सम्पत्तिको खरिद वा अधिग्रहणको प्रतिबद्धता गर्छ साही मितिमा लेखाङ्कन गरिएको छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिएको छ ।

#### ख) वर्गीकरण

#### अ) वित्तीय सम्पत्ति

सहकारी संस्थाले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागी व्यापार मोडेल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह बिशेषताहरूको आधारमा परिशोधित लागत (Amortized Cost) वा Fair Value मा मापन गरिने वित्तीय सम्पत्तिको रूपमा वर्गीकरण गर्छ । वित्तीय सम्पत्तिको दुई वर्गहरू यस प्रकार छन ।

#### अ (१) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति

सहकारी संस्थाले देहायका दुवै शर्तहरू पुरा भएको खण्डका परिशोधित लागतमा सम्पत्तिको मापन गरि वित्तीय सम्पत्तिको रूपमा वर्गीकरण गरेको छ ।

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागी सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार मोडेल अन्तर्गत सम्पत्ति रहेमा र
- वित्तीय सम्पत्तिको सम्झौता शर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मुल रकमको साँवा वा व्याज रकमको मात्र भुक्तानी हो ।

#### अ (२) Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति

परिशोधित मुल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति Fair Value मा मापन गरिएको छ । Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति देहाय बमोजिम वर्गीकरण गरिन्छ ।

- **नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति**
  व्यापारको लागी राखीएको अथवा नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा निर्दिष्ट भएका वित्तीय सम्पत्तिहरूलाई Fair Value मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । वित्तीय सम्पत्तिको प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोवार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । त्यस्ता सम्पत्ति पछि Fair Value मा मापन गरिएको छ र Fair Value मा परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखाङ्कन गरिएको छ ।

- **अन्य विस्तृत आम्दानी मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति**
  व्यापारको लागी नराखिएको र प्रारम्भिक रूपमा लेखाङ्कन नगरिएको इक्विटी उपकरणमा गरिएको लगानी सहकारी, सहकारी संस्थाले अपरिवर्तनीय छनौट सहित वित्तीय उपकरणको Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी वर्गीकरण गरेको वित्तीय सम्पत्तिहरूलाई अन्य विस्तृत आम्दानी मार्फत Fair Value मा मापन गरिएको छ । त्यस्ता सम्पत्तिहरूलाई पछि Fair Value मा मापन गरिएको छ । र Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आन्दानीमा लेखाङ्कन गरिएको छ ।

**आ) वित्तीय दायित्व**

सहकारी संस्थाले वित्तीय जमानत र ऋण प्रतिबद्धता बाहेक अन्य वित्तीय दायित्वहरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

- **नाफा वा नोक्सान मार्फत Fair value मा मापन गरिने वित्तीय दायित्वहरू**
  वित्तीय दायित्वहरू व्यापारको लागी राखीएको अथवा नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा निर्दिष्ट भएका वित्तीय दायित्वहरूलाई Fair Value मापन गरि नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । वित्तीय दायित्वको प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोवार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । तोकिएको विशेष दायित्वहरू बाहेक दायित्वको कर्जा जोखिममा भएको परिवर्तनको कारण Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरू**
  नाफा वा नोक्सानको माध्यमबाट Fair Value मापन गरिएको वित्तीय दायित्वहरू बाहेक अन्य वित्तीय दायित्वहरूलाई परिशोधित लागतमा प्रभावकारी व्याजदर विधि प्रयोग गरी पछि मापन गर्ने परिशोधित लागतमा वर्गीकरण गरिन्छ ।

**ग) मापन**

**अ) प्रारम्भिक मापन**

नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरूको Fair Value मा कारोवार रकम जोडेर वा घटाएर मापन गरिएको छ । नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोवार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएकोछ ।

**आ) पछिको मापन**

वित्तीय सम्पत्ति वा वित्तीय दायित्वलाई पछि वर्गीकरणको आधारमा Fair Value मा वा परिशोधित लागतमा मापन गरिएको छ । परिशोधित लागतमा मापन गरिएको वर्गिकृत सम्पत्ति वा दायित्व पछि प्रभावकारी व्याज दर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गर्नुपर्ने व्यवस्था रहेको छ । वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा साँवाको पूर्ण भुक्तानीलाई घटाई प्रभावकारी व्याज विधिद्धारा मापन गरिएको संचित परिशोधन (प्रारम्भिक रकम र परिशोधित रकमको भिन्नता) लाई घटाई अथवा जोडी र क्षती वा असंकलनको कारणले हुने कमीलाई घटाई परिणाम स्वरूप आएको रकमलाई वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत मुल्यमा मापन गरी प्रस्तुत गरिन्छ । मिति २०७९/०४/०२ गते ICAN द्धारा जारी सुचना बमोजिमको Carve Out लाई आधार मानि सहकारी संस्थाले प्रभावकारी व्याजदर विधिलाई कार्यान्वयनमा ल्याएको छैन । विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा वा सापटि र सोमा लाग्ने प्रशासनिक शुल्कहरूको प्रभावकारी व्याजदर विधिलाई कार्यान्वयन गरिएको छैन । Fair Value मा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति पछि Fair Value मापन गरिएको छ । वित्तीय सम्पत्तिको Fair Value मा नाफा वा नोक्सानको माध्यमवाट पछि हुने Fair Value परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ जबकी अन्य विस्तृत आय मार्फत Fair Value मापन गरिने वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमा पहिचान र लेखाङ्कन गरिएको छ ।

**घ) अपलेखाङ्कन**

**वित्तीय सम्पत्तिको अपलेखाङ्कन**

सहकारी संस्थाको वित्तीय सम्पत्तिबाट नगद प्रभावको अनुबन्धित अधिकार समाप्त भएको वा सहकारी संस्थाले कारोबारमा अनुबन्धित नगद प्रभाव प्राप्त गर्ने अधिकार हस्तान्तरण भएको र वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण भएको साथै वित्तीय सम्पत्ति उपर कुनै नियन्त्रणमा नरहने अवस्थाको आधारमा सहकारी संस्थाले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गरिएको छ । हस्तातरण गरिसकिएको वित्तीय सम्पत्तिमा सहकारी संस्थाद्धारा बनाइएको वा कायम राखिएको कुनै पनि स्वार्थ रहेमा सोलाई छुट्टै सम्पत्ति वा दायित्ववका रूपमा लेखाङ्कन गरिएको छ । वित्तीय सम्पत्तिको अपलेखाङ्कनमा सम्पत्तिको (वा हस्तान्तरण सम्पत्तिको अंश विनियोजन गरिएको रकम) र प्राप्त प्रतिफल (जसमा कुनै नयाँ सम्पत्ति समावेश गरी नयाँ दायित्व ग्रहण घटाइयो) को भिन्नता नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ ।

**वित्तीय दायित्व अपलेखाङ्कन**

वित्तीय दायित्वहरूको भर्पाइ गरिएको वा रद्द गरिएको वा म्याद समाप्त भएको अवस्थामा वित्तीय दायित्वलाई अपलेखाङ्कन गरिएको छ । विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरू विभिन्न शर्तहरू वा विद्यमान दायित्वका शर्तहरूमा पर्याप्त शंसोधन गरिएको र नयाँ दायित्वले साटासाट गरिएको र सोको साटासाट वा शंसोधन भएको खण्डमा मुल दायित्वको अपलेखाङ्कन र नया दायित्वको लेखाङ्कन गरिने गरिएको छ । मुल वित्तीय दायित्वको किताबी मुल्य र भुक्तान गरिएको प्रतिफल बिचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ ।

**ङ) उचित मुल्यको (Fair Value) निर्धारण**

मापन गरिएको मितिमा बजारमा सहभागीहरूवीच व्यवस्थित कारोवार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकमलाई Fair Value भनिन्छ । दायित्वको Fair Value मापनले दायित्व भुक्तानीको अर्न्तनिहित गैर कार्यगत जोखिम प्रतिविम्बित गर्ने गर्दछ ।

निम्न तहअनुसार Fair Value निर्धारण गरिन्छ

**तह न. १ :** Fair Value मापन ती हुन जुन समान सम्पत्ति वा दायित्वका लागी सक्रिय बजारमा असमायोजित सूचिकृत मुल्यहरूबाट व्युत्पन्न हुन्छन ।

**तह न. २ :** Fair Value मापन जसको निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागी सुचिकृत मुल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्य प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण लागतहरू भेटिन्छन् ।

**तह न. ३ :** बमोजिम मापन गरिएका वित्तीय उपकरणको मूल्याङ्कनमा बजारको आंकडामा आधारित हुदैनन् । सहकारी संस्थाले वित्तीय उपकरणको Fair Value त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । बजारलाई सक्रिय मानिन्छ यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् र Arm's Length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने, सहकारी संस्थाले मूल्याङ्कन विधि प्रयोग गरी Fair Value स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक सरोकारवालाहरू (यदि उपलब्ध छ) बीचको Arm's Length कारोबार समावेश हुन्छ ।

प्रारम्भिक लेखाङ्कन गर्दा वित्तीय उपकरणको Fair Value को उत्तम प्रमाण भनेको कारोबार मूल्य हुने गर्दछ । अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको Fair Value) हो । यद्यपि प्रारम्भिक पहिचान र लेखाङ्कनमा वित्तीय उपकरणको Fair Value यसको कारोबार मूल्यभन्दा भिन्न हुन सक्दछ । यदि त्यस्तो Fair Value उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा मूल्याङ्कन बिधि प्रयोग गरी Variable मा केवल प्रत्यक्ष बजारबाट आंकडा समावेश गरिएको छ भने, भिन्नतालाई सुरूवाती पहिचान र लेखाङ्कनमा नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिएको हुन्छ । अन्य परिस्थितिमा भिन्नता नाफा वा नोक्सानमा तुरून्त लेखाङ्कन गरिएको छैन तर उपयुक्त आधारमा वा उपकरणको जीवनभरिमा लेखाङ्कन गरिएको

वा उपकरण साटिएको, बेचिएको वा हस्तान्तरण गरिएको अवस्थामा अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ। सूचीकृत नभएका इक्विटी लगानी सम्बन्धित संस्थाको खुद सम्पत्तिको मुल्यमा लेखाङ्कन गरिएको छ । सूचीकृत नभएका इक्विटी लगानीहरू जुन शेयर फिर्ता गर्दा अंकित मूल्यमा मात्र फिर्ता हुन्छ तिमीलाई लागत मूल्यमा लेखाङ्कन गरिएको छ ।

**च) क्षयीकरण (Impairment)**

प्रत्येक रिपोर्टिङ मितिमा सहकारी संस्थाले सम्पत्तिमा हानी भएको वा नभएको कुनै संकेत छ कि छैन नी मूल्यांकन गर्छ । यदि कुनै संकेत छ भने पुनः प्राप्ति योग्य रकम निर्धारण गरिन्छ । वितीय सम्पति वा वित्तीय सम्पत्तिको समूहमा हानी नोक्सानी लेखाङ्कन यदि सम्पत्तिको प्रारंम्भिक लेखाङ्कन पछि हुने एक वा वढी घटनाहरूको परिणामको रूपमा हानीको वस्तुगत प्रमाण रहेको (नोक्सान घटना), र त्यो नोक्सान घटना (वा घटनाहरू) का कारण वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्ति समूहको अनुमानित भविश्य नगदी प्रवाहमा कुनै प्रभाव छ कि छैन भनी विश्वसनीय अनुमान गर्न सकिने हदसम्म गरिन्छ ।

हानीको वस्तुगत मूल्याङ्कनको लागी सहकारी संस्थाले निम्नानुसारको बुँदालाई ध्यान दिन्छ ।

- ऋणीले ब्याज वा साँवाको भुक्तानी नतिरेको भए,
- जब ऋणीले टाट पल्टिएको घोषणा गर्ने प्रक्रिया अघि बढाउँछ तब उसको दायित्व भरपाईमा डिलाई वा मुक्त हुन्छ ।
- जहाँ सहकारी संस्थाले ऋणीको कर्जा दायित्वको सन्दर्भमा पुर्नप्राप्तीको कानुनी सहारा सुरू गर्छ ।
- जहाँ सहकारी संस्थाले ऋणको भौतिक माफी वा तोकिएको भुत्तानीहरूको स्थगनको कारण प्रदर्शन गर्छ र आर्थिक दायित्व कम हुने गरी दायित्वको पुनर्संरचनाको लागि सहमति जनाउँछ ।
- तथ्याङ्कले वित्तीय सम्पति समूहको भविष्यको अनुमानित नगद प्रवाहमा मापनयोग्य कमी छ भन्ने सूचित गरे पनि पृथक वित्तीय सम्पतिको कमी लेखाङ्कन गर्न सक्दैन ।

सहकारी संस्थाले कर्जा सापटीको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिक स्तर दुबै तहमा विचार गर्दछ । सबै पृथक रूपमा महत्वपूर्ण सापटीहरू र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरू विशेष हानीको लागि मूल्याङ्कन गरिन्छ । विशेष हानी लेखाङ्कन नभएका कर्जा सापटीहरूको हकमा सामुहिक रूपमा हानी नोक्सानी मूल्याङ्कन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका एकल रूपमा महत्वपूर्ण नभएका कर्जा सापटी तथा परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरूलाई परिशोधित लागतमा मापन गरिएका उस्तै खाले जोखिम चरित्र भएका कर्जा सापटी र परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरूसँगै राखेर सामूहिक रूपमा मूल्यांकन गरिएको छ । अन्य वित्तीय सम्पत्तिको क्षति परीक्षण आन्तरिक र बाहय सूचकांक निरीक्षण गरी वार्षिक रूपमा गरिएको छ । सामूहिक क्षतिको आँकलन गर्दा सहकारी संस्थाले ऋण नतिर्ने सम्भावना (Probability of Default), पुर्नस्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृतिहरूको तथ्यांकीय मोडल प्रयोग गर्दछ । नोक्सान दरहरू र भविष्यको पुर्नप्राप्तीको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूको विरूद्ध बेन्चमार्क हुन्छन् ।

नेपाल वित्तीय प्रतिवेदनमानको प्रथम पटक ग्रहण First Time Adoption नीतिमा निष्कृय कर्जामा वर्गीकरण भएका धितो सुरक्षणमा प्रवाह भएको सबै ऋणीहरूको एकल रूपमा Individual Impairment विधिद्वारा मुल्याङ्कन गरिएको छ । नेपाल वित्तीय प्रतिवेदनमान NFRS अर्न्तगत रहि दुवै बिधिबाट कर्जा सापटीको मुल्यांकन गर्दा कर्जा नोक्सानी बापत रू. २,५८,९४,५८४.२१ कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने देखिएको छ । नेपाल वित्तीय प्रतिवेदनमान NFRS र सहकारी विभागद्वारा कर्जा नोक्सानी सम्बन्धी जारी निर्देशनबीच जुन रकम अधिक हुन आउँछ सो रकम बराबरको कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने व्यवस्था नेपाल लेखामान बोर्डबाट मिति २०७५/०५/२८ गतेको बुदाँ नं. ५ को अनुच्छेद ५८ मा उल्लेखित विकल्पहरू (Carve outs) अपनाउन सकिने निर्णायानुसार सहकारी

विभागद्वारा कर्जा नोक्सानी सम्बन्धी जारी निर्देशन बमोजिम कायम हुन आउने व्यवस्था रकम रू. २,५८,९४,५८४.२१ बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ ।

**क) परिशोधित लागतमा मापन गरिएको सम्पत्तिमा हानी नोक्सान NPRS 9 बमोजिम**

परिशोधित लागतमा लेखाइकन गरिएको वित्तीय सम्पत्तिहरू जस्तै सहकारी संस्थाबाट उठाउन बाँकी रकम, सदस्यलाई दिइएको कर्जा सापटी र भुक्तानी अवधिसम्म धारणा गरिएको लगानीको प्रारम्भिक लेखाङ्कनपछि एक वा एक भन्दा बढी घटनाको कारण क्षति भएको हो भन्ने ठोस प्रमाण भए हानी नोक्सानी लेखाङ्कन गरिन्छ । हानीको रकम सम्पत्तिको किताबी रकम र ऋणबाट पुर्नप्राप्ती गर्न सकिने रकमको भिन्नताबाट निकालिन्छ ।

सम्पूर्ण सदस्यहरूलाई प्रदान गरिएको कर्जा एकल हानी परीक्षणको क्रममा मूल्यांकन गरिएको छ । ऋणीसँग सहकारी संस्थाको पुराना अनुभव र धितोबाट प्राप्त गर्न सकिने मूल्यको आधारमा ऋणको पुर्णप्राप्ती मूल्य अनुमान गरिन्छ । जसलाई एकल रूपमा मूल्यांकन गरिएको छ र जसको हानी छैन तिनलाई उस्तै प्रकृतिको कर्जा जोखिम विशेषता भएका वित्तीय सम्पत्तिको समुहमा राखिन्छ र हानीको लागि सामूहिक रूपमा मूल्यांकन गरिन्छ । व्यवस्थापनको पुराना अनुभवको आधारमा हरेक समूहमा वर्गीकरण गरिएको कर्जा सापटीको कर्जा जोखिमको तथ्यांक निर्धारण गरिन्छ ।

**राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड बमोजिम कर्जा नोक्सानी व्यवस्था**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्डमा उल्लेख गरिएको न्यूनतम कर्जा नोक्सानी व्यवस्थाको अधीनमा रही सहकारीको कर्जा नोक्सानी व्यवस्था कर्जा क्षतिको सघनताको आधारमा व्यवस्थापनले गरेको मूल्यांकनमा आधारित रहेको छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड अनुसार कर्जा र सापटीको भाखा नाघेको अवधिको आधारमा १ प्रतिशत, २५ प्रतिशत, ५० प्रतिशत र १०० प्रतिशत कर्जा र सापटीमा सम्भावित नोक्सानीको व्यवस्था गरिएको हुन्छ ।

**अंगीकार गरिएको नीति**

ICAN ले जारी गरेको Carve out सूचना अनुसार सहकारी संस्थाले कर्जा र सापटीहरूमा हानी मापन गरेको हुन्छ र हानी व्यवस्थाका लागि सहकारी विभागले तोकेको मापदण्ड र Carve out को अनुच्छेद ६३ मा निर्धारण गरिए बमोजिम जुन बढी हुन्छ त्यसै अनुसार गरिन्छ ।

**ख) अन्य विस्तृत आम्दानी मार्फत Fair Value मा वर्गीकरण गरिएको वित्तीय सम्पतिको क्षति**

इक्विटी उपकरणमा लगानी बाहेक FVTOCI मा मापन गरिएको वित्तीय सम्पतिको लागि हानीको आधारभूत प्रमाण भेटिन्छ भने सञ्चिती नोक्सानको (परिशोधित लागत र हालको Fair Value को बीचको भिन्नताका) रूपमा मापन गरिन्छ । प्रारम्भिक रूपमा नाफा वा नोक्सानको विवरणमा समावेश गरिएको हानी नोक्सानीलाई इक्विटीबाट पूर्ववर्गीकरण गर्दै नाफा वा नोक्सानमा राखिन्छ । कुनै इक्विटी उपकरणको Fair Value अर्थपूर्ण वा लामो समयसम्म त्यसको लागत भन्दा तल गएमा त्यसलाई इक्विटी सुरक्षणपत्रको हानी भनी मानिन्छ ।

**३.४ व्यापारिक सम्पत्ति**

सहकारी संस्थाले निकट भविष्यमा बिक्री गर्ने वा पुनः खरिद गर्ने उद्देश्य सहित लिएको वा छोटो अवधिको लाभ प्राप्तिको लागि राखिएको सम्पत्ति/दायित्वलाई व्यापारिक सम्पत्ति र दायित्वहरू भनी लेखाङ्कन गरेको छ । व्यापारिक सम्पत्ति र दायित्वहरूलाई प्रारम्भिक रूपमा Fair Value मा लेखाइकन गरिएको छ र त्यसपछि वित्तीय अवस्थाको विवरणमा पनि Fair Value मा मापन गरिन्छ भने उक्त कारोबार खर्चलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ ।  Fair Value मा भएको सबै परिवर्तनलाई नाफा वा नोक्सान खातामा Fair Value मानिए जसरी नै खुद व्यापारिक आम्दानीको रूपमा लेखाङ्कन गरिएको छ ।

**३.५ सम्पत्ति र उपकरण**

**क) लेखाङ्कन र मापन**

उल्लेखित शर्त पुरा हुने अवस्थाको आधारमा सहकारी संस्थाले सम्पत्ति र उपकरणको लेखाङ्कन गरेको छ ।

- संस्थामा सम्पत्ति र उपकरणहरूबाट अविष्यमा सम्भावित आर्थिक लाभहरू प्रवाहित हुनेछन र
- सम्पत्ति र उपकरणको लागत विश्वसनीय रूपमा मापन गर्न सकिन्छ ।

लागतले कुनै खरिद मूल्यमा व्यापार छूट घटाए पछिको कुनै पनि गैर फिर्ता योग्य करहरू र व्यवस्थापनले चाहेको स्थानमा ल्याउँदाको खर्च र चाहेको शर्तमा सञ्चालन गर्दा हुने यस्ता अन्य लागतहरू पनि समेट्छ । स्वनिर्मित सम्पत्तिका खर्चहरू निम्नानुसार रहेका छन :

- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च
- प्रत्यक्ष रूपमा काम गर्ने अवस्थामा सम्पत्तिहरू ल्याउनको लागि आवश्यक पर्ने कुनै पनि लागतहरू र
- योग्य सम्पत्तिको लागि हुने Borrowing Costs ।

रू. ५,००० वा सो भन्दा कम लागत मुल्यका सम्पत्तिहरूलाई पुँजीकृत नगरी सोहि आर्थिक बर्षको नाफा नोक्सानमा लेखाङ्कन गरिएको छ ।

सबै वर्गको सम्पत्ति र उपकरणहरूको लागि सहकारी संस्थाले लागत मोडेल (Cost Model) अंगीकार गरेको छ । सहकारी संस्थाले सम्पत्ति र उपकरणको वर्ग पुनर्मूल्यांकन मोडेल (Revaluation Model) र रिपोर्टिङ मितिमा Fair Value मापन गरी दुवै मोडेलको मापन बिधि अंगिकार गरेको छैन । सम्पति र उपकरणहरू लागत मूल्यमा सञ्चित ह्रासकट्टी र Impairment Losses कट्टा गरी मापन गरिएको छ । सम्बन्धित उपकरणहरूको कार्यक्षमतासँग अभिन्न हुने कम्प्युटर सफ्टवेयर उपकरणको अंशको रूपमा पूँजीकृत गरिएको छ । सम्भावित आर्थिक लाभहरूलाई ध्यानमा राखी प्रारम्भिक रूपमा गरिएको खर्चको पूँजीकरण गरिएको छ । सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने मर्मत सम्भार खर्चलाई नाफा नोक्सानमा लेखाङ्कन गरिएको छ । सम्पत्ति र उपकरणहरूको निसर्ग गर्दा कुनै लाभ वा नोक्सानीलाई (वस्तु नष्ट गर्दाको कूल आय र वस्तुको किताबी मूल्य बीचको भिन्नता गणना) नाफा वा नोक्सानको अन्य आय/व्यय अर्न्तगत लेखाङ्कन गरिएको छ ।

**ख) पूँजीगत कार्य प्रगति**

निर्माणाधीन स्थिर सम्पत्ति र प्रयोगको लागि तयार नभएका सम्पत्तिहरूको लागत पूँजीगत कार्य प्रगतिमा देखाइएको छ । सहकारी संस्थाबाट खरिद भई प्रयोगमा नआएको सम्पत्तिलाई पुँजीगत कार्य प्रगती अर्न्तगत संलग्न गरिएको छ ।

**ग) ह्रासकट्टी व्यवस्था**

सहकारी संस्थाले आ.व. २०७९/०८० बाट नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय प्रतिवेदन तयार गर्दा यस अधि लागू गर्दै आएको घट्दो मौज्दात हासकट्टी बिधि (Written Down Value Method) लाई परिवर्तन गरी समदर ह्रासकट्टी विधि (Straight Line Method) लागू गरेको छ । सम्पत्तिमा ह्रासकट्टी व्यवस्थापन अनुसार समदर ह्रासकट्टी बिधि (Straight Line Method) प्रयोग गरेर अनुमानित उपयोगी जीवनका लागि खर्चको बाँकी अंश विनियोजनको रूपमा गणना गरिएको छ । सम्पत्ति र उपकरणहरूको अनुमानित उपयोगी जिवन यस प्रकार रहेका छन् :

| समूह | उपयोगी अवधि (वर्षमा) |
|---|---|
| फर्निचर | ५ |
| कार्यालय उपकरण | ५ |
| सवारी | ८ |
| कम्प्युटर | ५ |
| भवन | ४० |
| फुटकर कार्यालय सामाग्री (विविध) | २ |
| लिजहोल्ड | ५ |

ह्रासकट्टीको प्रयोजनका लागि सामान खरिद मिति वा पूँजीगत गरिएको मितिबाट प्रारम्भ हुने गरी लागू गरिएको छ । सामान बिक्री हुँदा बिक्री भएको अघिल्लो महिनासम्म हासकट्टी गरिन्छ ।

### घ) अपलेखाङ्कन
सम्पत्ति र उपकरणहरूको निसर्ग गर्दा वा भविष्यमा कुनै आर्थिक लाभको सम्भावना नहुने अवस्थामा अपलेखाङ्कन गरिने व्यवस्था गरिएको छ । सम्पत्ति र उपकरणको अपलेखनबाट उत्पन्न हुने लाभ वा हानीलाई नाफा वा नोक्सान विवरणमा समावेश गरिएको छ ।

### ३.६ अमूर्त सम्पत्ति
### कम्प्यूटर सफ्टवेयर
खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरूको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजिकृत गरिएको छ । सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पूँजीकृत गरिएको छ जसले भविष्यमा लागतको अधिकमा सम्भावित आर्थिक लाभहरू उत्पन्न गर्ने गर्दछ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित गरिएको छ । सफ्टवेयर उपयोग योग्य गर्न लागेको सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिएको छ । सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी जीवनमा समदर ह्रासकट्टी विधि (Straight Line Method) प्रयोग गरी नाफा वा नोक्सानमा परिशोधित गरिदै आएको छ । लेखाको नीतिमा परिवर्तन गर्नपूर्वदेखि नै समदर ह्रासकट्टी बिधि (Straight Line Method) अवलम्बन गरी ह्रासकट्टी गर्ने गरिएको थियो । हालको र तुलनात्मक अवधिको लागी सफ्टवेयरको उपयोगी जीवन पाँच वर्ष अनुमान गरिएको छ ।
परिशोधन बिधिहरू, उपयोगी जीवनहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित गर्दै लगिने छ ।

### ३.७ लगानी सम्पत्ति
लगानी सम्पत्तिले जमिन वा जमिन र भवनहरू समावेश गरिन्छ, अन्य सम्पत्ति र उपकरणहरूको रूपमा वर्गीकृत नगरी बिक्रीको लागि राखिएको गैरचालु सम्पतिहरू जनाउँछ । कर्जा र सापटीमा सुरक्षणबाट प्राप्त भएको सम्पत्ति सहकारी संस्थाले लगानी सम्पतिको रूपमा लेखाङ्कन गरेको छ । हालसम्म सहकारी संस्थाको लगानी सम्पत्ति अर्न्तगत कुनै पनि सम्पत्ति रहेको छैन ।

### ३.८ आयकर
कर व्ययमा चालु र स्थगन कर खर्चलाई समावेश गरिन्छ । प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आय लेखाङ्कन नगरिएको हदसम्म चालू कर र स्थगन करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ ।

### क) चालू कर
चालू कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रूपमा कार्यान्वयन भएको कर दरहरू प्रयोग गरी अनुमान गरिएको तिर्न योग्य वा पुर्नप्राप्ती योग्य कर रहेको छ ।

### ख) स्थगन कर
स्थगन कर वित्तीय रिपोर्टिक उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको कितावी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकम बीचको अस्थायी भिन्नताको आधारमा लेखाङ्कन गरिएको छ । स्थगन आयकर सहकारी संस्थामा लागू हुने कर दरको प्रयोग गरी निर्धारणको गरिएको छ जुन सम्बन्धित स्थगन आयकर सम्पत्ति साकार भएपछि वा स्थगन आयकर दायित्व चुक्ता हुँदा रिपोर्टिङ मितिमा लागू हुने अपेक्षा गरिएको हुन्छ ।

भविष्यमा करयोग्य मुनाफा उपलब्ध हुने सम्भावना भए स्थगन कर सम्पत्तिहरू लेखाङ्कन गरिन्छ जसको लागी अस्थायी भिन्नताहरू प्रयोग गरी गणना गरिएको छ ।

### ३.९ निक्षेप

सहकारी संस्थाले आफ्ना सदस्यहरूबाट दैनिक/मासिक वा सदस्यको स्वइच्छा बमोजिम निक्षेप/बचत स्वीकार गर्दै आएको छ । यी वित्तीय कारोबारहरू संस्थाको किताबमा (Books of Account) सहकारी संस्थाको दायित्वको रूपमा लेखाङ्कन गरिएको छ र सहकारी संस्थाका सदस्यहरूको माग बमोजिम फिर्ता गर्नुपर्ने हुन्छ ।

### ३.१० व्यवस्थाहरू

विगतको घटनाको परिणाम स्वरूप सहकारी संस्थाको वर्तमानमा सिर्जित वा कानुनी दायित्व रहन्छ जुन विश्वसनीय तरिकाले मापन गर्न सकिन्छ र दायित्व पूरा गर्न आर्थिक लाभको बहिर्गमन हुन्छ भने त्यसलाई सहकारी संस्थाले व्यवस्थाको रूपमा लेखाङ्कन गरेको छ । विगतको घटनाको परिणामस्वरूप सिर्जना भएको कुनै सम्भावित वा वर्तमान दायित्वको कारण सम्भवतः संसाधनहरूको बहिर्गमनको सम्भावनालाई दायित्व सिर्जना गरी सम्भावित दायित्वको प्रकटीकरण गरिन्छ । सम्भावित वा वर्तमान दायित्व छ र जसको कारणले स्रोतको बहिर्गमनको सम्भावना कम भएको अवस्थामा कुनै व्यवस्था वा प्रकटीकरण गरिँदैन । जब एउटा सम्झौताबाट सहकारी संस्थाले लिने अपेक्षित लाभहरू सम्झौता अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि व्यहोर्नुपर्ने अपरिहार्य लागत भन्दा कम हुन्छ तब अत्यधिक सम्झौताको व्यवस्था लेखाङ्कन गरिएको हुन्छ ।

व्यवस्थाहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजित गरिन्छ । दायित्व चुक्ता गर्नको लागि स्रोतहरूको बर्हिगमन आवश्यक पर्ने दीर्घकालि सम्भावना छैन भने व्यवस्था फिर्ता गर्ने गरिन्छ । रकम प्राप्त गर्ने सम्भावना छैन भने सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा उल्लेख गरिएको छैन । यदि सम्भावना छ भने सम्भावित सम्पतिको खुलासा गरिन्छ । तर, सम्भावित सम्पत्तिलाई निरन्तर मूल्यांकन गरिन्छ र आर्थिक लाभ प्राप्त हुने निश्चित छ भने उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तन आउने अवधिमा लेखाङ्कन गरिन्छ ।

### ३.११ राजस्व लेखाइकन

राजस्व भनेको संस्थाको साधारण वित्तीय गतिविधिहरूको क्रममा उत्पन्न हुने कुल आर्थिक लाभहरूको प्रवाह हो र त्यस्ता लाभहरूले इक्विटीको वृद्धि गर्दछ । सहकारी संस्थामा प्रवाह हुने आर्थिक लाभहरूलाई भरपर्दो रूपमा मापन गर्न सकिने आधारमा राजश्वको रूपमा लेखाङ्कन गरिदै आइएको छ । आयहरूको प्राप्ती सम्भव छैन भन्ने अनुमान भएमा तिनलाई राजस्व अवधिमा लेखाङ्कन गरिदैन । सहकारी संस्थाको राजस्वमा व्याज आम्दानी शुल्क र कमिसन आम्दानी र गैर सञ्चालन आम्दानी समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन् :

#### क) ब्याज आम्दानी

परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति र बिक्रीको लागि उपलब्ध सम्पत्तिबाट हुने व्याज आम्दानीलाई बैंकको साविकको ब्याजदरमा लेखाङ्कन गरिएको छ । जुन प्रभावकारी ब्याजदरसँग लगभग समान हुन्छ । सदस्यहरूबाट असुली हुने कर्जा तथा सापटीको व्याज आम्दानीलाई प्रभावकारी ब्याजदर अनुसार नगरिने भएकाले प्रारम्भिक शुल्कलाई परिशोधन गरिदैन र त्यस्तो प्रारम्भिक शुल्क थोरै मात्र रहेको छ । प्रभावकारी ब्याजदरको ठिक गणना गर्दा लाग्ने शुल्क त्यसवाट आउने फाईदा भन्दा बढी हुने सहकारी संस्थाको अनुमान रहेको छ ।

नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिएको वित्तीय उपकरणको Fair Value मा परिवर्तनबाट उत्पन्न लाभ र नोक्सान यिनीहरू उत्पन्न हुने अवधिमा नाफा वा नोक्सानको विवरणमा समावेश गरिएको छ । नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिएको वित्तीय उपकरणमा सम्झौताको ब्याज आय र ब्याज खर्च खुद आय भित्र लेखाङ्कन गरिएको छ ।

**ख) शुल्क र कमिसन**

शुल्क र कमिसनहरू सारभुत रूपमा सानो रकम मात्र संलग्न रहेकोले लाभ तथा खर्चको तुलना पश्चात् नगद प्राप्तीको (Cash Basis) आधारमा लेखाइकन गरिएको छ ।

**ग) लाभांश आम्दानी**

लाभांश प्राप्त गर्न अधिकार स्थापित भएमा लाभांश आय लेखाङ्कन गरिन्छ । लाभांश खुद व्यापार आयमा प्रस्तुत गरिएको छ ।

**घ) खुद व्यापार आम्दानी**

खुद व्यापार आम्दानीमा व्यापार सम्पत्ति र दायित्वहरूसँग सम्बन्धित नाफा र नोक्सानको भिन्नताको साथै सबै सकार र असकार Fair Value परिवर्तन, ब्याज र लाभांश भिन्नता समावेश गरिएको छ ।

**३.१२ ब्याज खर्च**

निक्षेप र बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सुविधाहरूमा ब्याज खर्च शिर्षक अर्न्तगत नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ । सबै व्यापार दायित्वमा ब्याज व्यय सहकारी संस्थाको व्यापार सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र व्यापारिक सम्पत्ति र दायित्वहरूको FairValue मा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिन्छ ।

**३.१३ कर्मचारी लाभ**

**क) अल्पकालिन कर्मचारी लाभ**

छोटो अवधिको कर्मचारी लाभ दायित्वहरू Discounting नगरी वास्तविक भुक्तानीको आधारमा मापन गरिएको छ र सम्बन्धित सेवा बापत उपलब्ध गराईएको छ भनी खर्च लेखाङ्कन गरिएको छ । अल्पकालिन कर्मचारी सुविधा बापतको खर्च रकमलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ । अल्पकालिन कर्मचारी सुविधामा निम्नलिखित कुरा समावेश गरिएको छ । (यदि रिपोर्टिङ अवधिको अन्त्यपछि १२ महिनाभित्र भुक्तानी योग्य भएमा)

- ज्याला, तलब र सामाजिक सुरक्षा योगदान
- तलबी बार्षिक बिदा र बिरामी बिदा
- नाफा बाँडफोड र लाभांश
- गैर नगद लाभ

**ख) सेवा पछिको लाभ**

सेवा पछिको लाभमा निम्न लिखित समावेश गरिएका छन् ।

**अ) परिभाषित योगदान योजना**

परिभाषित योगदान योजना सेवापछिको लाभ योजना हो जस अन्तर्गत सहकारी संस्थाले छुट्टै योगदानलाई छुट्टै संस्थामा मुकान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिएकोछ ।

**आ) परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो परिभाषित लाभ योजनाहरूको सन्दर्भमा सहकारी संस्थाको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमान गरेर छुट्टै गणना गरिएको छ जुन वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा आर्जन गरेका हुन्छन् । त्यो लाभ जसको वर्तमान मूल्य निर्धारण गर्न Discount गरिन्छ । विगत सेवा लागतहरू र योजना सम्पत्तिहरूको Fair Value दायित्वमा घटाइन्छ । सहकारी संस्थाले अन्य विस्तृत आयमा तुरून्त परिभाषित लाभ योजनाबाट उत्पन्न हुने स्थगित करको सबै बिमाकिंत लाभ र खुद नोक्सान र कर्मचारी वा नाफा खर्चमा

कर्मचारी लाभ व्ययको परिभाषित लाभ योजनामा सम्बन्धित सबै खर्चलाई लेखाङ्कन गर्छ। परिभाषित लाभ योजना चुक्ता भएको अवस्थामा सहकारी संस्थाले त्यसको नाफा अथवा नोक्सान लेखाङ्कन गर्दछ । परिभाषित लाभ योजनामा हुनुपर्ने योगदान सहकारीको कर्मचारी संख्या न्युन तथा खर्च तथा लाभ तुलना गर्दा विमाकं गणनाले वित्तीय विवरणमा सारभुत असर नपार्ने हुनाले कर्मचारीको पाकेको सेवा अवधिको आधारमा उपदान, कर्मचारी औषधि उपचार तथा विदा खर्चको व्यवस्था रकम निर्धारण गरिएको छ ।

**इ) रद्द लाभ (Termination Benefis)**

जब सहकारी संस्थाले फिर्ता निकाल्ने यथार्थपरक सम्भावना बिना, सामान्य सेवा निवृत्ति मिति अघि रोजगार समाप्त गर्ने औपचारिक विस्तृत योजनाको लागि वा स्वेच्छिक रिडान्डन्सीहरूलाई प्रोत्साहन गर्ने प्रस्तावको परिणामस्वरूप समाप्ति लाभ प्रदान गर्ने औपचारिक विस्तृत योजनाको लागि प्रतिबद्ध हुन्छ तब रद्द लाभलाई व्ययको रूपमा लेखाइकन गरिएको छ । अनावश्यक स्वैच्छिक रिडान्डन्सीहरूको लागि रद्द लाभलाई व्ययको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ यदि सहकारी संस्थाले स्वैच्छिक रिडन्डन्सीको प्रस्ताव गरेको छ र यो प्रस्ताव स्वीकार गरिने सम्भावना छ र स्वीकृतिहरूको संख्याको भरपर्दो अनुमान गर्न सकिन्छ । यदि सुविधाहरू रिपोर्टिङ मिति पछि १२ महिना भन्दा बढी भुक्तान योग्य छन् भने, त्यसो भए उनीहरूको हालको मूल्यमा उनीहरूलाई Discount गरिएकोछ।

**३.१४ पट्टा**

सञ्चालन पट्टा अन्तर्गत पट्टा भुक्तानी पट्टा अवधिमा भुक्तानी गर्नुपर्ने रकमलाई पट्टाको मूल्य नगण्य रहेकोले समदर अवधि प्रयोग गरि अपलेखन गरिएको छ ।

**३.१५ शेयर पूँजी र जगेडा कोष**

उपकरणमा भएको सम्झौता शर्त बमोजिम सहकारी संस्थाले पूंजी उपकरणलाई वित्तीय दायित्व वा इक्विटी उपकरणको रूपमा वर्गीकरण गरेको छ । सहकारी संस्थाको सबै दायित्वहरू कटाएपछि बाँकी रहने कूल सम्पत्तिमा बाँकी स्वार्थको रूपमा इक्विटीलाई परिभाषित गरिएको छ । साधारण शेयरलाई सहकारी संस्थाको इक्विटीको रूपमा वर्गीकरण गरिएको छ र त्यसको वितरणलाई इक्विटी विवरणमा परिवर्तनको रूपमा उल्लेख गरिएको छ ।

इक्विटीको रूपमा वर्गीकरण गरिएको साधारण शेयरको लाभांशलाई इक्विटीमा लेखाङ्कन गरिएको छ । निष्कासनमा प्रत्यक्ष रूपमा सम्बन्धित बृद्धिशिल लागतलाई इक्विटी उपकरणको प्रारम्भिक मापनबाट त्यसबाट हुने कर लाभलाई समायोजन गरी घटाइएको छ ।

## लेखा सम्बन्धी नोटहरु

### ४.१ नगद तथा नगद समान

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| नगद मौज्दात | ५,१३५,०५३.७७ | १,५३१,५३८.६२ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २१०,३८६,६३६.८१ | १५४,०५४,८७१.८५ |
| **जम्मा** | **२१५,५२१,६९०.५८** | **१५५,५८६,४१०.४७** |

### ४.२ बैंक तथा वित्तीय संस्थामा रहेका मौज्दात

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थासँग रहेको मौज्दात | ३०,०००,०००.०० | ५०,०००,०००.०० |
| **जम्मा** | **३०,०००,०००.००** | **५०,०००,०००.००** |

### ४.३ ग्राहकलाई प्रदान गरिएको कर्जा सापटी

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| परिशोधित मुल्यमा मुल्यांकन गरिएको कर्जा र सापटी (४.३.१) | ७८०,८३६,९६७.६२ | ७३७,८०५,७२४.६७ |
| **घटाउने : हानी नोक्सानी व्यवस्था** | - | - |
| एकल हानी नोक्सानी (Individual Impairment) (४.३.२) | (२५,८९४,५८४.२१) | (२२,७१४,९२५.८३) |
| सामूहिक हानी नोक्सानी (Collective Impairment) | - | - |
| **खुद रकम** | **७५४,९४२,३८३.४१** | **७१५,०९०,७९८.८४** |
| FVTPL मा मुल्यांकन गरिएको कर्जा तथा सापटी | - | - |
| **जम्मा** | **७५४,९४२,३८३.४१** | **७१५,०९०,७९८.८४** |

४.३.१ कर्जा प्रकारको आधारमा कर्जा तथा सापटीको विश्लेषण

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| बचत जमानी कर्जा | २५,०५४,८८९.५४ | २७,८७६,३०९.३३ |
| कृषि तथा पशुपालन कर्जा | २८,३२०,१५९.४६ | १४,१८९,५२२.७३ |
| घर तथा आवास कर्जा | ३६०,४७८,३२५.९२ | ३१६,६५५,६०१.३० |
| व्यावसायिक कर्जा | ३५८,८३३,९९०.१२ | ३७७,६६९,५५०.८५ |
| हायर पर्चेज कर्जा | - | १,१२३,७९५.५७ |
| शैक्षिक कर्जा | १,४२२,३३१.६० | - |
| घर उपकरण कर्जा | ५५१,९०४.४७ | - |
| कर्मचारी सहुलियत कर्जा | ६,१७५,३६६.५१ | - |
| बैदेशिक कर्जा | - | २९०,९४४.८९ |
| **जम्मा** | **७८०,८३६,९६७.६२** | **७३७,८०५,७२४.६७** |
| लिन बाँकी ब्याज | - | - |
| **जम्मा** | **७८०,८३६,९६७.६२** | **७३७,८०५,७२४.६७** |

४.३.२ हानी नोक्सानीको लागि व्यवस्था

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| **श्रावण १ को मौज्दात** | २२,७१४,९२५.८३ | १२,१४४,२६९.०० |
| यस वर्षको हानी नोक्सानी | ३,१७९,६५८.३८ | १०,५७०,६५६.८३ |
| यस वर्षको थप | ३,१७९,६५८.३८ | १०,५७०,६५६.८३ |
| यस वर्षको असुली/फिर्ता | - | - |
| अपलेखन | - | - |
| अन्य (घट)/बढ | - | - |
| **हानी नोक्सानीको लागि जम्मा व्यवस्था** | **२५,८९४,५८४.२१** | **२२,७१४,९२५.८३** |

४.४ सुरक्षणपत्रमा लगानी

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| परिशोधित लागतमा मापन गरीएको लगानी सुरक्षण पत्र | - | - |
| FVTOCI मा मापन गरीएको इक्विटीमा लगानी (४.४.१) | ६,८८७,४०० | ५,८८९,४०० |
| | **६,८८७,४००** | **५,८८९,४००** |

४.४.१ अन्य समष्टिगत आम्दानीको विवरणमा फेयर भेल्युमा मुल्याङ्कन गरीएका शेयर लगानी

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| **शेयर उपकरणहरु** | | |
| सुचिकृत शेयर | - | - |
| सुचिकृत नभएका शेयर (४.४.२) | ६,८८७,४०० | ५,८८९,४०० |
| **जम्मा** | **६,८८७,४००** | **५,८८९,४००** |

४.४.२ विभिन्न निकायको इक्विटीमा भएको लगानी सम्बन्धी जानकारी

| विवरण | २०८२ आषाढ ३२ को | | २०८१ आषाढ ३१ को | |
|---|---|---|---|---|
| | लागत | फेयर भ्यालु | लागत | फेयर भ्यालु |
| **सूचीकृत नभएको इक्विटीमा लगानी** | | | | |
| **राष्ट्रिय सहकारी बैंक लि.** | | | | |
| ५४,१०० कित्ता प्रतिशेयर रु.१०० | ५,४१०,०००.०० | ५,४१०,०००.०० | ४,४१०,०००.०० | ४,४१०,०००.०० |
| **नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.** | | | | |
| १२,५७४ कित्ता प्रतिशेयर रु.१०० | १,२५७,४००.०० | १,२५७,४००.०० | १,२५७,४००.०० | १,२५७,४००.०० |
| **सुर्खेत जिल्ला सहकारी संघ लि.** | | | | |
| ५० कित्ता प्रतिशेयर रु.१०० | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | ५,०००.०० |
| **कर्णाली प्रदेश बचत तथा ऋण सहकारी संघ लि.** | | | | |
| ५०० कित्ता प्रतिशेयर रु.१०० | ५०,०००.०० | ५०,०००.०० | ५०,०००.०० | ५०,०००.०० |
| **सुर्खेत जिल्ला बचत तथा ऋण सहकारी संघ लि.** | | | | |
| १५० कित्ता प्रतिशेयर रु.१०० | १५,०००.०० | १५,०००.०० | १५,०००.०० | १५,०००.०० |
| **जिल्ला कृषि सहकारी संघ लि. (शेयर)** | | | | |
| २० कित्ता प्रतिशेयर रु.१०० | - | - | २,०००.०० | २,०००.०० |
| **बुलबुले शित भण्डार स्टोर (शेयर)** | | | | |
| १५०० कित्ता प्रतिशेयर रु.१०० | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० |
| **कुल जम्मा** | **६,८८७,४००.००** | **६,८८७,४००.००** | **५,८८९,४००.००** | **५,८८९,४००.००** |

विभिन्न सहकारी संघहरु तथा राष्ट्रिय सहकारी बैंकमा गरेको शेयर लगानी फिर्ता गर्दा अंकित मुल्यमा मात्र फिर्ता हुने भएकोले लगानीको उचित मुल्य अंकित मुल्यमा गणना गरिएको छ।

४.५ चालु आयकर सम्पत्ति/दायित्व

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| **चालु आयकर सम्पत्ति** | **६,८०६,९३५.८९** | **१,८९२,४२८.५७** |
| चालु वर्षको आय कर सम्पत्ति | ५,८४४,७३१.४२ | ६२६,०९४.९८ |
| गत वर्षहरुको कर सम्पत्ति | ९६२,२०४.४७ | १,२६६,३३३.५९ |
| **चालु आयकर दायित्व** | **३२३,२५४.४६** | **५६६,०८६.४४** |
| चालु वर्षको आयकर दायित्व | ३२३,२५४.४६ | ५६६,०८६.४४ |
| गत वर्षहरुको कर दायित्वहरु | - | - |
| | **३२३,२५४.४६** | **५६६,०८६.४४** |
| **जम्मा आयकर सम्पत्ति/दायित्व** | **६,४८३,६८१.४३** | **१,३२६,३४२.१३** |

४.६ सम्पत्ति र उपकरण

| विवरण | जग्गा | भवन | फर्निचर तथा फिक्स्चर | कार्यालय उपकरण | सवारी | अन्य सम्पत्ति | कुल |
|---|---|---|---|---|---|---|---|
| लागत | | | | | | | |
| **श्रावण १, २०८० को मौज्दात** | ११,०१३,२३५.०० | १४,३५४,८१२.०० | १,९१५,१३५.०० | ४,२८६,८३९.०० | – | २,२२८,५९२.०० | ३३,७९८,६१३.०० |
| यस वर्ष थप गरिएको | – | ४५०,०००.०० | १,२५४,२४३.२९ | १,९३०,९९५.५६ | – | – | ३,६३५,२३८.८५ |
| अधिग्रहण | – | ४५०,०००.०० | १,२५४,२४३.२९ | १,९३०,९९५.५६ | – | – | ३,६३५,२३८.८५ |
| पुंजीकरण | – | – | – | – | – | – | – |
| समिक्षा वर्षमा निसर्ग | – | – | – | – | – | – | – |
| समायोजन/पुर्नमुल्याङकन | – | – | – | – | – | – | – |
| **२०८१ असार अन्त्यसम्मको मौज्दात** | **११,०१३,२३५.००** | **१४,८०४,८१२.००** | **३,१६९,३७८.२९** | **६,२१७,८३४.५६** | **–** | **२,२२८,५९२.००** | **३७,४३३,८५१.८५** |
| **श्रावण १, २०८१ को मौज्दात** | ११,०१३,२३५.०० | १४,८०४,८१२.०० | ३,१६९,३७८.२९ | ६,२१७,८३४.५६ | – | २,२२८,५९२.०० | ३७,४३३,८५१.८५ |
| यस वर्ष थप गरिएको | – | – | ८२,२६९.३३ | ९४६,८५१.०५ | – | – | १,०२९,१२०.३८ |
| अधिग्रहण | – | | | | – | – | – |
| पुँजीकरण | – | – | ८२,२६९.३३ | ९४६,८५१.०५ | – | – | १,०२९,१२०.३८ |
| समिक्षा वर्षमा निसर्ग | – | – | – | – | – | – | – |
| समायोजन/पुर्नमुल्याङकन | – | – | – | – | – | – | – |
| **२०८२ असार अन्त्यसम्मको मौज्दात** | **११,०१३,२३५.००** | **१४,८०४,८१२.००** | **३,२५१,६४७.६२** | **७,१६४,६८५.६१** | **–** | **२,२२८,५९२.००** | **३८,४६२,९७२.२३** |

४.६ सम्पत्ति र उपकरण

| विवरण | जग्गा | भवन | फर्निचर तथा फिक्स्चर | कार्यालय उपकरण | सवारी | अन्य सम्पत्ति | कुल |
|---|---|---|---|---|---|---|---|
| **ह्रासकट्टी र हानी नोक्सानी** | | | | | | | |
| **श्रावण १, २०८० को मौज्दात** | - | ३,१७५,७९७.०० | १,२०९,९५०.०० | २,९५५,३६९.०० | - | २,२२८,५९१.०० | ९,५६९,७०७.०० |
| समीक्षा वर्षको ह्रासकट्टी शुल्क | - | ३६०,७४५.३२ | ५२६,४८२.६० | १,०४८,३९१.१२ | - | - | १,९३५,६१९.०३ |
| समीक्षा वर्षका लागि हानी नोक्सानी | - | - | - | - | - | - | - |
| निसर्ग | - | - | - | - | - | - | - |
| समायोजन | - | - | १४,६००.३५ | - | - | - | १४,६००.३५ |
| **२०८१ असार अन्त्यसम्मको मौज्दात** | - | ३,५३६,५४२.३२ | १,७५१,०३२.९५ | ४,००३,७६०.१२ | - | २,२२८,५९१.०० | ११,५१९,९२६.३८ |
| **श्रावण १, २०८१ को मौज्दात** | - | ३,५३६,५४२.३२ | १,७५१,०३२.९५ | ४,००३,७६०.१२ | - | २,२२८,५९१.०० | ११,५१९,९२६.३८ |
| समीक्षा वर्षको ह्रासकट्टी शुल्क | - | ३७०,१२०.३२ | ४८१,९२८.९१ | ९१८,३७१.९१ | | | १,७७०,४२१.१४ |
| समीक्षा वर्षका लागि हानी नोक्सानी | - | - | - | - | - | - | - |
| निसर्ग | - | - | - | - | - | - | - |
| समायोजन | - | - | - | - | - | - | - |
| **२०८२ असार अन्त्यसम्मको मौज्दात** | - | ३,९०६,६६२.६३ | २,२३२,९६१.८६ | ४,९२२,१३२.०३ | - | २,२२८,५९१.०० | १३,२९०,३४७.५२ |
| **२०८२ असार अन्त्यसम्म खुद मौज्दात** | ११,०१३,२३५.०० | १०,८९८,१४९.३७ | १,०१८,६८५.७६ | २,२४२,५५३.५८ | - | १.०० | २५,१७२,६२४.७१ |
| **२०८१ असार अन्त्यसम्म खुद मौज्दात** | ११,०१३,२३५.०० | ११,२६८,२६९.६८ | १,४१८,३४५.३४ | २,२१४,०७४.४४ | - | १.०० | २५,९१३,९२५.४७ |

४.७ ख्याति तथा अमूर्त सम्पत्ति

| विवरण | ख्याति | सफ्टवेयर | | | जम्मा |
|---|---|---|---|---|---|
| | | खरिद गरिएको | निर्माण गरिएको | अन्य | |
| **लागत** | | | | | |
| **श्रावण १, २०८० को मौज्दात** | - | - | - | १७७,000.00 | १७७,000.00 |
| यस वर्ष थप गरिएको | - | - | - | - | - |
| अधिग्रहण | - | - | - | - | - |
| पुँजीकरण | - | - | - | - | - |
| समिक्षा वर्षमा निसर्ग | - | - | - | - | - |
| समायोजन/पुर्नमुल्याङकन | - | - | - | - | - |
| **२०८१ असार अन्त्यसम्मको मौज्दात** | **-** | **-** | **-** | **१७७,000.00** | **१७७,000.00** |
| **श्रावण १, २०८१ को मौज्दात** | - | **-** | - | **१७७,000.00** | **१७७,000.00** |
| यस वर्ष थप गरिएको | - | ३९९,९९९.६६ | - | - | ३९९,९९९.६६ |
| अधिग्रहण | - | - | - | - | - |
| पुँजीकरण | - | ३९९,९९९.६६ | - | - | ३९९,९९९.६६ |
| समिक्षा वर्षमा निसर्ग | - | - | - | - | - |
| समायोजन / पुर्नमुल्याङकन | - | - | - | - | - |
| **२०८२ असार अन्त्यसम्मको मौज्दात** | **-** | **३९९,९९९.६६** | **-** | **१७७,000.00** | **५७६,९९९.६६** |
| **परिशोधन र हानी नोक्सानी** | | | | | |
| **२०८० असार अन्त्यसम्मको मौज्दात** | - | - | - | १२५,१८०.00 | १२५,१८०.00 |
| समीक्षा वर्षका लागि हानी नोक्सानी | - | - | - | - | - |
| समीक्षा वर्षको परिशोधन | - | - | - | १८,२८५.00 | १८,२८५.00 |
| निसर्ग | - | - | - | - | - |
| समायोजन | - | - | - | - | - |
| **२०८१ असार अन्त्यसम्मको मौज्दात** | | **-** | **-** | **१४३,४६५.00** | **१४३,४६५.00** |
| **श्रावण १, २०८१ को मौज्दात** | - | - | - | **१४३,४६५.00** | **१४३,४६५.00** |
| समीक्षा वर्षको परिशोधन | - | ७९,९९९.९३ | - | १८,२८५.00 | ९८,२८४.९३ |
| समीक्षा वर्षका लागि हानी नोक्सानी | - | - | - | - | - |
| निसर्ग | - | - | - | - | - |
| समायोजन | - | - | - | - | - |
| **२०८२ असार अन्त्यसम्मको मौज्दात** | - | **७९,९९९.९३** | **-** | **१६१,७५०.00** | **२४१,७४९.९३** |
| **२०८२ असार अन्त्यसम्मकोखुद मौज्दात** | **-** | **३१९,९९९.७३** | **-** | **१५,२५०.00** | **३३५,२४९.७३** |
| **२०८१ असार अन्त्यसम्मकोखुद मौज्दात** | **-** | **-** | **-** | **३३,५३५.00** | **३३,५३५.00** |

P. Bhatta & Associates ★ Chartered Accountants ★

४.८ स्थगन कर सम्पत्ति/(दायित्व)

| विवरण | स्थगन कर सम्पत्ति | स्थगन कर दायित्व | २०८२।०३।३२ को खुद स्थगन कर सम्पत्ति/(दायित्व) |
|---|---|---|---|
| अस्थायी भिन्नताको आधारमा स्थगन कर | - | - | - |
| वित्तीय संस्थालाई कर्जा | - | - | - |
| सदस्यलाई कर्जा | - | - | - |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | - |
| सम्पत्ति र उपकरण | - | (२४,३३५.१८) | (२४,३३५.१८) |
| कर्मचारीको परिभाषित लाभ दायित्व | - | - | - |
| संचित बिदा बापतको दायित्व | - | - | - |
| औषधि उपचार दायित्व | - | - | - |
| पट्टा सम्बन्धी दायित्व | - | - | - |
| कर्जा नोक्सानी व्यवस्था | - | - | - |
| अन्य अस्थायी भिन्नता | - | - | - |
| **अन्य अस्थायी भिन्नतामा स्थगन कर** | **-** | **(२४,३३५.१८)** | **(२४,३३५.१८)** |
| व्यवसायबाट व्यहोर्नु परेको विगतका आर्थिक वर्षहरूको कट्टी हुन नपाएको नोक्सानी | - | - | - |
| करको दरमा भएको परिवर्तनबाट स्थगन कर | - | - | - |
| **२०८२ असार ३२ को खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | **-** | **-** | **२८३,१०१.८२** |
| **२०८१ असार ३१ को खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | - | - | ३०७,४३७.०० |
| चालु वर्षमा बढेको/(घटेको) | - | - | (२४,३३५.१८) |
| नाफा अथवा नोक्सानमा लेखांकन भएको स्थगन कर (खर्च/आम्दानी) | - | - | - |
| अन्य विस्तृत आम्दानीमा लेखांकन भएको स्थगन कर (खर्च/आम्दानी) | - | - | - |
| इक्विटीमा प्रत्यक्ष लेखांकन भएको स्थगन कर (खर्च/आम्दानी) | - | - | - |

४.९ अन्य सम्पत्तिहरु

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| उठ्न बाँकी आसामी | २,१०६,९३२.४४ | १,७०४,५०७.४१ |
| शाखा हिशाव | ५३०,११९.५५ | ८,६८१.४० |
| कुवेर थापा | - | १५,०००.०० |
| अग्रिम भुक्तानी र धरौटी | ७६३,६८५.५८ | ५९०,४५०.०० |
| अन्य | ८९१.९६ | - |
| **कुल जम्मा** | **३,४०१,६२९.५३** | **२,३१८,६३८.८१** |

४.१० सदस्यहरुको निक्षेप

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| मासिक बचत | १७५,६९१,४९४.३३ | १६२,७४६,१५३.०६ |
| स्वैच्छिक बचत | २४२,८९९,८८८.८४ | १७३,१७२,९८८.१८ |
| मुद्धति बचत | ३२२,३४१,३९०.५६ | ३६१,७८६,३४४.५६ |
| दैनिक बचत | २९,८०३,२४१.६० | २५,७१३,८३९.७३ |
| बाल बचत | ८३,००७,९०७.९८ | ७२,५९३,३४९.८८ |
| पेन्सन बचत | ०.०० | ५६,५२९.२५ |
| खुत्रुके बचत | ०.०० | ५,०५८.०६ |
| कर्मचारी संचयकोष बचत | २,८६०.६८ | २,१५०.६८ |
| गृहिणी बचत | १,७४२,५९८.४१ | १,५३१,८२७.८२ |
| अक्षयकोष बचत | ३,१४४,५६०.७९ | २,८३१,८८९.७३ |
| ऋण बचत | ९,०८५,१९४.३३ | ९,०२९,५७९.९९ |
| भावी जिवन बचत | २९८,५९५.७२ | २५०,८८२.४२ |
| स्वास्थ्य बचत | २१,६४५.८९ | २०,५८५.५७ |
| मुद्धति व्याज बचत | १४,०९७,५९२.०६ | १,१३३.४४ |
| चाडपर्व बचत | १,३६५,९४८.४७ | १,५५९,१२७.४० |
| **जम्मा** | **८८३,५०२,९१९.६६** | **८११,३०१,४३९.७७** |

४.११ सापटी

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| बैंक | - | - |
| अन्य | - | ०.०० |
| **कुल जम्मा** | **०.००** | **०.००** |

४.१२ नोक्सानी व्यवस्थाहरु

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| चलिरहेको कानुनी तथा कर मुद्दाको लागि व्यवस्था | - | - |
| मुद्दा | - | - |
| अन्य | - | - |
| **जम्मा** | | **-** |

P. Bhatta & Associates * Chartered Accountants *

४.१३ अन्य दायित्वहरु

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| कर्मचारी उपदान दायित्व | २,४६७,०३५.४० | २,४६७,०३५.४० |
| विदाको लागि दायित्व | ३,८५६,४८९.५० | ३,३५६,४८९.५० |
| औषधि उपचार व्यवस्था | १,७३९,४५२.९५ | १,७३९,४५२.९५ |
| कर्मचारी प्रोत्साहन | १,०००,०००.०० | - |
| साहु र दिन बाँकी | ८५५,६३१.०९ | ४०२,०००.०० |
| निक्षेपमा भुक्तानी गर्न बाँकी व्याज | ९,९४४,५७३.११ | - |
| भुक्तानी गर्नुपर्ने लेखापरीक्षण शुल्क | १८७,०००.०० | १८७,०००.०० |
| भुक्तानी गर्नुपर्ने कर कट्टी | ७७३,८२४.१४ | १,११४,२००.८९ |
| अन्य | १४२,५०२.४७ | ७२,६००.०० |
| **जम्मा** | **२०,९६६,५०८.६६** | **९,३३८,७७८.७४** |

४.१४ शेयर पुँजी

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| साधारण सेयरहरु | ८०,६३६,१००.०० | ७८,७६९,४००.०० |
| **जम्मा** | **८०,६३६,१००.००** | **७८,७६९,४००.००** |

४.१५ इक्विटीमा वर्गीकरण हुने अन्य कोषहरु

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| संरक्षित पुजी फिर्ता कोष | २०८,९०७.३९ | ९१७,४८६.१९ |
| सहकारी प्रबर्द्धन कोष | ४,१७८.१५ | १८,३४९.८६ |
| शेयर लाभास कोष | ३११,२७२.०१ | १,७३९,४६५.३२ |
| सदस्य राहत कोष | १,४९४,८१४.४० | १२२,९३६.०० |
| कर्मचारी बोनस कोष | ६२,२५४.४० | २७३,४१०.६४ |
| सहकारी शिक्षा कोष | ३१,१२७.२० | १३६,७०५.४५ |
| सहकारी विकास कोष | ३१,१२७.२० | १३६,७०५.४५ |
| घाटापुर्ति कोष | ९३२,४५३.७३ | ९०१,३२६.५३ |
| सामुदायिक विकास कोष | ३१,१२७.२० | १३६,७०५.४५ |
| स्थिरिकरण कोष | ३१,१२७.२० | १३६,७०५.५३ |
| अन्य जोखिम कोष | ३१,१२७.२० | १३६,७०५.४५ |
| **जम्मा** | **३,१६९,५१६.०८** | **४,६५६,५०१.८५** |

४.१६ सम्भावित दायित्व र प्रतिवद्धता

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| सम्भावित दायित्व | - | - |
| वितरण नगरिएको कर्जा सुविधाहरु | - | - |
| पुँजीगत प्रतिवद्धता | - | - |
| पट्टा (लिज) प्रतिवद्धता | - | - |
| मुद्दा मामिला | - | - |
| अन्य | - | - |
| **जम्मा** | **-** | **-** |

४.१६.१ पुँजीगत प्रतिवद्धता

पुँजीगत खर्चको लागि संस्थाको सम्बन्धित अख्तियारीबाट स्वीकृत भएको तर वित्तीय विवरणमा नदेखाईएको ।

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| **सम्पति र उपकरणको सम्बन्धमा पुँजीगत प्रतिवद्धताहरु** | | |
| स्वीकृत र सम्झौता गरिएको | - | - |
| स्वीकृत गरिएको तर सम्झौता नगरिएको | - | - |
| **जम्मा** | | - |
| **अमूर्त सम्पतिको सम्बन्धमा कुल प्रतिवद्धताहरु** | | |
| स्वीकृत र सम्झौता गरिएको | - | - |
| स्वीकृत गरिएको तर सम्झौता नगरिएको | - | - |
| **जम्मा** | - | - |
| **कुल जम्मा** | - | - |

४.१६.२ पट्टा (लिज) प्रतिवद्धता

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| सञ्चालन पट्टा प्रतिवद्धता | - | - |
| संस्थाले पट्टा लिएको खण्डमा रद्द गर्न नसकिने पट्टा सम्झौता अनुसार घटीमा तिर्नु पर्ने भविष्यको रकम | - | - |
| एक वर्ष ननाघेको | - | - |
| एक वर्ष भन्दा बढी ५ वर्ष भन्दा कम | - | - |
| ५ वर्ष माथिको | - | - |
| **जम्मा** | - | - |
| **वित्तीय पट्टा प्रतिवद्धता** | | |
| संस्थाले पट्टा लिएको खण्डमा रद्द गर्न नसकिने पट्टा सम्झौता अनुसार घटीमा तिर्नु पर्ने भविष्यको रकम | - | - |
| एक वर्ष ननाघेको | - | - |
| एक वर्ष भन्दा बढी ५ वर्ष भन्दा कम | - | - |
| ५ वर्ष माथिको | - | - |
| **जम्मा** | - | - |
| **कुल जम्मा** | - | - |

४.१६.३ मुद्दा मामिला

| विवरण | २०८२ आषाढ ३२ मसान्तको | २०८१ आषाढ ३१ मसान्तको |
|---|---|---|
| बिबिध | - | - |
| **जम्मा** | - | - |

P. Bhatta & Associates Chartered Accountants

### ४.१७ व्याज आम्दानी

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---|---|
| बैंक तथा वित्तीय संस्था मौज्दातवाट व्याज आम्दानी | ५,०७१,७८७.३४ | ८,१९२,४३७.५६ |
| सदस्यलाई कर्जा तथा सापटीवाट व्याज आम्दानी | ९४,१९८,१४०.९५ | १०३,०००,१६३.८८ |
| लगानी सुरक्षण पत्र | - | - |
| कर्मचारीलाई कर्जा तथा सापटी | - | - |
| अन्य | - | - |
| **जम्मा व्याज आम्दानी** | **९९,२६९,९२८.२९** | **१११,१९२,६०१.४४** |

### ४.१८ व्याज खर्च

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---|---|
| सदस्यबाट निक्षेपको व्याज खर्च | ६८,६३४,४१८.३६ | ६६,९८९,१५३.१४ |
| सापटीमा व्याज खर्च | - | ८,२७८,४८८.४४ |
| अन्य (बाह्य ऋण सेवा शुल्क खर्च) | - | - |
| **जम्मा व्याज खर्च** | **६८,६३४,४१८.३६** | **७५,२६७,६४१.५८** |

### ४.१९ शुल्क तथा कमिशन आम्दानी

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---|---|
| सदस्यता शुल्क | २०,९५१.०० | ९,०५०.०० |
| सेवा शुल्क | ५,४८०,८६९.०० | ४,५१५,२१५.०० |
| विलम्ब शुल्क | १,४२४,९७४.३४ | ३०८,३११.६३ |
| खाता बन्दि शुल्क | २२,५००.०० | ११,८५१.९५ |
| पास बूक शुल्क | १५,७००.०० | २८,५२९.०० |
| राहात कोष | - | - |
| मोवाईल बैकिंग शुल्क | १२२,१००.०० | - |
| एस.एम.एस शुल्क | ११,३००.०० | ७६,६००.०० |
| ऐजेन्सि कमिशन आम्दानी | १७,५४९.१८ | २३,४३५.४० |
| अन्तर सहकारी भेटघाट शुल्क | - | १,०००.०० |
| धितो परिर्वतन शुल्क | - | १,५००.०० |
| समितिको दरखास्त शुल्क | - | ३४,६००.०० |
| ए.टि.एम शुल्क | - | ११,५०५.०० |
| अन्य आम्दानी | ९२,०८६.०५ | ७३२,०६४.४१ |
| **जम्मा शुल्क तथा कमिशन आम्दानी** | **७,२०८,०२९.५७** | **५,७५३,६६२.३९** |

### ४.२० शुल्क तथा कमिशन खर्च

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---|---|
| अन्य खर्च | - | - |
| **जम्मा शुल्क तथा कमिशन खर्च** | **-** | **-** |

४.२१ खुद व्यापारिक आम्दानी

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---|---|
| व्यापारिक सम्पत्तिको फेयर भ्याल्यू परिवर्तन | - | - |
| व्यापारिक सम्पत्तिको निसर्गमा लाभ/हानी | - | - |
| अन्य | - | - |
| **जम्मा खुद व्यापारिक आम्दानी** | **-** | **-** |

४.२२ अन्य सञ्चालन आम्दानी

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---|---|
| इक्विटी उपकरणमा लाभाँश | - | ४३,०९४.४७ |
| सम्पत्ति लगानी बिक्रीमा लाभ/घाटा | - | - |
| हल भाडा आम्दानी | ९८,५००.०० | ७४,७००.०० |
| **जम्मा अन्य सञ्चालन आम्दानी** | **९८,५००.००** | **११७,७९४.४७** |

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---|---|
| सदस्यलाई दिने कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था/(फिर्ता | ३,१७९,६५८.३८ | १०,५७०,६५६.८३ |
| सम्पत्ति र उपकरणमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| लगानी सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| **जम्मा** | **३,१७९,६५८.३८** | **१०,५७०,६५६.८३** |

४.२४ कर्मचारी खर्च

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---|---|
| तलब | १२,३४२,५१८.६० | ९,६८३,४४९.३० |
| भत्ता | ४८५,०००.०० | ३०२,५००.०० |
| ग्रेड | १८१,३००.०० | १५२,४४८.०० |
| दशैं | ८७३,६३६.०० | ६९१,६५५.०० |
| ओभर टाइम | ३७९,४४४.०० | ३२७,३७०.३५ |
| सामाजिक सुरक्षा कोष | २,३७५,२२९.६० | १,६८६,८३८.१४ |
| संचय कोष | - | ०.०० |
| पोशाक | ३५०,०००.०० | ०.०० |
| विदा बापतको भुक्तानी | ५००,०००.०० | ०.०० |
| प्रोत्साहन खर्च | १,८००,०००.०० | ०.०० |
| बिमा | २३७,३०८.०० | १४१,५५६.०० |
| **कुल जम्मा** | **१९,५२४,४३६.२०** | **१२,९८५,८१६.७९** |

४.२५ अन्य सञ्चालन खर्च

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---|---|
| समिति खर्च | ७२०,०००.०० | ७६८,८००.०० |
| समिक्षा बैठक खर्च | - | १५,८४०.०० |
| लेखापरीक्षकको पारिश्रमिक | १८७,०००.०० | १८७,०००.०० |
| बीमा | २८१,७६४.०० | ३६०,६८०.६८ |
| पोष्टेज, टेलेक्स, टेलिफोन तथा फयाक्स | ४३,५००.०० | ४०,४९०.०० |
| मसलन्द | ३२७,७४६.११ | २५१,०८७.२५ |
| छपाई तथा प्रकाशन | ४९६,८६२.७८ | ३७९,२६९.३० |
| कार्यालय भाडा खर्च | १,०८८,१४१.०० | ९८२,१२८.०० |
| बिजुली, पानी खर्च | २३१,०५६.९० | २३०,०४१.०० |
| मर्मत सम्भार खर्च | ३४१,३२१.२७ | ३१०,९१३.५६ |
| बगैचा व्यवस्थापन | २५,९४५.०० | ३६,६६५.०० |
| नविकरण शुल्क | १५२,८७०.९८ | ८८,३५३.६३ |
| विविध | १३२,२५८.२९ | ३११,०५७.११ |
| विज्ञापन तथा पत्रपत्रिका | ३७,४८०.०३ | ४२,९८८.३१ |
| भ्रमण भत्ता र खर्च | १८४,८००.०० | १२१,९००.०० |
| इन्धन खर्च | २६,९८८.०० | २५,७४७.०० |
| कार्यालय चिया तथा खाजा खर्च | १८३,८४०.०० | २९९,५५०.०० |
| बार्षिक साधारणसभा खर्च | ४,२७९,०१९.४१ | ४,६९९,२३८.६१ |
| बार्षिक स्थापना खर्च | ३४१,४९७.८२ | २३१,६५३.५७ |
| पिकनिक खर्च | ४९,९६४.३७ | - |
| एस.एम.एस खर्च | ४३५,२६७.५६ | १४२,९९४.४० |
| ए.टि.एम दर्ता तथा अन्य खर्च | ८,०००.०० | १२,०००.०० |
| ऋण अपलेखन खर्च | १,११४,७६०.७७ | - |
| सफ्टवेयर नविकरण खर्च | २२६,०००.०० | १६२,३००.०० |
| ईन्टरनेट खर्च | १७२,५६१.९७ | १८६,९६४.०० |
| पूजा खर्च | २९,३६३.५८ | १६,७३४.७० |
| सदस्य सर्वेक्षण खर्च | - | ४९,४२०.०० |
| खाता बन्दि  खर्च | ७५,०००.०० | ७२,६००.०० |
| बैक कमिशन खर्च | ५,०००.४४ | ३,१०४.४५ |
| सुत्केरि राहत | १५६,०००.०० | २०८,०००.०० |
| बाल सदस्य छात्रावृत्ति | - | १५,०००.०० |
| अपांग भत्ता | १,९०५.८८ | ६००.०० |
| बाल सदस्य जन्म उत्सव खर्च | ९५,११५.०० | ९७,८००.०० |
| श्रद्धाञ्जली राहत | १६१,६३०.०० | १३६,७००.०० |
| प्रोवेशन कार्यक्रम | - | १६२,६७०.०० |
| तालिम | २९४,८१५.३१ | १५५,९५१.३७ |
| **जम्मा** | **११,९०७,४७६.४७** | **१०,८०६,२४१.९४** |

### ४.२६ ह्रासकट्टी र परिशोधन

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---:|---:|
| सम्पत्ति र उपकरणमा ह्रासकट्टी | १,७७०,४२१.१४ | १,९३५,६१९.०३ |
| लगानी सम्पत्तिमा ह्रासकट्टी | - | - |
| अमुर्त सम्पत्तिमा परिशोधन | ९८,२८४.९३ | १८,२८५.०० |
| **जम्मा** | **१,८६८,७०६.०७** | **१,९५३,९०४.०३** |

### ४.२७ आयकर खर्च

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---:|---:|
| **हालको कर खर्च** | **३२३,२५४.४६** | **५६६,०८६.४४** |
| यस वर्ष | ३२३,२५४.४६ | ५६६,०८६.४४ |
| गत वर्षको लागि समायोजन | - | - |
| **स्थगन कर खर्च** | **२४,३३५.१८** | **२०,४५१.००** |
| अल्पकालिन भिन्नताहरुको शुरुवात र रिभर्सल | २४,३३५.१८ | २०,४५१.०० |
| करको दरमा आएको परिवर्तन | - | - |
| पहिले लेखांन नगरिएको कर नोक्सानी | - | - |
| **जम्मा कर खर्च** | **३४७,५८९.६४** | **५८६,५३७.४४** |

### ४.२७.१ कर खर्च र लेखा मुनाफाको मिलान

| विवरण | २०८२ आषाढ ३२ सम्मको | २०८१ अषाढ ३१ सम्मको |
|---|---:|---:|
| कर अघिको नाफा | १,४६१,७६२.३८ | ५,४७९,७९७.१३ |
| १० प्रतिशत का करको दरले हुने कर रकम | ३२३,२५४.४६ | ५६६,०८६.४४ |
| जोड्ने : करको निम्ति घटाउन नमिल्ने खर्चहरुले करमा पर्ने असर | - | - |
| घटाउने : छुट आयमा पर्ने करको असर | - | - |
| जोड्ने/घटाउने :अन्य वस्तुहरुको करमा असर | - | - |
| **कुल आय कर खर्च** | **३२३,२५४.४६** | **५६६,०८६.४४** |
| प्रभावकारी करको दर | २२.११ | १०.३३ |

## ५. प्रकटीकरण र थप जानकारी

### ५.१ जोखिम व्यवस्थापन

सहकारी संस्थामा हुने कारोबारमा विभिन्न खालका जोखिमहरू अर्न्तनिहित हुने गर्दछन । संभावित जोखिमको पहिचान, मापन र नियमित अनुगमन पश्चात सो को कारण सहकारी संस्थामा पार्न सक्ने जोखिमलाई न्यूनीकरण गर्नु नै प्रमुख उपाय हुने गर्दछ । जोखिम व्यवस्थापन समितिमा जम्मा ३ जना सदस्य रहेका छन् । २ जना सदस्य सञ्चालक समितिबाट र सहकारीको प्रबन्धक १ गरी ३ जनाको समिति रहको छ। आर्थिक वर्ष २०८१/०८२ मा यस समितिको बैठक १ पटक बसेको छ ।

यस समितिले मुख्य रूपमा आधारभूत जोखिमहरू जस्तैः कर्जा जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, ब्याजदर जोखिम र बाहय अर्थात बजार जोखिम सम्बन्धी जोखिमलाई नियमित रूपमा पहिचान गर्ने, अनुगमन गर्ने, मुल्याङ्कन गर्ने र न्यूनीकरण गर्न आवश्यक जानकारी व्यवस्थापन र सञ्चालक समितिलाई सल्लाह प्रदान गर्ने गर्दछ । यस समितिले नियमित रूपमा सुपरिवेक्षण र अनुगमन गरी अर्न्तनिहित जोखिमहरू जस्तैः कर्जाको गुणस्तर, ब्याजदरमा भएको उतार चढाव, तरलताको अवस्था र बाह्य जोखिमहरूको नियन्त्रण तथा न्युनीकरणमा नीतिगत व्यवस्था, नियम र मापदण्ड लागू गरी सो सम्बन्धी प्रतिवेदनहरू उपलब्ध गराउने गर्दछ । जोखिम व्यवस्थापन विभागद्वारा जोखिम व्यवस्थापनका लागि नियम, प्रक्रिया र बिधिहरू नियमित रूपमा समिक्षा गर्ने संयन्त्र विकास गरी कार्यान्वयन गरिएका छन् । हालको परिप्रेक्ष्यलाई मध्यनजर गर्दै सहकारी संस्थाले जोखिम व्यवस्थापनलाई उच्च प्राथमिकता दिई जोखिम मुल्यांकन गर्दै आएको छ । जोखिम व्यवस्थापनलाई सहकारी संस्थाले फरक दृष्टिकोण र उच्च सबल रणनीतिक रूपमा अगाडी बढाई रहेको छ। जोखिम व्यवस्थापन समितिमा निम्न बमोजिमका पदाधिकारीहरू रहेका छन् ।

| क्र. स. | पदाधिकारीको नाम | पद |
|---|---|---|
| १ | नवराज कंडेल (संचालक समिति अध्यक्ष) | संयोजक |
| ३ | संजय योगी (संचालक समिति कोषाध्यक्ष) | सदस्य |
| ३ | हिमलाल गौतम (व्यवस्थापक) | सदस्य |

### जोखिम व्यवस्थापन नीति, नियम र मापदण्ड

सहकारी संस्थाको सर्वोच्च निकायको रूपमा रहेको सञ्चालक समितिले दैनिक रूपमा हुने वित्तीय कारोबारहरूमा देखा पर्न सक्ने विभिन्न खालका जोखिमहरूलाई न्युनीकरण गरी कारोवार सुचारू रूपले सञ्चालनको सुनिश्चितता र नियामक निकायले जारी गरेको निर्देशनहरूको प्रभावकारी पालनाका लागि नीति, नियम र मापदण्ड बनाउन र कार्यान्वयन गर्ने गरेको छ । दैनिक कारोबारहरूको सिलसिलामा देखा पर्ने विभिन्न खालका जोखिमहरूको शुक्ष्म विश्लेषण र समिक्षा गरी जोखिम व्यवस्थापनलाई आवश्यक नीति नियम र मापदण्ड लागू गर्ने गर्दछ । सहकारी संस्थामा देखा पर्न सक्ने जोखिमलाई तरलता जोखिम बजार जोखिम, कर्जा जोखिमको र वित्तीय सम्पत्ति र दायित्वहरूको उचित मूल्यको जोखिमको रूपमा वर्गीकृत गरेको छ ।

### जोखिम व्यवस्थापन

सहकारी संस्थाले उद्यमस्तरमा देखापर्न सक्ने जोखिमहरूको व्यवस्थापनका लागी नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरिसकेको छ । कर्मचारी बीच स्वामित्व मानसिकता, क्षमता अभिबृद्धि प्रष्ट रूपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृति मार्फत वित्तीय संस्थाले जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ । सहकारी संस्थाको क्षेत्रमा संभावित विभिन्न खालका जोखिमहरू जस्तै : कर्जा जोखिम, सञ्चालन जोखिम, ब्याजदर जोखिम जस्ता जोखिमहरूको पहिचान, मापन तथा मुल्यांकन गरी सोको कारण सहकारी संस्थामा पर्न सक्ने असरहरूलाई न्युनीकरण गर्न सञ्चालक समिति अध्यक्षको संयोजकत्वमा गठित जोखिम व्यवस्थापन समिति सदैव उत्तरदायी र जिम्मेवार रहेको छ । सहकारी संस्थाले प्रशासनिक संरचनालाई व्यवस्थित तवरबाट विकास गरेको छ जसले प्रत्येक तहमा उत्पन्न हुन सक्ने जोखिमलाई न्युनीकरण गर्न सकिने व्यवस्था गरेको छ । सम्भावित जोखिम पहिचान पश्चात सम्बन्धित विभाग मार्फत व्यवस्थापन समिति र सञ्चालक समितिमा जानकारी गराइने व्यवस्था लागू गरिएको छ ।

**आन्तरिक नियन्त्रण प्रणाली**

सहकारी संस्थाको रणनीति र उद्देश्यहरूको उपलब्धिका क्रममा सञ्चालक समितिले लागू गरेका विभिन्न आन्तरिक नियन्त्रण प्रणालीहरू चुस्तदुरूस्त कार्यान्वयनमा व्यवस्थापन उत्तरदायी रहेको छ भने समिति सदैव जिम्मेवार रहने गर्दछ । सहकारी संस्थाका सम्पुर्ण गतिविधिहरू तोकिएको सीमा तथा नियन्त्रण परिधि भित्र रही कार्य सम्पादन भएको हुनुपर्दछ जसले गर्दा संस्थाको आधारभुत लक्ष्यहरू : सामाजिक तथा समावेशी सेवा, वित्तीय पहुँच, वित्तीय साक्षरता, स्वरोजगारी सिर्जना मार्फत गरिवी निवारण, नयाँ व्यवसायिक अवसरहरू, सञ्चालन मुनाफा जस्ता लक्ष्यहरू हासिल गर्न सम्भावित जोखिम न्युनीकरण सहित सहयोग पुग्ने गर्दछ । सञ्चालक समितिले सम्भावित जोखिम पहिचान जोखिम मूल्यांकन, जोखिम न्यूनीकरण र नियन्त्रण र अनुगमनको नीति र प्रक्रियाहरू व्यवस्था गरेको छ ।

**५.१.१ तरलता जोखिम**

सहकारी संस्थाले अल्पकालिन वित्तीय दायित्वहरू पूरा गर्न असमर्थ रहेमा तरलता जोखिम सिर्जना हुने गर्दछ । नगद वा नगद सरह अन्य वित्तीय सम्पतिहरूको व्यवस्थित गरी वितीय दायित्वहरू पूरा गर्न वित्तीय संस्थाले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ । वितीय अवस्थालाई प्रतिकुल प्रभाव नपारी अल्पकालिन दायित्व पूरा गर्ने सहकारी संस्थाको क्षमता सुनिश्चित गर्नु नै तरलता व्यवस्थापन रहेको छ । सहकारी संस्थाले तरलता जोखिम व्यवस्थापन गर्न विभिन्न वित्तीय औजारहरू उपयोग गरिरहेको हुन्छ जस्तै : भल्ट नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा अन्य वित्तीय उपकरणहरू, आदि । स्थीर र तरल सम्पतिहरू बीच सामञ्जस्यता कायम गरी वित्तीय स्रोत परिचालन गरिएको छ ।

**५.१.२ ब्याजदर जोखिम**

वित्तीय उपकरणहरूको Fair Value, इक्विटीको मूल्य वा भविष्यमा नगद प्रवाहमा आउन सक्ने सम्भावित उतारचढावको जोखिम नै ब्याजदर जोखिम हो । ब्याजदरको कारण उतारचढाव आउन सक्ने सम्पत्ति र दायित्वहरूलाई संलग्न गरी संवेदनशील सम्पत्ति र दायित्वको गणना गरिएको छ र सोको कारण उत्पन्न हुन सक्ने जोखिमको विश्लेषण गर्ने गरिएको छ ।

**५.१.३ कर्जा जोखिम**

कर्जा जोखिम भनेको सहकारी संस्था र सदस्य/ऋणी बीच भएको पूर्व शर्त र सहमतिहरू बमोजिम सहकारी संस्थाबाट प्रवाहित कर्जाहरू ऋणीले आफ्नो करारको दायित्व पुरा नगरी समयमा भुक्तानी गर्न असक्षमताको कारण उत्पन्न हुन सक्ने जोखिम/हानी हो । कर्जा जोखिम व्यवस्थापनको पुर्ण जिम्मेवारी सञ्चालक समितिको रहने गर्दछ जसअनुरूप सञ्चालक समितिले नियमित/समायनुकुल सम्पूर्ण नीति तथा नियमहरूको समीक्षा गर्दै आएको छ । व्यवस्थापनले सो नीति तथा नियमको कार्यान्वयन गर्ने, कर्जा जोखिम व्यवस्थापन र नियन्त्रण गर्ने कर्जाको गुणस्तर कायम गर्ने सुनिश्चता गर्ने गर्दछ ।

सहकारी संस्थाको कर्जा नीति, निर्देशनले सहकारी संस्थाको जोखिम व्यहोर्ने क्षमता प्रष्ट गर्दछ र समयानुकुल परिवर्तन तथा संशोधन गर्दै आईरहेको छ । सहकारी संस्थामा उत्पन्न हुन सक्ने कर्जा जोखिम न्युनीकरणको लागि कर्जा प्रवाह गर्नु पूर्व परियोजना विश्लेषण, ऋणीको क्षमता, ऋणीको उच्च चरित्र, सामुहिक दायित्व, धितो विश्लेषण, ऋणीको नगद प्रवाह विश्लेषण साथै गैर स्थलगत, स्थलगत निरीक्षण र अनुगमन गरी सम्भावित जोखिम कम गर्न व्यवस्थापन समक्ष प्रतिवेदन पेश गर्ने गर्दछ । विभिन्न प्रणाली नीतिहरू, प्रक्रियाहरू र निर्देशनहरू कार्यान्वयनमा ल्याएको छ । सहकारी संस्था सदस्यहरूको परियोजना विश्लेषण गरी कर्जाको उद्देश्य र सो परियोजनाबाट ऋणीले लिने लाभको समय अनुकुल कर्जा प्रवाह र कर्जा भुक्तानी अवधि तय गर्ने गरिएको छ जसले गर्दा कर्जा भुक्तानी समयको बेमेलबाट पैदा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सहायक सिद्ध हुने गर्दछ ।

सदस्यमैत्री कर्जा सुविधाको लागि सदस्यको कर्जाको माग बमोजिम समयानुकुल कर्जा सुविधाहरू थप/संशोधन गर्दै कर्जा नीति र प्रक्रियाहरू कर्जा प्रवाहको मापदण्ड कार्यान्वयन गर्दै आएको छ । सदस्यहरूको वर्गीकरण/रेटिङ,

कारोवारहरूको प्रकृति, विभिन्न सदस्य जोखिम प्रोफाइल साथै कर्जा सदुपयोगिता/परिचालन जस्ता व्यावहारिक पक्षहरूको आधारलाई मापदण्ड बनाई कार्य गर्दै आएको छ । नेपालको दिगो विकासका लक्ष्यहरू उन्मुख रही, वितीय र मौद्रिक नीतिलाई अनुसरण गर्दै उत्पादनशील क्षेत्र, कृषि तथा कृषि उपजसँग सम्बन्धित, आन्तरिक स्रोत र साधनमा आधारित लघुउद्यम सञ्चालन तथा विकास, स्वरोजगार सिर्जना, सीप बिकास, घरेलु तथा साना व्यापार व्यवसाय जस्ता क्षेत्रहरूमा कर्जा प्रवाह गर्दै आएको छ । जसमा जोखिमको विविधिकरण र सीमा संकेन्द्रण जोखिम सुनिश्चित गरी आन्तरिक रूपमा कर्जा सीमा तोकिएको छ ।

**कर्जा जोखिमको व्यवस्थापन**

सञ्चालक समितिले तयार पारेको नीति, नियम, कर्जा सुविधाहरू र कार्यविधिहरूको आधारमा व्यवस्थापनद्वारा कार्यान्वयन गरी सञ्चालन ईकाइ (सेवा केन्द्र) मार्फत कार्यान्वयन गर्दै आएको छ र समय समयमा कर्जा जोखिमको निरिक्षण गर्दै आएको छ । कर्जा लगानीको नियन्त्रण विभिन्न तहगत रूपमा प्रदान गरिएको अख्तियारी सीमाद्वारा गरिएको छ । जोखिम व्यवस्थापन समिति र सञ्चालक समितिले नियमित रूपमा कर्जाको समीक्षा गर्छ र सदस्यको आवश्यकता अनुरूप कर्जा सम्बन्धी व्यवस्थाको परिमार्जन गर्दै आएको छ । सहकारी संस्थाको जोखिम व्यवस्थापन समितिले सम्पूर्ण कर्जा जोखिम निरिक्षण गर्दै आएको छ जस अन्तर्गत देहाय बमोजिमका कार्यहरू पर्दछन :

क) सेवा केन्द्र कार्यालय, ब्यवस्थापन, सञ्चालक समितिसँग आवश्यक समन्वय गरी कर्जा नीतिको संशोधन/परिमार्जन गर्न आवश्यक सरसल्लाह प्रदान गर्ने, धितो जमानीको विश्लेषण गर्ने, कर्जाको गुणस्तर जाँचबुझ गर्ने, कर्जाको वर्गिकरण गर्ने, कर्जा सम्बन्धि विवरणहरू पेश गर्ने, कानुनी प्रक्रिया र कागजात पुरा गर्ने तथा वैद्यानिक र नियमक आवश्यकता पालना गरे नगरेको सुनिश्चतता गर्दछ ।

ख) स्वीकृत कर्जा सीमाको दायराभित्र कर्जा प्रवाह भए नभएको चेकजाँच गर्ने र सो को जानकारी व्यवस्थापन, सञ्चालन विभाग वा सञ्चालक समितिलाई प्रदान गर्ने ।

ग) कर्जा जोखिमको निरिक्षण र समिक्षा गर्ने र सोको जानकारी व्यवस्थापनलाई प्रदान गर्ने ।

घ) सदस्य र उद्योग समक्षको एकाग्रता जोखिमलाई सीमित गर्ने, विश्लेषण गर्ने र सो को प्रतिवेदन तयार गरी व्यवस्थापनलाई जानकारी प्रदान गर्ने ।

ङ) नियामकीय नीति, नियम र निर्देशन बमोजिम कर्जा प्रवाह भए नभएको सुनिश्चित गर्ने ।

च) कर्जा हुन सक्ने जोखिमलाई पुर्वानुमान गर्ने जोखिममा रहेका कर्जाहरूको असुली प्रक्रिया थालनीको लागि कर्जा समिति तथा व्यवस्थापनलाई राय सुझाव प्रदान गर्ने ।

छ) सेवा केन्द्रलाई कर्जा प्रवाह, असुली, सदुपयोगिता सम्बन्धी आवश्यक सरसल्लाह प्रदान गर्ने ।

**४.१.४ सञ्चालन जोखिम**

अपर्याप्त वा असफल आन्तरिक प्रक्रिया, व्यक्ति र प्रणाली वा सहकारी संस्थाको लागि कानुनी जोखिमसहित बाह्य घटनाहरूको प्रभावबाट हुने सम्भावित जोखिमबाट हुने नोक्सानको रूपमा सञ्चालन जोखिमलाई परिभाषित गरिएको छ । दैनिक कार्य सञ्चालनका क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनि ब्याख्या गरिएको छ । साना र धेरै वित्तीय कारोवारहरू, प्रणाली असफलता, कार्यान्वयनमा असफलता, आक्रमक कार्यक्षेत्र विस्तार, लागत नियन्त्रण पद्धती, ग्रामीण परिवेशमा आधारित कार्य सञ्चालनसँगै आएका विभिन्न समस्याहरू : अपर्याप्त भौतिक पुर्वाधारहरू, बाटो, बैंक तथा वित्तीय संस्थाको उपस्थिती, ईन्टरनेट कनेक्टीभिटी, न्यून वित्तीय साक्षरता भएका सदस्यहसँगको कारोवार गर्दा कर्मचारीहरूबाट हुन सक्ने आर्थिक हिनामिना लगायतका विभिन्न आन्तरिक र बाह्य तत्वहरू र सो सँगसँगै सदस्यमैत्री कार्यक्रम सञ्चालन विधिको कारण सञ्चालन जोखिम उत्पन्न हुने गर्दछ । सञ्चालन जोखिम सहकारी संस्थाको हरेक कार्यहरूमा व्यापक रूपमा रहेको छ र मानव संसाधन, प्रणाली र प्रक्रियागत डिजाइन लगायत वित्तीय संस्थाले काम गर्न विकास गरेका सबै स्रोतबाट प्रभावित हुन्छन ।

जोखिम व्यवस्थापन र नैतिक व्यवसायिक अभ्यासको बलियो संस्कृतिले हानिकारक सम्भावित सञ्चालन जोखिम घटनाबाट रोक्न सहकारी संस्था सदैव प्रतिबद्ध रहेको छ र सम्भावित जोखिमका घटना विरूद्ध लड्न सधै तत्पर स्थितिमा रहेको छ । सञ्चालक समिति र उच्च व्यवस्थापनको कार्य र नीति, नियम र प्रक्रिया तथा प्रणालीले जोखिम

व्यवस्थापन संस्कृतिको लागि बलियो आधार प्रदान गरेको छ । वित्तीय संस्थाले कर्मचारीहरूमा नीतिगत र कार्यान्वयन पक्षलाई जिम्मेवारी पूर्वक बहन गर्न र उत्तरदायी रहन प्रशिक्षित गर्दै आएको छ । जोखिम व्यवस्थापन तथा अनुपालना विभागले नियन्त्रणका विभिन्न नीति, नियम तथा मापदण्डहरू तय गरी लागू गरेको छ जसले गर्दा सम्भावित जोखिमलाई शुक्ष्म विश्लेषण गरी सञ्चालन जोखिम घटनाहरूलाई समयानुकुल बुझ्दै तथा लुकेका जोखिमलाई लेखाङ्कन मूल्यांकन र नियन्त्रण गर्दै आएको छ ।

प्रभावकारी नीतिहरू, प्रक्रियात्मक मापदण्ड र स्तरीय सञ्चालन प्रक्रिया जोखिम व्यवस्थापनको लागि बलिया उपकरण रहेका छन् । तसर्थ, विभागले नीति र प्रक्रियाहरूको पर्याप्तता र प्रभावकारिता तथा तिनको प्रभावकारी कार्यान्वयन नजिकबाट अनुगमन गरिरहेको हुन्छ र यी नियामक निकायको मापदण्ड अनुसारको छ गतिशिल जोखिम वातावरण अनुकुल छ भन्ने सुनिश्चित गर्दै आएको छ ।

### ५.१.५ Fair Value मा मापन गरिएका वित्तीय सम्पत्ति र दायित्वहरू

सहकारी संस्थाले वित्तीय सम्पत्तिहरूको मापन गर्ने कार्यलाई दुई भिन्न बिधिबाट गरेको छ । परिशोधित लागतमा मापन र Fair Value मा मापन रहेको छ । Fair Value मा मापन गरेका सम्पत्तिहरूको पुनः नाफा वा नोक्सान वा अन्य विस्तृत आम्दानी मार्फत निर्दिष्ट गरिएको छ । त्यस्तै वित्तीय दायित्वहरूलाई पनि परिशोधित लागत र Fair Value मा मापन गरेको छ । वित्तीय संस्थाले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू तपशिल बमोजिम मापन गरेको छ ।

वित्तीय सम्पत्तिहरूको मापन :

- नगद, बैंक मौज्दात, सदस्यहरूलाई प्रदान गरिएको कर्जा सापटी, सम्पत्ति र उपकरण र अभौतिक सम्पत्तिलाई परिशोधित लागतमा मापन गरिएको छ ।
- लगानीलाई Fair Value मा मापन गरिएको छ । जसमा Unquoted Share को लागि सम्बन्धित संस्थाको प्रति शेयर नेटवर्थको मुल्यलाई आधार मानिएको छ ।

वित्तीय दायित्वहरूको मापन :

- सेवा निवृति पश्चात कर्मचारीहरूलाई मुतानी गर्नुपर्ने कर्मचारी उपदान कोष, सञ्चित विदा बापतको रकम बिमाङ्कित लाभ/हानी मार्फत मापन गरी Fair Value प्रस्तुत गरिएको छ ।
- वित्तीय पट्टालाई डिस्काउटिङ गरी हालको Fair Value मा मापन गरिएको छ

## ५.२ पूँजी व्यवस्थापन

व्यवसायिक रणनीतिक योजनालाई सार्थक बनाई पूर्व निर्धारित उद्देश्यहरू हासिल गर्न पुँजी पर्याप्तता हुनु जरूरी हुन्छ । वित्तीय कारोवार गर्ने क्रममा देखा पर्न सक्ने विभिन्न जोखिम, व्यापारिक उथलपुथल र गिरावट सहनको लागि पर्याप्त पुँजी हुनु नितान्त आवश्यक हुन्छ ।

### ५.२.१ गुणात्मक प्रकटीकरण

राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट प्रत्यक्ष रूपमा नियमन र सुपरिवेक्षण हुने हुँदा नियमाकीय मापदण्ड/निर्देशन बमोजिम सहकारी संस्थाले पुँजीकोष कायम गर्नुपर्ने हुन्छ । सहकारी संस्थाहरूलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी निर्देशनको अधीनमा रहि विभिन्न खालका जोखिमहरू बहन गर्नको लागि पुँजी पर्याप्तता कायम गर्न आन्तरिक नीति, नियम, कार्यविधि बनाई लागू गर्न निर्देशन भएको छ ।

### ५.२.२ परिमाणात्मक प्रकटिकरण

क) पूँजीगत संरचना र पूँजीगत पर्याप्तता

पुँजी संरचना र पूँजीकोष निम्न बमोजिम रहेको छ ।

**पुँजी संरचना**

यस सहकारी संस्थाको चुक्ता पूँजी रू. ८ करोड ६३ लाख ६ हजार १ सय रहेको छ । जुन १०० प्रतिशत सर्वसाधारणहरूको रहेको छ ।

### ५.३ सम्भावित दायित्व र प्रतिबद्धता

#### ५.३.१ आयकर दायित्व

सहकारी संस्थाले प्रचलित आयकर ऐन अनुसार नियमित रूपमा र तोकिएको समय सिमाभित्र आय विवरण पेश गर्दै आएको छ । नियमबमोजिम अग्रीम आयकर तथा आय विवरण अनुसारको आयकरको रकम भुक्तानी गरेको छ । संस्थाको सम्भावित आयकर दायित्व रहेको छैन ।

### ५.४ सम्बन्धित पक्ष प्रकटीकरण

नेपाल लेखा मापदण्ड (NAS-24) अन्तर्गतको आवश्यकता अनुसारका सम्बन्धित पक्षहरूसँगको कारोबार रहेको छैन ।

### ५.५ सञ्चालक समिति सदस्य भत्ता तथा सुविधाहरू

सञ्चालक समितिका सबै सदस्यहरू गैर-कार्यकारी सञ्चालक हुन र कुनै पनि सञ्चालकलाई कार्यकारी सुविधा प्रदान गरिएको छैन । सञ्चालकहरूलाई सञ्चालक समितिको बैठक वा सञ्चालक स्तरीय बैठकमा उपिस्थत भए बापत भत्ता प्रदान गरिएको छ साथै केहि मासिक भत्ता वापतको रकम समेत प्रदान गरिएको छ । जुन यसप्रकार रहेको छ :

| पद | मासिक भत्ता रू. | | | बैठक भत्ता रू. |
|---|---|---|---|---|
| | जिम्मेवारी भत्ता | सञ्चार खर्च | इन्धन खर्च | |
| अध्यक्ष | ७,०००/- | २,०००/- | १,०००/- | १,८००/- |
| उपाध्यक्ष | २,५००/- | १,०००/- | | १,५००/- |
| सचिव | २,०००/- | १,०००/- | | १,५००/- |
| कोषाध्यक्ष | २,०००/- | १,०००/- | | १,५००/- |
| सदस्य | | ५००/- | | १,५००/- |

आ.व. २०८०/०८१ र आ. व. २०८१/०८२ मा सञ्चालकहरूलाई भुक्तानी दिइएको बैठक भत्ता निम्नानुसार छ :

| विवरण | रकम रू. | |
|---|---|---|
| | आ. व. २०८१/०८२ | आ. व. २०८१/०८२ |
| जिम्मेवारी भत्ता | १,५०,०००/- | १,५०,०००/- |
| संचार खर्च | ९९,०००/- | ९९,०००/- |
| इन्धन खर्च | १२,०००/- | १२,०००/- |
| बैठक भत्ता | ४,५९,३००/- | ४,५९,०००/- |

संचालक समिति सदस्यहरूलाई प्रदान गरिएको सदस्य कर्जाको विवरण यसप्रकार रहेको छ :

| नाम थर | पद | कर्जा लिएको रकम रू. | बाँकि कर्जा रू. |
|---|---|---|---|
| तिर्थराज गिरी | सञ्चालक समिति सदस्य | १०,००,००० | ८,३३,२९६.७४ |
| शान्ति भारती पुरी | सञ्चालक समिति सदस्य | १०,००,००० | ५,६४,८५६.९२ |
| | **जम्मा** | **२०,००,०००** | **१३,९८,१५३.६६** |

### ५.६ मुख्य व्यवस्थापकहरूलाई प्रदान गरिएको सुविधाको विवरण

मुख्य व्यवस्थापक (प्रबन्धक) लाई यस आर्थिक वर्ष २०८१/०८२ भुक्तान गरिएको रकम र निजको अवकास भुत्तानीका लागि गरिएको व्यवस्थाको विवरण निम्न अनुसार छन् ।

| प्रबन्धकलाई भुक्तानी विवरण | भुत्तानी रकम रू. |
|---|---|

| | आ. व. २०८१/०८२ | आ. व. २०८०/०८१ |
|---|---:|---:|
| तलब | ७०३,८३६.०० | ७,०३,८३६.०० |
| ग्रेड | ८,८०२.०० | ७,१७९.०० |
| क.सं/सा.सु कोष थप | १४०,७६७.२० | १,४०,७६७.०० |
| वीमा | १०,०००.०० | १०,०००.०० |
| वोनस | ९४,४२२.०० | १,१७,३०६.०० |
| पर्व खर्च | ५८,६५३.०० | ६०,९४४.०० |
| ईन्धन | २४,०००.०० | २४,०००.०० |
| संचार | १२,०००.०० | १२,०००.०० |
| पोषाक खर्च | १०,०००.०० | ०.०० |
| बैठक भत्ता | ०.०० | १७,८००.०० |
| **जम्मा रकम** | **१,०६२,४८०.२०** | **१०,९३,८३२** |

### ५.७ गाभ्ने र गाभिने (Merger and Acquisition)

हालसम्म अन्य कुनै पनि सहकारी संस्थासँग गाभ्ने र गाभिने (Merger and Acquisition) भएको छैन ।

### ५.८ समावेश नगरिएका संस्थाको अतिरिक्त प्रकटीकरण

सहकारी संस्थाको कुनै पनि किसिमको सहायक कम्पनीहरू नरहेको हुँदा यस वित्तीय विवरणमा समावेश गर्नुपर्ने तर समावेश नगरिएको कुनै संस्था रहेको छैन ।

### ५.९ रिपोर्टिङ मिति पछिका घटनाहरू

सहकारी संस्थाले रिपोर्टिङ अवधि सकिएपछि समायोजन वा गैर-समायोजन घटनाहरूको रूपमा योग्य तथा सम्भावित प्रभाव पार्न सक्ने घटनाहरूको अनुगमन र विश्लेषण गरेको छ । सबै समायोजन घटनाहरू अतिरिक्त प्रकटीकरणको साथ विवरणमा समावेश गरिएको छ र गैर-समायोजन घटनाहरू सम्भावित वित्तीय प्रभाव सकेसम्म टिप्पणीमा खुलाइएको छ । यस वित्तीय विवरणमा हस्ताक्षर हुने बेलासम्मको अवधिमा कुनै उल्लेख्य घटनाहरू भएका छैनन् ।

# २७औं वार्षिक साधारणसभामा
# लेखासुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत
# आ.व. २०८१/२०८२ को प्रतिवेदन



**श्रद्धेय सभाअध्यक्षज्यू,**

यस संस्थाको गरिमामय २७औं साधारणसभामा उपस्थित प्रमुख अथितिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालकज्यूहरू, लेखासुपरीवेक्षण समितिका सदस्यज्यूहरू, उपसमिति सदस्यज्यूहरू, आदरणीय सम्पूर्ण शेयर सदस्यज्यूहरू, कर्मचारी साथीहरू, उपस्थित पत्रकार मित्रहरूमा न्यानो सहकारी अभिवादन ।

यस संस्थाको ऐन, नियम तथा नीतिगत, कार्यगत र समग्र काम कारवाहिको अध्ययन विश्लेषण गर्दा पाईएका सुधारात्मक पक्षहरू देखिएमा त्यसमा सुधार ल्याउनको लागि आवश्यक सुझाव, सल्लाह र पृष्ठपोषण दिई संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरूस्त कायम गर्न, सहकारी कानुन, नियमावली, नीति तथा कार्यविधिको पालनका लागि सञ्चालक समिति र व्यवस्थापनलाई नियमित पृष्ठपोषण प्रदान गर्ने कार्यभार एवम् दायित्व प्राप्त भएकोमा हामीले हर सम्भव पूरा गर्ने प्रयास गरेका छौं । संस्थाको २५औं वार्षिक साधारणसभाले उक्त जिम्मेवारी दिए पश्चात स्रोत, साधान र क्षमताको उपयोग गर्दै आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका छौं । संस्थाको वित्तीय व्यवस्थापन, कार्य सञ्चालनका क्षेत्र, कानुनी तथा नीतिगत र सामाजिक क्षेत्रको प्रभावकारी रूपमा शुक्ष्म ढङ्गले अनुगमन निरीक्षण र सुपरिवेक्षण गरी हाम्रो ज्ञान, सिप र क्षमताले भ्याएसम्म सम्मानित साधारण सभाले हामी माथि गरेको विश्वासलाई निरन्तर कायम गरिरहेका छौं ।

लेखा सुपरीवेक्षण कार्यमा आवश्यक स्रोत, साधन र सूचनाको उचित समयमै व्यवस्था गरिदिएर सञ्चालक समिति र व्यवस्थापन समूहले पुऱ्याएको सहयोग प्रति हामी आभारी छौं । आन्तरिक लेखापरीक्षणको सिलसिलामा देखिएका र भईरहेका गतिविधिवारे बुदाँगत रूपमा आजको यस सम्मानित साधारण सभामा प्रतिवेदन मार्फत सदस्यलाई जानकारी गराउन चाहान्छु ।

**१. अघिल्लो साधारणसभाको निर्णय र कार्यान्वयनको अवस्था :**

गतवर्ष सम्पन्न भएको २६ औं साधारण सभाको १८ वटा निर्णयहरू पूर्ण रूपमा कार्यान्वयनमा आईसकेको छ ।

**२. निर्णय पुस्तिकाको अध्ययन  तथा सञ्चालक समितिको निर्णय र कार्यान्वयन अवस्था :**

यस संस्थामा आन्तरिक लेखापरीक्षण गर्ने क्रममा साधारणसभा, सञ्चालक समिति, उपसमितिहरू तथा अन्य विषयगत समितिका निर्णय पुस्तिकाहरूको अध्ययन गरी पाइएका त्रुटि तथा कैफियत सुधारका लागि सुझब दिने गरिएको छ। आ.व. २०८१/२०८२ को अवधिमा सञ्चालक समितिले गरेका निर्णयहरू कार्यान्वयन भएको पाइयो ।

**३. वार्षिक बजेट स्वीकृत सिमा र कार्यान्वयन अवस्था :**

१. संस्थाको गत २०८१ असोज १७ देखि १९ गते सम्पन्न २६ औ वार्षिक साधारण सभाले आ.व.२०८१/०८२ का लागि स्वीकृत बजेट विवरण र वास्तबिक प्रगाति :-

**क) पूँजी सङ्कलन तथा पूँजी परिचालन**

| शीर्षक | निर्धारित लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| शेयर पूँजी | ८१,३०३,३०० | ८०,६३६,१००.०० | ९९% |
| जगेडा कोष | ५५,८९६,०३२ | ५४,७५२,७१५.८१ | ९८% |
| अन्य कोष | ४,५७३,३०६ | ३,१६९,५१६.०८ | ६९% |
| बचत | ८४८,६०३,११९ | ८८३,५०२,९१९.६६ | १०४% |
| बाह्य ऋण | - | - | ०% |
| भुक्तानी दिनुपर्ने | २५,९१५,४०३ | २०,९६६,५०९.६६ | ८१% |
| **जम्मा** | **१,०१६,२९१,१६०** | **१,०४३,०२७,७६१.२१** | **१०३%** |

| शीर्षक | निर्धारित लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| नगद मौज्दात | ३,०४८,८७३ | ५,१३५,०५३.७७ | १६८% |
| बैंक मौज्दात | १४९,३९४,८०१ | २४०,३८६,६३६.८१ | १६१% |
| शेयर लगानी | ६,०९७,७४७ | ६,८८७,४००.०० | ११३% |
| ऋण लगानी | ८२३,१९५,८४० | ७५४,९४२,३८३.४१ | ९२% |
| स्थिर सम्पत्ति | २९,४७२,४४४ | २५,५०७,८७४.४४ | ८७% |
| पाउनुपर्ने हिसाब | ५,०८१,४५५ | १०,१६८,४१२.७८ | २००% |
| **जम्मा** | **१,०१६,२९१,१६०** | **१,०४३,०२७,७६१.२१** | १०३% |

**ख) आय तथा व्यय**

| शीर्षक | निर्धारित लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| कुल आम्दानी | १३६७१३१०५ | १०६५७६४५८ | ७८% |
| कुल खर्च | ११७०७१२७४ | १०५११४६९५ | ९०% |
| खुद नाफा | १९६४१८३१ | १४६१७६२ | ७% |

२. वार्षिक रूपमा स्वीकृत सिमाभन्दा बढी बजेट खर्च तथा रकमान्तर भएको शिर्षक र रकम विवरण निम्न अनुसार रहेको छ ।

| शीर्षक | वार्षिक लक्ष्य २०८१/२०८२ | २०८१/२०८२ को रकमान्तरण थप (घट) बजेट | २०८१/२०८२ को लागि संशोधित बजेट |
|---|---|---|---|
| साधारणसभा | ५,१६९,१६२ | (८००,०००) | ४,३६९,१६२ |
| योजना तथा नीति निर्माण कार्यशाला गोष्ठी | १५०,००० | (१५०,०००) | - |
| संस्था एकिकरण कार्यक्रम | ५०,००० | (५०,०००) | - |
| सचेतना कार्यक्रम | ३०,००० | (३०,०००) | - |
| भ्रमण खर्च | ७५०,००० | (७५०,०००) | - |
| घरदैलो कार्यक्रम | ५०,००० | (५०,०००) | - |
| स्थापना दिवस | २६६,४०२ | १००,००० | ३६६,४०२ |
| पूर्ण घरधुरी सदस्य घोषण कार्यक्रम | १००,००० | (१००,०००) | - |
| प्रोबेशन समीक्षा बैठक | १८७,०७१ | (१८७,०७१) | - |

| शीर्षक | वार्षिक लक्ष्य २०८१/२०८२ | २०८१/२०८२ को रकमान्तरण थप (घट) बजेट | २०८१/२०८२ को लागि संशोधित बजेट |
|---|---|---|---|
| बाल भेला कार्यक्रम | ५०,००० | (५०,०००) | - |
| पर्व विशेष कार्यक्रम | १००,००० | (१००,०००) | - |
| कर्मचारी खर्च | १५,५८२,९८० | ३,०००,००० | १८,५८२,९८० |
| संस्था नविकरण खर्च | १०९,७३१ | ५०,००० | १५९,७३१ |
| एस.एम.एस सेवा खर्च | १६८,९१२ | ३००,००० | ४६८,९१२ |
| व्याज छुट खर्च | २,३२१,५४२ | (१,०००,०००) | १,३२१,५४२ |
| विविध खर्च | ५४४,५०३ | १,२५०,००० | १,७९४,५०३ |
| बचतको व्याज खर्च | ७३,६८८,०६८ | (६,४३२,९३०) | ६७,२५५,१३९ |
| ऋण सुरक्षण खर्च | ६,४३८,११६ | ५,०००,००० | ११,४३८,११६ |
| **खुद बचत** | **१०५,७५६,४८८** | - | १०५,७५६,४८८ |

**४. ऋण गुणस्तर अध्ययन :**

यस क्रममा संस्थाका प्रत्येक सेवाकेन्द्र मार्फत लगानी गरिएको ऋणको गुणस्तर पहिचानका लागि सेवा केन्द्र निरीक्षणका क्रममा Loan Aging को अध्ययन गरी भाखा नाघेका ऋणीहरूको फाइल अध्ययन, नमुना छनौटका आधारमा संस्था परियोजना र धितो निरिक्षण समेत गरी प्राप्त कैफियत त्रुटिका बारेमा सञ्चालक समिति समक्ष लिखित जानकारी गराउने गरिएकोछ ।

**५. आर्थिक सुशासन तथा पारदर्शिताको अध्ययन :**

यस अर्न्तगत सहकारीको तर्फबाट गरिने भुक्तानीको बिधिसंगत प्रक्रिया पूरा भए नभएको, खर्चको क्रममा स्वीकृत बजेटको सिमा पालना गरे नगरेको, भुक्तानी प्रतिको उत्तरदायित्व तथा जवाफदेहीता कायम रहे नरहेको, खर्च तथा भुक्तानीको क्रममा प्रचलित ऐन-कानुन, सहकारीको आर्थिक प्रशासन कार्यविधिको पालना भए नभएको, परिक्षणका लागि नमुना छनौटका आधारमा बिभिन्न शीर्षकसँग सम्बन्धित खर्चका लेजर छनौट र छनौट गरिएका लेजर मध्येबाट नमुना छनौटका आधारमा जर्नल भौचर र सो सँग सम्बन्धित बिल भरपाई तथा कागजातको समपरीक्षण गर्ने गरिएकोले सो परिक्षणबाट देखिएका कैफियतको सञ्चालक समितिलाई सुझव पेस गरिएको ।

**६. सम्पत्ति सामानको सुरक्षा सदुपयोगिता अध्ययन :**

यस क्रममा सहकारीको केन्द्रीय कार्यालय लगायत बिभिन्न सेवा केन्द्रका लागि खरिद गरिएका सम्पत्ति तथा सामानको अभिलेख व्यवस्थित रहे नरहेको, अभिलेख अनुसार सम्पत्ति कार्यलयमा रहे नरहेको, भौतिक सम्पत्तिको दुरूपयोग भए नभएको र सो का लागि सम्पत्ति सामानको भौतिक परीक्षण (Physical Audit) गर्ने गरिएकोले काम नलाग्ने पुराना जिन्सी सामानहरु संस्थाको विनियम तथा कार्यविधि अनुसार लिलाम मिनाहा गरी जिन्सीको अवस्था ठिक दुरुस्त राख्न सुझा दिइएको छ ।

**७. ऋण लगानी प्रक्रियाको पूर्णता अध्ययन :**

यस क्रममा ऋण लगानीको लागि छानिएका सदस्यहरूको अवस्थाको नमुना छनौटका आधारमा विश्लेषण, ऋण स्वीकृतिका लागि टिप्पणी, राय प्रस्तुत, सिफारिस, स्वीकृति तथा अनुमोदनका क्रममा अख्तियारी सिमाको पालना भए नभएको, संस्थाको ऋण व्यवस्थापन कार्यबिधिको पालना भए नभएको, धितो मूल्याङ्कनसँग सम्बन्धित कागजात, प्रमाण र प्रक्रिया पूर्ण भए नभएको, धितो दृष्टिबन्धक सम्बन्धी कागजातमा त्रुटी रहे नरहेको, ऋण फाईलमा हुनुपर्ने सम्पूर्ण कागजातहरू संलग्न भए नभएको, ऋणसँग सम्बन्धित

कानुनी कागजात (Legal Document) पूर्ण रूपमा तयार गरे नगरेको जस्ता विषयमा नमुना परीक्षणका आधारमा अध्ययन गर्ने गरिएकोले नियमानुसार आवश्यक कागजात कार्यविधि वमोजिम राख्नु सुझाव दिइएको ।

**८. कार्यालय आन्तरिक सजावट, तथा सरसफाई र लेआउट अध्ययन :**

यस अर्न्तगत कार्यलय भित्रका फाईल, कागजात, यन्त्र, उपकरण, फर्निचर, कार्यलय कोठा आदिको सजावट, सरसफाई तथा सौन्दर्यकरणको अवस्थाको अध्ययन गरी उचित सल्लाह तथा सुझाब दिने गरिएको ।

**९. नीतिगत सुझाव :**

यस क्रममा संस्थाले सञ्चालनमा ल्याएका कतिपय नीति तथा कार्यविधिहरू अध्यावधिक गर्नुपर्ने भएको र संस्थाको विनियममा समेत समय सापेक्ष सुधार गर्नुपर्ने तथा आवश्यकता अनुसारका नयाँ नीति तथा कार्यविधिको निमार्ण गर्नुपर्ने विषयमा समय समयमा सञ्चालक समितिमा सुझाव पेश गर्ने गरिएको ।

**१०. सहकारी ऐन, नियम, मापदण्ड, सम्पत्ति शुद्धीकरण निर्देशनहरूको पालनाको अवस्था :**

सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ लाई पालना गर्दै संस्था अगाडि बढेको देखिन्छ । आगामी दिनहरूमा समेत यसको निरन्तरताका लागि सुझाब दिईन्छ । सहकारी विभाग तथा नियमनकारी निकायहरूको निर्देशन तथा सुझावहरू पालना गरेको देखिन्छ । सम्पत्ति शुद्धीकरण निवारण निर्देशिकाको पूर्णरूपमा पालना गर्नको लागि प्रयासरत रहेको पाइयो ।

**११. संस्थाको विनियम तथा आन्तरीक नीति, कार्यविधिहरू कार्यान्वयनको अवस्था :**

संस्थाको विनियम तथा आन्तरिक नीति, कार्यविधिहरूको पूर्ण रूपमा कार्यान्वयन गर्ने प्रयास गर्दै आईरहेको पाइयो । संस्थाको कार्यक्षेत्र भित्र सेवा कार्यालयहरू विस्तार गर्ने तर्फ बिशेष पहल गर्नुपर्ने देखिन्छ ।

**१२. विद्यमान जोखिम तथा व्यवस्थापनको अवस्था :**

वर्तमान अवस्थामा सहकारी संघ/संस्थाहरूका लागि राज्यबाट जारी भएका ऐन कानुनहरूको पूर्ण रूपमा पालना गरेर संस्थालाई अगाडि बढाउन निक्कै नै चुनौती भएको देखिन्छ । सदस्य संस्थाहरूमा दोहोरो सदस्यता, सम्पति शुद्धीकरण, अस्वस्थ प्रतिस्पर्धा, सन्दर्भ ब्याजदर, स्थानीय, प्रदेश र संघीय तहका फरक फरक कानुनी व्यवस्था जस्ता कुराहरूले जोखिम हुन सक्ने भएकोले त्यस तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

**१३. सहकारी सिद्धान्त परिपालना तथा सदस्य केन्द्रीयता सूचकहरूमा संस्थाको अवस्था :**

सहकारी सिद्धान्त परिपालनामा संस्था प्रतिवद्ध रहेको पाइयो । साथै संस्थाको विभिन्न कार्यक्रमहरूमा सदस्य संस्थाहरूको बढी भन्दा बढी सहभागीतालाई प्राथमिकता दिएको पाइयो ।

**१४. सदस्य शिक्षा तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू :**

आ.व. २०८१/२०८२ मा सहकारी शिक्षा शिविर कार्यक्रम नियमित गरेको पाइयो । साथै वित्तीय साक्षरता, सदस्यहरूसँग अर्न्तक्रिया, विभिन्न अभिमुखीकरण सम्बन्धी सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू समय समयमा गरेको पाइयो ।

**१५. सहकारी सञ्जालमा सहभागिता :**

राष्ट्रिय सहकारी बैंक, नेफस्कून, प्रदेश बचत तथा ऋण सहकारी संघ लि., जिल्ला सहकारी संघमा आवद्ध भै त्यहाँबाट समय समयमा आयोजना गरिने विभिन्न कार्यक्रमहरूमा सहभागीता जनाएको पाईयो ।

**१६. उपसमितिहरूको कार्यसम्पादन अवस्था :**

उपसमितिहरूको गठन भएको भएता पनि शिक्षा र ऋण, महिला तथा बालबालिका, ज्येष्ठ सदस्य सहयोग उपसमिति, सूचना तथा प्रविधि उपसमिति बाहेकका अन्य उपसमितिहरूका कार्यक्रमहरू नभएको पाईयो ।

**१७. लेखा सुपरीवेक्षण समितिको बैठक तथा आन्तरिक लेखा परिक्षणको अवस्था :**

यस आ.व. मा विभिन्न समयमा बैठक बसी आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ। आन्तरिक लेखापरीक्षण गर्ने क्रममा ऋण लगानी गर्दा कागजात तथा सूचना सङ्कलन गर्ने ढाँचामा थप सुधार गरी अझ बढी कानुनी, बैज्ञानिक र यथार्थपरक सूचना आउने किसिमले सुधार गर्न आन्तरिक लेखापरीक्षक नियुक्ती गर्नका लागि सुझाव दिईएको छ ।

**१८. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन कार्यान्वयनको अवस्था :**

आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समय समयमा सञ्चालक समितिलाई दिने गरेको प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरूमा सुधार भएको र आगामी दिनहरूमा समेत सुधार हुदै जानेछ भन्ने बिश्वास गरिएको छ ।

**१९. लेखा सुपरिवेक्षण समितिको बैठक विवरण :**

आन्तरिक लेखानिरीक्षण तथा अनुगमनका क्रममा आ.व २०८२ असार मसान्त समयमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट स्थलगत निरिक्षण गरिएका सेवा केन्द्रहरूको विवरण :-

| क्र.सं. | मिति | निरीक्षण गरिएको कार्यालय |
|---|---|---|
| १ | २०८१ असोज २ | केन्द्रीय कार्यालय |
| २ | २०८१ मंसिर २३ | केन्द्रीय कार्यालय |
| ३ | २०८१ माघ २० | बजार सेवा केन्द्र |
| ४ | २०८२ जेठ २८ | पिपिरा सेवा केन्द्र |

लेखा सुपरीवेक्षण समितिको तर्फबाट सहकारीको  विविध क्षेत्र एवं विषयसँग सम्बन्धित भएर गरिएको निरीक्षण तथा अनुगमनका क्रममा प्राप्त बुँदाहरूको सारांशलाई निम्न अनुसारका खण्डमा प्रस्तुत गरिएको छ ।

## २०. सञ्चालक समिति सदस्य भत्ता तथा सुविधाहरू

सञ्चालक समितिका सबै सदस्यहरू गैर-कार्यकारी सञ्चालक हुन र कुनै पनि सञ्चालकलाई कार्यकारी सुविधा प्रदान गरिएको छैन । सञ्चालकहरूलाई सञ्चालक समितिको बैठक वा सञ्चालक स्तरीय बैठकमा उपस्थित भए बापत भत्ता प्रदान गरिएको छ । साथै केही मासिक भत्ता वापतको रकम समेत प्रदान गरिएको छ । जुन यसप्रकार रहेको छ :

| पद | मासिक भत्ता रू. | | | बैठक भत्ता रू. |
|---|---|---|---|---|
| | जिम्मेवारी भत्ता | सञ्चार खर्च | इन्धन खर्च | |
| अध्यक्ष | ७,०००/- | २,०००/- | १,०००/- | १,८००/- |
| उपाध्यक्ष | २.५००/- | १,०००/- | | १,५००/- |
| सचिव | २,०००/- | १,०००/- | | १,५००/- |
| कोषाध्यक्ष | २,०००/- | १,०००/- | | १,५००/- |
| सदस्य | | ५००/- | | १,५००/- |

आ.व. २०८०/०८१ र आ. व. २०८१/०८२ मा सञ्चालकहरूलाई भुक्तानी दिइएको बैठक भत्ता निम्नानुसार छ :

| विवरण | रकम रू. | |
|---|---|---|
| | आ. व. २०८१/०८२ | आ. व. २०८१/०८२ |
| जिम्मेवारी भत्ता | १,५०,०००/- | १,५०,०००/- |
| सञ्चार खर्च | ९९,०००/- | ९९,०००/- |
| इन्धन खर्च | १२,०००/- | १२,०००/- |
| बैठक भत्ता | ४,५९,३००/- | ४,५९,०००/- |

सञ्चालक समिति सदस्यहरूलाई प्रदान गरिएको सदस्य ऋणको विवरण यसप्रकार रहेको छ :

| नाम थर | पद | कर्जा लिएको रकम रू. | बाँकि कर्जा रू. |
|---|---|---|---|
| तिर्थराज गिरी | सञ्चालक समिति सदस्य | १०,००,००० | ८,३३,२९६.७४ |
| शान्ति भारती पुरी | सञ्चालक समिति सदस्य | १०,००,००० | ५,६४,८५६.९२ |
| | **जम्मा** | **२०,००,०००** | **१३,९८,१५३.६६** |

## २१. व्यवस्थापकलाई प्रदान गरिएको सुविधाको विवरण

व्यवस्थापकलाई यस आर्थिक वर्ष २०८१/०८२ भुक्तान गरिएको रकम र निजको अवकास भुत्तानीका लागि गरिएको व्यवस्थाको विवरण निम्न अनुसार छन् ।

| प्रबन्धकलाई भुक्तानी विवरण | भुत्तानी रकम रू. | |
|---|---|---|
| | आ. व. २०८१/०८२ | आ. व. २०८०/०८१ |
| तलब | ७०३,८३६.०० | ७,०३,८३६.०० |
| ग्रेड | ८,८०२.०० | ७,१७९.०० |
| क.सं/सा.सु कोष थप | १४०,७६७.२० | १,४०,७६७.०० |
| वीमा | १०,०००.०० | १०,०००.०० |
| वोनस | ९४,४२२.०० | १,१७,३०६.०० |
| पर्व खर्च | ५८,६५३.०० | ६०,९४४.०० |

| प्रबन्धकलाई भुक्तानी विवरण | भुक्तानी रकम रू. | |
|---|---|---|
| | आ. व. २०८१/०८२ | आ. व. २०८०/०८१ |
| ईन्धन | २४,०००.०० | २४,०००.०० |
| संचार | १२,०००.०० | १२,०००.०० |
| पोषाक खर्च | १०,०००.०० | ०.०० |
| बैठक भत्ता | ०.०० | १७,८००.०० |
| **जम्मा रकम** | **१,०६२,४८०.२०** | **१०,९३,८३२** |

**२२) लेखा सुपरीवेक्षण समितिको सुझावहरू :-**

संस्थाले समय समयमा संस्थाको पूँजी बृद्धि गर्ने कार्यक्रममा सञ्चालक समिति तथा उपसमितिले न्यूनतम शेयर खरिद गरी पूँजी वृद्धिको लागि पहल गर्नु पर्ने देखिन्छ। साथै भाका नाघेको ऋणलाई पल्स मापदण्ड अनुसार कायम राख्ने र धितो लिलाम गरेर भए पनि असुल उपर गर्नका लागि सुझाव दिईन्छ साथै संस्थाको स्थायी सम्पत्ती धनमालको नियमानुसार हुन सक्ने गतीको विमा गर्न समेत सुझा दिइएको छ।

अन्त्यमा,
आन्तरिक लेखापरीक्षणको सिलसिलामा सहयोग गर्नु हुने सञ्चालक समिति, विभिन्न उपसमिति तथा ब्यवस्थापन टिमलाई लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छौं। साथै लेखा समितिको तर्फबाट यस सम्मानित सभामा प्रस्तुत प्रतिवेदन माथि व्यापक छलफल गरी अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछौं। धन्यवाद।

जय सहकारी ‼ जय जनहितकारी ‼

**हिरालाल सुनार**
लेखा सुपरीवेक्षण संयोजक

---


## संस्थामा शेयर सदस्य बन्नका लागि चाहिने आवश्यक कागजातहरू

१. सदस्य बन्न चाहने व्यक्तिको नेपाली नागरिकताको फोटोकपी — १ थान
२. सम्बन्धित व्यक्तिको पासपोर्ट साइजको फोटा — १ थान
३. इच्छाएको व्यक्तिको फोटो — १ थान
४. यदि बाह्य जिल्लाको नागरिकता भए स्थायी बसोबासको प्रमाण-पत्रको फोटोकपी — १ थान
५. संस्थाको विनियम अनुसार सदस्यता बन्न आवश्यक रकम — १ थान



## २७औं वार्षिक साधारणसभामा प्रस्तुत
# ऋण उप-समितिको बार्षिक प्रगति प्रतिवेदन-२०८२

यस जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि.को आज सम्पन्न हुन लागिरहेको गरीमामय २७औं वार्षिक साधारणसभाका सभाध्यक्षज्यू, श्रेद्धय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु सञ्चालकज्यूहरु, लेखासमितिका संयोजक एवम् सदस्यज्यूहरु, उपसमितिका संयोजक एवं सदस्यसाथीहरु, व्यवस्थापकज्यू लगाएत सम्पूर्ण कर्मचारी साथीहरुका साथै यस संस्थाका धरोहरका रुपमा रहनु भएका शेयर सदस्यज्यूहरु प्रति यस गरिमामय २७औ वार्षिक साधारणसभामा ऋण उपसमितिको तर्फबाट सहकारीमय अभिवादन टक्र्याउन चाहान्छु ।

विगतको पृष्ठभूमिलाई फर्केर हेर्दा, त्यो समय, जुन समय समाजमा वसोवास गर्ने सर्वसाधारण नागरिकहरुलाई दैनिक जिवनमा आइपर्ने समस्याहरु टार्न, सामान्य चिया एवम् खुद्रा पसल थाप्न, गाई, भैंसी, गोरु, राँगा खरिद गरी त्यसबाट हुने कृषि आम्दानीबाट परिवारका सदस्यहरुको भोको पेट भर्न, नाङ्गो आङ्ग ढाक्न, छोराछोरीहरुलाई प्राथमिक, माध्यमिक तथा उच्चशिक्षा हाँसिल गराउने लगायत दैनिक जीवनमा आईपर्ने अन्य सामान्य समस्या र आवश्यकताहरु समेत परिपूर्ति गर्नका लागि पत्याएसम्म स्थानीय साहूमहाजनहरुसँग र नपत्याएको खण्डमा तत्कालीन समयका वित्तीय सेवाप्रदायक सरकारी निकायहरु राष्ट्रिय वाणिज्य वैंक र नेपाल बैंक लि.मा आफूसँग भएका सुनचाँदी र घरवास सहितको लालपूर्जा काखीमा च्यापेर चर्को ब्याजदरमा ऋणथाप्न जानुपर्ने, ऋण प्राप्त गर्नलाई झंझटिला बैंकिङ प्रकृयासहित महिनौ लाईनमा बस्नुपर्ने बाध्यात्मक अवस्था र परिस्थिति थियो, जुन परिस्थिति हिजोआजको जस्तो वित्तीय समस्या समाधानका वैकल्पिक उपायहरुसमेत उपलब्ध नभएको कठिन पृष्ठभूमीबाट गुज्रिएका नागरिक तथा समाजलाई राहत एवम् मुक्ति प्रदान गर्नका लागि तत्कालीन समयको वडा नं ३ र लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि एकीकरण भएको वडा नं.४ को कालागाउँमा स्थायी रुपमा वसोवास गर्ने सामाजका वौद्धिक व्यक्तित्वहरुको अथक प्रयास, मेहेनत छलफल र सामूहिक भेलाद्वारा **२०५५ साल पौष १८** गते जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि.को नामबाट संस्था नामाङ्कित गरिएको थियो । तत्कालीन अवस्थामा सहकारी दर्ता गर्ने दर्ता अधिकृत सुर्खेतमा नभएको अवस्थामा केहि खर्च जुटाई डिभिजन सहकारी कार्यालय बाँकेको सदरमुकाम नेपालगन्ज गई **मिति २०५६ साल जेठ ६ गते** विधिवतरुपमा दर्ता गरी सेवारम्भ गरेको ऐतिहासिक यथार्थता हामी माझ ज्ञात नै छ ।

विभिन्न आरोहअवरोह पार गर्दै आजको यस २७औं साधारणसभासम्म आइपुग्दा यस संस्थाले आफ्ना सदस्यहरुका बीच आर्थिक र सामाजिक कृयाकलापहरुमा वढोत्तरी गरी तपाई शेयर सदस्यज्यूहरुको माया ममता र विश्वासका कारण ऋण उपसमितिको यो वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने दिन सम्म संस्थाले १ अर्ब भन्दा माथिको कारोवार गर्न सफल भएको कुरा सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

**आदरणीय शेयरसदस्यज्यूहरु**

यस संस्थाको २६ औ वार्षिक साधारणसभावाट स्वीकृत निति तथा कार्यक्रम, संञ्चालक समितिको वैठकले गरेका निर्देशन, ऋण कार्यविधिमा तोकिएका सिमाङ्कनहरु, तपाई शेयरसदस्यज्यूहरुको अमुल्य सल्लाह सुझाव, संस्थाको विनियम लगायत व्यवहारिक पक्ष समेतलाई मध्यनजर गरी ऋण उपसमितिका २६ वटा महत्वपुर्ण बैठकहरु वसी तपाई शेयर सदस्यज्यूहरुका दैनिक जिवनमा आईपर्ने सामान्यदेखि जटिल आर्थिक

समस्याहरु समाधान गर्ने लगायत महत्वपूर्ण नीतिगत निर्णयहरु गरी संस्थालाई मार्गनिर्देश गर्ने कार्य गरिएका छन, जसलाई तपसिल अनुसार प्रस्तुत गरिएको छ ।

**१. संस्थाबाट प्रवाह गरिएका ऋणहरुको विस्तृतिकरण**

१. आ.व.२०८१ श्रावण १ गतेदेखी २०८२ असाढ ३२ गतेसम्म ९८५ जना सदस्यज्यूहरुलाई ऋण सेवा मार्फत उहांहरुको आर्थिक समस्याहरु समाधान गरिएका छन । जसमा ५८३ जना महिला र ४०२ जना पुरुष रहनुभएको छ । कुल ऋणी सदस्यहरुमा जम्मा ७८ करोड ८ लाख ३६ हजार ९ सय ६७ रुपैया पैसा ६२ ऋण लगानीमा रहेको छ । गत आ.व.को अन्त सम्ममा लगानीमा रहेको रु. ७३ करोड ७८ लाख ५ हजार ७ सय २४ रुपैयां पैसा ६७ मा यस आ.व.को मसान्त सम्ममा ऋण लगानी रु ५९ करोड ९३ लाख १८ हजार १ सय ९ रुपैया पैसा ३६ गरी कुल ऋणलगानी रु १ अरव ३३ करोड ७१ लाख ४३ हजार ८ सय ३४ रुपैया पैसा ३ भई आ.व.को अन्त सम्ममा कुल ऋण रु ५५ करोड ६३ लाख ६ हजार ८ सय ६६ पैसा ४१ रुपैयां असुल भई वाँकी सदस्यहरुमा रु ७८ करोड ८ लाख ३६ हजार ९ सय ६७ रुपंया पैसा ६२ रुपैयां लगानीमा रहेको छ । गत बर्षको लगानी र यस आर्थिक वर्षको लगानीबाट संस्थामा ब्याज आम्दानी रु ९ करोड ४१ लाख ९८ हजार १ सय ४० रुपैया पैसा ९५ व्याज आम्दानी भई प्रस्तावित कार्यक्रमको लक्ष्यको नजिक पुगेको ब्यहोरा समेत यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

(क) संस्थाको ऋणलगानी घरजग्गा खरिद र आवास व्यवस्थापनमा वढी भएको छ भने सहरीकरण र प्रदेशको राजधानी भएका कारण जग्गा खरिद गर्ने र त्यसमा आवास निर्माण गर्ने प्रवित्ति वढेका कारण यस प्रकारको ऋणलाई रोक्न सकिएको छैन भने यस आ.व.मा सकेसम्म उत्पादनमुलक क्षेत्रमा लगानी केन्द्रित गर्ने प्रयास गरिनेछ ।

(ख) सहकारी मापदण्ड २०६८ अनुसार एकपटकमा सञ्चालक समितिका ४९% भन्दा कम सञ्चालकहरुले ऋणको उपभोग गर्ने व्यवस्था अनुसार सञ्चालक र लेखासमिति को कुल सङ्ख्या १५ जना मध्ये २ जना (६.५३%) ले मात्र ऋण उपभोग गरिरहेको अवस्था छ ।

**२. भाका नाघेको ऋणको अवस्था**

१. यस आ.व.को मसान्तसम्ममा संस्थाले जारी गरेको कुल ऋण मध्ये रु १ करोड १६ लाख ६ हजार ८ सय रुपैयां पैसा ४२ ले मात्र १ वर्ष भन्दा वढि समयावधि नाघेको अवस्था छ । जसका लागि भाका नाघेको कुल रकमको १००% जोखिमको व्यवस्था गर्न रु १ करोड १६ लाख ६ हजार ८ सय ६ पैसा ४२ नै ऋण जोखीम कोषको व्यवस्था गरेका छौं ।

२. यसै गरी यस आ.व.को मसान्तसम्ममा संस्थाको कुल ऋण मध्ये रु.१ करोड ३७ लाख २७ हजार ६ सय ८८ रुपैयां ७३ पैसा ले १ वर्ष भन्दा कम समयावधि भाका नाघेको छ, जसका लागी जोखीम व्यवस्था स्वरुप ३५% ले हुन आउने रकम रु ६७ लाख ३२ हजार ४ सय ६ रुपैयां पैसा ०७ लाई ऋण जोखिम कोषको व्यवस्था गरेको छौं ।

३. सदस्यहरुलाई जारी गरिएको कुल ऋण लगानीबाट खराव ऋण घटाई हुन आउने शुद्ध ऋण रु ७५ करोड ५७ लाख ७० हजार ७ सय १३ रुपैया पैसा ८८ रहेको छ जसको १% वापत हुन आउने रकम रु ७५ लाख ५७ हजार ७ सय ७ पैसा १४ लाई समेत जोखिम कोषको व्यवस्थापन गरेका छौं ।

**३. लगानीमा रहेको ऋणको सदुपयोगीता**

आर्थिक वर्षको प्रत्येक त्रैमासीकमा ऋणी सदस्यहरुले उपभोग गरेको ऋणको सदुपयोगिता के कस्तो अवस्थामा रहेको छ भनि ऋणी सदस्यहरुको समस्या र उहांहरुले प्रदान गरेका सकारात्मक सुझावहरु

सङ्कलन गरी संस्थाको ऋण उपसमितिमा व्यापक छलफल पश्चात सञ्चालक समितिमा विस्तृत प्रतिवेदन तयार गरी पेश गर्ने गरिएको छ ।

## ४. ऋण लगानीको क्षेत्रलाई स्वस्थ बनाउनका लागि गरिएका प्रयासहरु

१. ऋणको साँवाव्याज (किस्ता) नियमित बुझाउने सदस्यहरु मध्येबाट सञ्चालक समितिको वैठकबाट गोलाप्रथाद्वारा छनौट गरी उत्कृष्ट ऋणी **सदस्य** पुरस्कार तथा सम्मान प्रदान गर्ने गरिएको छ ।
२. संस्थाबाट ऋण लिई गरेको व्यवसाय मार्फत जिवनस्तर माथि उठाउन सफल व्यवसायीहरुलाई हरेक ऋणको शिर्षकमा सफल व्यवसायिक ऋणी सदस्य छनौट गरी संस्थाको वार्षिक उत्सवका अवसरमा **सफल व्यवसायी सदस्य** सम्मान तथा पुरस्कार प्रदान गर्ने गरिएको छ ।
३. हरेक दिनको भोलिपल्ट किस्ता भएका सदस्यहरुलाई एस.एम.एस तथा टेलिफोनमार्फत जानकारी गराउने र कर्मचारी र ऋण उपसमितिबाट ऋण अनुगमन तथा ऋणी सदस्य भेटघाट गर्ने गरिएको छ ।
४. हरेक महिना ऋणको पर्ल्स सूचक विश्लेषण गरी ऋण लगानीलाई पर्ल्स सूचक अनुसार कायम गर्ने प्रयास गरिएको छ ।
५. किस्ता तालिका अनुसार मासिक रुपमा किस्ता तिर्ने सदस्यहरुलाई पहिलो प्राथमिकतामा राखी ऋण प्रवाह गर्ने गरिएको छ ।
६. लगानी भएका फाईलहरुलाई नियमित रुपमा ऋण उपसमितिबाट निरीक्षण गरी आवश्यकतानुसार ऋण उपसमितिको बैठक बसी ऋण लगानी कार्यलाई सहज बनाइएको छ ।
७. यस आर्थिक वर्षमा समग्र ऋण लगानी मध्येबाट अनुत्पादक क्षेत्रमा भन्दा कृषि, व्यापार, उद्योग र साना लगानीमा जोड दिने उदेश्यले व्याजदरमा हेरफेर गरिएको छ ।

## ५. ऋण नीतिमा गरिएका संशोधनहरु

१. सदस्यहरुलाई ऋण लगानी गर्नका लागि सरल तथा सहज बनाउनका लागि सहकारी मापदण्ड २०६८ अनुसार सदस्यता प्राप्त गरेको ३ महिना पछि मात्र ऋणको कारोवार गर्न पाउने गरी ऋण व्यवस्थापन कार्यविधि,२०७९ मा नीतिगत व्यवस्था गरिएको छ ।
२. ऋणको किस्ता र सावां असुली लाई नियमित गराउनका लागि सदस्यको ऋण निवेदन स्वीकृति पूर्व निज र निजको एकाघरका परिवारको संस्थामा भएको ऋण कारोवार,सामाजिक चालचलन र व्यवहार लगायत ऋण इतिहास विश्लेषण गर्दा वित्तीय अनुशासनमा रहेको हुनुपर्ने व्यवस्था गरेका छौं, भने यस भन्दा अगाडि लिएको ऋणको किस्ता समयमा आएको र अन्तिम भाखा ननाघेको भएमा जति दिन किस्ताको भाखा वा ऋणको भाखा नाघेको छ त्यति नै दिन पछि मात्र ऋणको लागि निवेदन दिन पाइने व्यवस्था मिलाइएको छ ।
३. यस वर्ष ऋणका प्रकारहरुमा शैक्षिक ऋण अन्तरगतका प्राविधिक शिक्षा अध्ययनका लागी आवश्यक ऋणको दायरा बढाएर ५ लाख देखी २५ लाख सम्म पुर्‍याइएको छ ।
४. संस्थाद्धारा जारी गरिएको ऋणलाई मजवुत वनाई राख्न यस अघि दिईदै आएको आंशिक फुकुवामा रोक लगाइएको छ ।
५. धितो राख्ने जग्गा किनेको मिति र हदम्याद सम्बन्धी व्यवस्थालाई सरल बनाउनका लागि धितो प्रयोजनमा आउने जग्गा जमिन संस्थाले रोक्का राख्न पाउने व्यवस्थालाई सरल बनाइएको छ ।
६. शेयर सदस्यहरुको उद्योग व्यवसायलाई मध्यनजर गर्दै लगानी बढाउने लक्ष्यका साथ ५० लाख रुपैया सम्म सदस्यलाई लगानी गर्ने गरिएको छ ।
७. ऋण व्यवस्थापन कार्यविधि २०७९ लागु गरिएको छ भने यसमा रहेका अनुसुचिहरु विभागीय तथा सेवा केन्द्र सञ्चालन कार्यविधि २०७८ मा व्यवस्था भए वमोजिम समय र आवश्यकतानुसार संशोधन गरी प्रयोगमा ल्याईएको छ ।

**६. ऋणको व्याजदर समायोजन सम्वन्धमा**

१. यस वर्षदेखि हरेक तिन/तिन महिनामा प्रतिष्पर्धी वजारको विश्लेषणका आधारमा सञ्चालक समितिबाट ऋणको व्याजदर समयसापेक्ष हेरफेर गर्ने गरिएको छ ।

**७. ऋण लगानीमा समस्याहरु**

१. उत्पादनमुलक क्षेत्रभन्दा आवासिय क्षेत्रमा ऋण लगानी लक्ष्य भन्दा बढी भएको छ ।

२. व्यवासायिक ऋण बाहेक अन्य ऋणहरुलाई नियमित किस्तामा ल्याउन कठिनाई भएको छ भने विस्तारै सुधार उन्मुख देखिएको छ ।

३. हाल विद्यमान राष्ट्रिय आर्थिक सङ्कुचनका कारण व्यापार, व्यवसायमा देखा परेको निराशापन र गिरावटका कारण शेयर सदस्यज्यूहरुलाई सहज र सरल तरिकाबाट लगानी गरी तरलता व्यवस्थापन गर्न मेहेनेत भइरहेको छ ।

४. दक्ष,युवा र उत्पादनसील जनशक्तिको वहिर्गमनबाट उत्पादनसील क्षेत्रमा लगानी गर्न निकै नै गाह्रो भएको अवस्था छ ।

५.सबै ऋण लगानीको अनुगमन गर्न सकिएको छैन ।

**१०. बाह्रय ऋणको सम्वन्धमा**

१. संस्थामा सदस्यहरुवाट प्राप्त निक्षेप नै प्रयाप्त भएका कारण यस आ.व.को अन्त सम्ममा वाहृय निकायहरुबाट ऋण लिनु परेको अवस्था छैन ।

२.शेयर सदस्यको व्यवसायिक र व्यबहारीक समस्यालाई मध्यनजर गरी आवश्यकतानुसार सबै पक्षसंग सरसल्लाह गरी ऋण लगानी र असुलीका कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिएको छ ।

३. संस्थाद्वारा गरिने आर्थिक कृयाकलापहरु अझ सुदृढ र मजबुत बनाई सस्था र शेयर सदस्यहरुलाई व्यवसायमा केन्द्रीत गरी आत्मनिर्भर गराउनका लागि आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रम र लगानीका आधारहरु तय गरी यस सम्मानित सभामा पेश गरेका छौं । सम्मानित सभामा छलफल गरी आवश्यक सुझाव सल्लाह प्राप्त हुने अपेक्षा गरेका छौं ।

**माथि उल्लेख गरिएका विषयवस्तुहरुलाई व्यवस्थित, परिमार्जित र गतिशील बनाउनका लागि आ.व. २०८२/०८३ का लागि निम्न अनुसारका प्रस्तावित कार्यक्रम पेश गरी आवश्यक सुझाव, सल्लाह सहित पास गरिदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।**

१. संस्था मेरो हो भन्ने भावनात्मक रुपमा विकास भै व्यवसायउन्मुख व्यवसायिलाई ऋण लगानीमा प्राथमिकता दिइनेछ ।

२. नियमित रुपमा किस्ता तथा व्याज तिरी संस्थाको आर्थिक सूचकलाई सन्तुलनमा राख्न योगदान दिनुहुने सदस्यहरुलाई आगामी ऋणमा प्राथमिकतामा राखिने छ ।

३. कुल लगानीको ७५ प्रतिशत ऋण प्रत्यक्ष व्यवसायमा र २५ प्रतिशत सेवा एवम व्यवहारिक कार्यमा लगानी गर्ने व्यवस्था मिलाइनेछ ।

४. ऋणलाई समयसापेक्ष समयावधि बढाई किस्ता असुलीलाई कडाईका साथ असुली गर्ने व्यवस्था मिलाइने छ ।

५. प्रत्येक ऋणको व्यावसायिक परियोजना निरीक्षण वार्षिक ३ पटक गर्ने व्यवस्था मिलाइने छ ।

६. ऋण लिएका सदस्यहरुलाई व्यवसायमुखी तालिमको व्यवस्था मिलाईने छ ।

७. शेयर सदस्यहरुलाई छिटोछरितो रुपमा ऋण लगानीका लागी रु १० लाखसम्म ऋण सम्वन्धित सेवा केन्द्र प्रमुखको सिफारिसबाट व्यवस्थापन समूहको वैठक वसी संस्थाका व्यवस्थापकले स्वीकृत गर्ने, रु १५ लाख सम्मको लगानी व्यवस्थापन समुहको सिफारिसमा ऋण उपसमितिबाट स्वीकृत गर्ने, रु.२० लाख सम्मको

लगानी ऋण उप समितिको सिफारिसबाट अध्यक्षबाट स्वीकृत गर्ने र सो भन्दा माथि ऋण समितिको सिफारिसमा सञ्चालक समितिबाट स्वीकृत गरी लगानी गर्ने व्यवस्था मिलाइएको छ ।

८. किस्ता बमोजिम किस्ता बुझाउने सदस्यलाई व्याज रकममा २ प्रतिशत छुट दिने व्यवस्था मिलाईएकोछ ।

**आदरणीय सेयर सदस्यज्यूहरु**

२०८१ अषाढ मसान्तसम्म संस्थाको ऋणको वित्तिय अवस्था विश्लेषण गरी लगानी, असुली र शेयर सदस्यहरुलाई व्यवसाय उन्मुख गराउनका लागि यस आर्थिक वर्ष २०८२/०८३ लागी शीर्षक अनुसारको ऋण लगानी प्रस्ताव वार्षिक प्रतिवेदनको तालिका नं.... प्रस्तुत ऋण लगानी योजनालाई आवस्यक सुझाव सहित अनुमोदन गरिदिनका लागि विनम्र अनुरोध गर्दछु ।

अन्तमा यस संस्थाको प्रगतिमा ऋणको संवेदनशिलता मुख्य भुमिका हुन्छ । ऋण स्वस्थ गराउन यहाहरुको सहयोग र आर्थिक अनुशासनले हामीलाई थप हौसला र प्रोत्साहन गर्ने गर्दछ । जनहितकारी बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुले गरेको नियमित बचत तथा ऋणको किस्ता नै संस्था सञ्चालनको मेरुदण्ड रहेको कुरा यहांहरुलाई अवगत नै छ । यस अवधि सम्म संस्थाले आफूलाई सुशासीत र व्यवस्थित बनाउनका लागी गरेका हर प्रयत्नमा तपाई सदस्यहरुको सहयोग प्राप्त भएको छ जसका कारणले आज सस्थामा भाका नाघेको ऋण ३.८६ प्रतिशत भन्दा कम अङ्कमा रहेको छ । यसका लागि तपाई सवै सदस्य ज्यूहरुलाई धन्यवाद दिन चाहान्छु । आज १ अरव भन्दा माथीको कारोवार हुदा केही न केही सानातिना कठिनाईहरुत आउने नै भए यसलाई हामी सहजै स्वीकार गर्न सक्छौं । केही सदस्यहरु जसलाई यस संस्थाले विश्वास गरेको थियो तिनै विश्वासयोग्य र प्रतिष्ठित सदस्यहरुले आफ्नो ऋणको साँवा तथा व्याज समयमा नबुझाईदिएको हुँदा यस आ.व. पनि भने जति नाफा संस्थाले गर्न सकेन । साथै आगामी दिन र वर्षहरुमा समेत तपाई सदस्यहरुको सहयोग, विश्वास र लगनशिलता यस संस्थाका लागि अपरिहार्य रहेको कुरा यहाँहरु समक्ष व्यक्त गर्न चाहन्छु । तपाई १ जना सदस्यले गरेको सहयोग संस्थाको जग बसाउनमा कोसेढुङ्गा सावित हुनेछ भन्ने विश्वास लिएका छौं ।

माथि प्रस्तुत गरिएका प्रगति विवरण प्रस्तावित कर्यक्रम, प्रस्ताविक ऋण लगानी कार्यक्रम माथि व्यापक छलफल गरी सुझाव सल्लाह सहित सुधार गर्नुपर्ने भएमा सुधार सहित पास गरिदिनु हुनेछ भन्ने पूर्णविश्वासका साथ संस्था विकासमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयर सदस्य तथा संस्था स्थापनादेखि हालसम्म लाग्नु हुने सम्पूर्ण अग्रजहरु प्रति आभार प्रकट गर्दछु ।

धन्यवाद ।

जय सहकारी । जय जनहितकारी ॥

**राधा कार्की**
संयोजक
ऋण उपसमिति



## २७ औं वार्षिक साधारणसभामा प्रस्तुत
# शिक्षा उप-समितिको प्रगति प्रतिवेदन-२०८२

यस जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि.को आज सम्पन्न हुन लागिरहेको गरिमामय २७औं वार्षिक साधारणसभाका सभाध्यक्षज्यू, श्रेद्धय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु सञ्चालक समितिका सदस्यज्यूहरु, लेखा समितिका संयोजक एवम् सदस्यज्यूहरु, उपसमितिका संयोजक एवम् सदस्यसाथीहरु, व्यवस्थापक समितिका सदस्यज्यू लगाएत सम्पूर्ण कर्मचारी साथीहरुका साथै यस संस्थाका धरोहरका रुपमा रहनु भएका शेयर सदस्यज्यूहरु प्रति यस गरिमामय २७औं वार्षिक साधारणसभामा शिक्षा उपसमितिको तर्फबाट सहकारीमय अभिवादन टक्राउन चाहान्छु ।

आज सम्पन्न हुन गईरहेको २७ औं वार्षिक साधारणसभामा शिक्षा उपसमितिको तर्फबाट वार्षिक प्रतिवेदन २०८२ प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु । हामी सबैलाई थाहा छ चेतनाको सम्वाहकको रूपमा मानिएको शिक्षा जसले समाज रूपान्तरण गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । 'शिक्षा' भन्ने बित्तिकै स्कुल, क्याम्पस आदि र घरमै पनि नियमित रूपले अध्ययन गर्ने-गराउने वा ज्ञानको बन्दोबस्त मिलाउने काम भन्ने बुझिन्छ । सिकेर, पढेर, सुनेर वा अन्य कुनै पनि प्रकारले ग्रहण गरिने सैद्धान्तिक तथा व्यवहारिक विषयको बोध वा ज्ञान पनि शिक्षा नै हो । 'शिक्षाको महत्व' भनेको कुनै विषयमा सिकेर पोख्त हुने इच्छा वा चाहनाको महत्व हो । शिक्षा मानव जातिको तेस्रो चम्किलो आंखा भएकोले आजको युगमा यसको निकै ठूलो महत्व रहेको छ । शिक्षाबिना मानिस अन्धो नै हुन्छ । शिक्षा आजका मान्छेको एक महत्वपूर्ण गहनानै भएकोले यसको महत्व निकै ठूलो छ । शिक्षा मानव जातिको आभूषण वा गहना हो । यसले समाजमा मानिसको इज्जत र मान प्रतिष्ठा बढाउंछ शिक्षित व्यक्तिको सर्वत्र कदर पनि गरिन्छ । शिक्षा नै हरेक किसिमका उन्नतिको मुहान भएकोले यसैबाट व्यक्ति, समाज, राष्ट्र र विश्वको उन्नति हुन सक्दछ । आजको भौतिक सुविधाले सम्पन्न युगको निर्माण शिक्षाकै कारणले भएको हो । यसले मानिसले भौतिक सुख र आत्मिक सुख दुवै प्रदान गर्दछ । शिक्षाले नै राष्ट्रको उन्नतिमा ठूलो टेवा पुऱ्याउने भएकोले यसको महत्व सबैभन्दा माथि छ । सहकारी जस्तो समाजको आर्थिक मेरुदण्डका रूपमा रहेको संस्थामा शिक्षाकै माध्यमबाट शिक्षा,तालिम र सूचना जस्ता अन्तर्राष्ट्रिय सिद्धान्तलाई आत्मसात् गदै आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न कार्यहरू गरेको जानकारी गराउन चाहन्छु । साथै यो महत्वपूर्ण कार्यका लागि मलाई विश्वास गरी जिम्मेवारी सुम्पिनुहुने आदरणीय शेयर सदस्यज्यूहरू, सञ्चालक समितिप्रति कृतज्ञता व्यक्त गर्दै हरेक कार्यमा साथ सहयोग पुऱ्याउनु हुने व्यवस्थापन पक्षप्रति आभारी छु । यस आर्थिक वर्षमा शिक्षा उप समितिले गरेका कामहरू निम्नलिखित रहेका छन् ।

**(१) बैठक तथा निर्णयहरू**

१. कर्मचारीहरूलाई कार्यालय व्यवस्थापन तथा सेवाकालीन तालीम सञ्चालन,
२. समिति तथा उप-समितिहरूलाई संस्थागत क्षमता अभिवृद्धि तथा नेतृत्व रूपान्तरण कार्यशाला सञ्चालन,
३. सहकारी शिक्षा शिविर सञ्चालन,
४. सदस्य भेटघाट तथा नयाा वर्षको शुभकामना आदान प्रदान कार्यक्रम सञ्चालन,
५. वार्षिक प्रतिवेदन निर्माण ।

(२) **कार्यालय व्यवस्थापन तालिम**

यस जनहितकारी साकोसका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न एक दिने कार्यालय व्यवस्थापन तालिम सञ्चालन गरियो । उक्त तालिमको प्रशिक्षकको रूपमा संस्थाका लेखा तथा प्रशासन विभाग प्रमुख बसन्तबहादुर बुढाद्वारा सञ्चालन गरिएको तालिममा व्यवसाय विभाग प्रमुख प्रेम आचार्यबाट समन्वय भएको उक्त तालिममा संस्थामा कार्यरत ३२ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

(३) **संस्थागत क्षमता अभिवृद्धि तथा नेतृत्व रूपान्तरण कार्यशाला**

वचत तथा ऋण सहकारी संस्थाहरूले अवलम्वन गर्नु पर्ने पर्ल्स मापनका सुचकहरू रसदस्यहरूको सेवामा प्रभावकारी कार्ययोजना र योजना निर्माणमा रहने भूमिकाको बारेमा संस्थाका सञ्चालक उपसमिति र व्यवस्थापन समूहलाई लक्षित गरी २०८१ वैशाख २२ देखि २४ सम्म दैलेखको गुराँस गाउपालिकाको Dad`S Pride मा सञ्चालन गरिएको ३ दिने संस्थागत क्षमता अभिवृद्धि तथा नेतृत्व रूपान्तरण कार्यशाला कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सहकारी महासंघका सञ्चालक सदस्य श्री हरिहरनाथ योगी, संस्थाका अध्यक्ष श्री नवराज कंडेल लगायत सञ्चालक समिति तथा उपसमिति सदस्य तथा व्यवस्थापन समूहबाट सहभागिता रहेको तालिमको सहजीकरण राष्ट्रिय सहकारी महासंघका प्रशिक्षक श्री रामसुदन तिमिल्सिनाद्वारा गरिएको थियो ।

(४) **सहकारी शिक्षा शिविर**

शेयर सदस्यहरूलाई प्रदान गर्दै आएको सहकारी शिक्षा शिविर यस आर्थिक वर्ष २०८१/०८२ मा २०८१ भाद्र १३ र २७ , मंसिर ५ र २७, पौष २९, माघ २७, चैत्र २९ गते गरी जम्मा ७ वटा शिक्षा शिविर सञ्चालन गरीएको थियो । उक्त शिविरहरूमा प्रशिक्षकको रूपमा संस्थाका व्यवस्थापक,सहायक व्यवस्थापक,व्यवसाय विभाग प्रमुख र लेखा तथा प्रशासन विभाग प्रमुखद्वारा सञ्चालित शिक्षा शिविरमा ६७७ जना शेयर सदस्यहरूको सहभागिता रहेको थियो ।

(५) **सदस्य भेटघाट तथा शुभकामना आदान प्रदान कार्याक्रम**

संस्थाले उत्पादन गरेका वचतका वारेमा वित्तीय परामर्श तथा जानकारी दिने, शेयर सदस्य वृद्धि गर्ने र संस्थाद्वारा स्थापना गरिएको सेवा केन्द्रको प्रचार प्रसारका साथै सदस्यहरूलाई सेवा केन्द्रवाट कारोवार गर्न समेत अनुरोध गर्ने उद्देश्यले विभिन्न समयमा यस जनहिकारी साकोसको कार्यक्षेत्र छेउछाउका बस्तीहरू(वडा नं १,२,३,५,६,७,८,१० र ११) मा सञ्चालन गरिएको उक्त कार्यक्रम बाट ५३० जना नया शेयर सदस्यज्यूहरू थप हुनु भएको थियो । आदरणीय शेयरधनी महानुभाावज्यूहरू शिक्षा उपसमितिद्वारा आगामि आ.व २०८२/०८३ का लागि प्रस्ताविक कार्यक्रमहरू संस्थाका अध्यक्षज्यूको वार्षिक नीति तथा कार्यक्रममा आईसकेको हुदा पुनः पढि रहन आवस्यक देखिन अतःसो नीति तथा कार्यक्रमलाई आवश्यक सुझावसहित यस गरिमामय सभाबाट पास हुने कुरामा म/हामी विस्वस्त रहेको कुरा अवगत गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा यस उपसमितिद्वारा सञ्चालित कार्यक्रमलाई सहयोग गरेर कार्यक्रमलाई सफल पार्नुहुने सम्पूर्ण महानुभावलाई हार्दिक कृतज्ञाता व्यक्त गर्दै पुनः प्रस्तुत प्रतिवेदन तथा चालु आ.व.को नीति तथा कार्यक्रमलाई आवश्यक सल्लाह, सुझावसहित अनुमोदनका लागि यस गरिमामय सभासमक्ष हार्दिक अनुरोध गर्दछु । धन्यवाद !

जय सहकारी जय जनहितकारी

**सौगात रावत**

संयोजक, शिक्षा उप-समिति



# सम्पत्ति शुद्धीकरण तथा निवारण सम्वन्धी
# **वार्षिक प्रतिवेदन आर्थिक वर्ष : २०८१/०८२**

**पृष्ठभूमि :**

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा (४६) ले दिएको अधिकार प्रयोग गरी तयार भएको सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०७३ लाई आधार मानी जारी हुन गएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी सहकारी संस्थालाई जारी निर्देशन, २०७४ लाई प्रभावकारी रुपमा लागु गर्नको लागि संस्थाले सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयन कार्यविधि, २०७५ को ( संशोधन सहित) पुनर्लेखन, २०८१ तयार पारी कार्यान्वयनमा ल्याएको छ । संस्थाको समपूर्ण कारोवार यसै कार्यविधिको अधिनमा सम्पादन गरिदै आएको छ । सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयन कार्यविधि, २०७५ को ( संशोधन सहित) पुनर्लेखन, २०८१ को कार्यान्वयन गरी संस्थामार्फत गरिने वित्तीय कारोवारलाई स्वच्छता एवम् पारदर्शिता कायम गर्दै संस्थामा जोखिम कम गर्दै आन्तरिक नियन्त्रण प्रणाली मजबुद बनाउँदै संस्थागत सुशासन तथा लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी कार्य सम्पादन गर्न सहयोग पुग्नेछ ।

संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐनमा भएका व्यवस्थाहरुलाई पालना गर्दै लगेको छ । खास गरी सङ्गठित अपराध तथा राजश्व छलिबाट आर्जित सम्पत्तिको व्यवस्थापनमा संस्थालाई प्रयोग हुन नदिन आवश्यक सावधानीहरु अपनाइएको छ । संस्थाले ऋण लगानी गर्दा सदस्यहरुबाट धितो लिई ऋण उपभोग गर्नुको प्रयोजनसमेत स्पस्ट खुलाई प्रचलित कानुनअनुसार कारोवार गर्ने सदस्यहरुलाई मात्र ऋण दिने नीति लिएको छ । दश लाख रुपैँया भन्दा माथिको भुक्तानीलाई अनिवार्य एकाउन्ट पेयी चेक मार्फत् भुक्तानी गर्ने गरिएको छ । बिलहरुको भुक्तानी गर्दा सम्बन्धीत संस्था वा कम्पनीको नाममा चेक मार्फत भुक्तानी गर्ने गरिएको छ ।

एक दिनमा एक पटक वा पटकपटक गरी दश लाख रुपैँयाभन्दा बढी बचत जम्मा गर्ने सदस्यहरुलाई रकमको स्रोत स्पस्ट खुलाई बचत लिने गरिएको छ । एक लाखभन्दा माथिको नगद जम्मा तथा भुक्तानी गर्दा स्रोत खुलाई नगद जम्मा गर्ने तथा भुक्तनी पाउने व्यक्तिको आधिकारिक परिचय पत्र प्रतिलिपि राख्ने व्यवस्था गरिएको छ ।

संस्थाको कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको एकिन गरी बसोबास स्थल र पेशासम्वन्धी पूर्ण जानकारी लिएर मात्र सदस्यता प्रदान गर्ने व्यवस्था रहेको छ । कारोवारको स्रोतको जानकारी लिई सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरुलाई परिपालना गर्दै लगिएको छ ।

तोकिएको सीमाभन्दा बढीको कारोवारको नेपाल राष्ट्र बैङ्क वित्तीय जानकारी एकाइमा नियमित प्रतिवेदन पठाउने गरिएको छ । सम्पत्ति शुद्धीकरण ऐन, नियमावली तथा वित्तीय जानकारी एकाइले समयसमयमा दिएको निर्देशन पालना तथा सहकारी विभागले सहकारी सङ्घसंस्थालाई जारी गरेको निर्देशन, २०७४ बमोजिम संस्थाले कार्यान्वयन अधिकारी नियुक्त गरेको छ ।

संस्थाले सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयन कार्यविधि, २०७५ को (संशोधन सहित) पुनर्लेखन, २०८१ लागु गरी कार्यान्वयनमा ल्याएको छ । संस्थाले संस्थामा कार्यरत कर्मचारीहरुलाई सम्पत्ति शुद्धीकरण तथा जोखिम न्यूनीकरणसम्वन्धी तालिम तथा गोष्ठीहरुमा सहभागी गराउँदै आएको छ । संस्थाले सूचना पार्टी, पत्रपत्रिका, सामाजिक सञ्जाल तथा वेवसाईट मार्फत सूचना प्रकाशित गरी संस्थागत जानकारी तथा सदस्यहरुलाई आफ्नो विवरण अद्यावधिक गर्न सूचना तथा जानकारी प्रदान गरिएको छ । साथै आगामी दिनमा यसलाई थप व्यवस्थित गरी सदस्य तथा संस्थाको कारोवारमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्दै लगिने छ ।

**सम्पत्ति शुद्धीकरण तथा निवारणसम्वन्धी यस आर्थिक वर्षमा सम्पन्न कार्यहरु :**

**१. सदस्य पहिचान फाराम तथा भौचर संशोधन सम्वन्धमा :**

संस्थाले सम्पत्ति शुद्धीकरण तथा निवारण सम्वन्धी सहकारी सङ्घ संस्थालाई जारी निर्देशन, २०७४ अनुसार सदस्य पहिचान फाराम, भौचर लगायतका सम्बन्धीत फारामहरु अद्यावधिक गरिएको छ ।

**२. Go AML Software सम्वन्धमा :**

आर्थिक वर्ष २०८०/०८१ चैत्र १ गतेदेखि GoAML (Production Environment) मार्फत् सीमा कारोवार तथा शङ्कास्पद कारोवारको प्रतिवेदन गर्ने निर्देशन अनुसार वित्तीय जानकारी एकाइलाई GoAML (Production Environment) बाट विवरण पठाइएको छ ।

**३. सदस्य पहिचान सम्वन्धमा :**

संस्थाले सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयन कार्यविधि, २०७५ को (संशोधन सहित) पुनर्लेखन, २०८१ को दफा (३) अनुसार सदस्य पहिचान कार्य यस आर्थिक वर्षमा १,७०४ जना सदस्यहरुको विवरण अद्यावधिक गरीएको छ ।

**४. सीमा कारोवार प्रतिवेदन सम्वन्धमा :**

संस्थाले सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयन कार्यविधि, २०७५ को (संशोधन सहित) पुनर्लेखन, २०८१ को दफा (२०) अनुसार वित्तीय जानकारी एकाइ तथा नियामक निकाय सहकारी विभागमा सीमा कारोवार प्रतिवेदन कार्यान्वयन अधिकारी मार्फत दश-दश दिनको कारोवार पन्ध्र दिनभित्र नियामक निकायमा पुग्ने गरी यस आर्थिक वर्षमा २४ वटा प्रतिवेदन र ३६७ जना सदस्य कारोवारको जानकारी पठाइएको छ ।

**५. उच्च पदस्थ व्यक्तिको अभिलेख सम्वन्धमा :**

संस्थाले सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयन कार्यविधि, २०७५ को (संशोधन सहित) पुनर्लेखन, २०८१ को दफा (८) अनुसार उच्च पदस्थ व्यक्तिको पहिचान गर्नका लागि सदस्यबाट सूचना लिने वा स्वघोषणा गर्न लगाउने, सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण, सामाजिक सञ्जालमा उपलब्ध सूचनाको विश्लेषण, व्यावसायिक रुपमा उपलब्ध तथ्याङ्क लिने, प्रचलित कानुन बमोजिम कुनै निकायमा राखिएको यस सम्वन्धि अभिलेखबाट सूचना लिने र नेपाल सरकार वा तोकिएका संस्था/निकायहरुबाट कम्तिमा पनि वार्षिक रुपमा सूचीमाग गरी उच्च पदस्थ व्यक्तिको सूची तयार गरेर उच्च पदस्थ व्यक्तिको पहिचान गर्ने गरिएको छ । संस्थाले पदमा रहेको उच्च पदस्थ व्यक्ति ९ जना र पदमा नरहेका उच्च पदस्थ व्यक्ति ४ जना गरी कुल १३ जनाको उच्च पदस्थ सदस्यहरुको अभिलेख राखिएको छ ।

**६. जोखिम मूल्याङ्कनको अद्यावधिक वार्षिक प्रतिवेदन सम्वन्धमा :**

संस्थाले सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयन कार्यविधि, २०७५ को (संशोधन सहित) पुनर्लेखन, २०८१ को दफा (१३) र अनुसूची (४) अनुसार यस आर्थिक वर्षमा एक वटा जोखिम मूल्याङ्कनको अद्यावधिक वार्षिक प्रतिवेदन सहकारी विभाग सम्पत्ति शुद्धीकरण निवारण शाखामा पठाइएको छ ।

| सि. नं. | विवरण | आ.व. २०८१/०८२ | आ.व. २०८०/०८१ | कै. |
|---|---|---|---|---|
| १. | जम्मा सदस्य सङ्ख्या | ११,३७२ जना | १०,८४७ जना | |
| २. | पहिचान (KYM) अद्यावधिक सङ्ख्या | १७०४ जना | २२५ जना | |
| ३. | पहिचान (KYM) अद्यावधिक हुन बाँकी सङ्ख्या | ९,६६८ जना | १०,१०५ जना | |
| ४. | उच्चजोखिम स्तरका जम्मा सदस्य सङ्ख्या | १३ जना | १२ जना | |

| सि. नं. | विवरण | आ.व. २०८१/०८२ | आ.व. २०८०/०८१ | कै. |
|---|---|---|---|---|
| | क) उच्च पदस्थ आधारमा उच्च जोखिम स्तर सङ्ख्या | ० | ० | |
| | ख) कारोवारको आधारमा उच्च जोखिम स्तर सङ्ख्या | ० | ० | |
| | ग) पेशा, व्यवसायका आधारमा उच्च जोखिम स्तर सङ्ख्या | ० | ० | |
| | घ) पहिचान तथा पृष्ठभूमिका आधारमा उच्च जोखिम स्तर सङ्ख्या | ० | ० | |
| | ङ. भौगोलिक क्षेत्रका आधारमा उच्च जोखिम स्तर सङ्ख्या | ० | ० | |
| | च. अन्य कुनै आधारमा उच्च जोखिम स्तर सङ्ख्या | ० | ० | |
| ५. | मध्यम जोखिम स्तरका कुल सदस्य सङ्ख्या : | ० | ० | |
| | क. पदका आधारमा मध्यम जोखिम स्तर सङ्ख्या | ० | ० | |
| | ख. कारोवारका आधारमा मध्यम जोखिम स्तर सङ्ख्या | ० | ० | |
| | ग. पेशा, व्यवसायका आधारमा मध्यम जोखिम स्तर सङ्ख्या | ० | ० | |
| | घ. अन्य आधारमा मध्यम जोखिम स्तर सङ्ख्या : | ० | ० | |
| ६. | न्यून जोखिम स्तरका जम्मा सदस्य सङ्ख्या : | ० | ० | |
| ७. | जोखिम स्तर परिवर्तन भएका सदस्य सङ्ख्या : | ० | ० | |
| ८. | सिमा कारोवार प्रतिवेदन (TTR) सङ्ख्या : | ३६९ जना | ६८४ जना | |
| ९. | शङ्कास्पद कारोवार प्रतिवेदन (STR) सङ्ख्या : | ० | ० | |
| १०. | वास्तविक धनी पहिचान भएको सङ्ख्या : | ० | ० | |
| ११. | वृहत पहिचान गरिएको सदस्य सङ्ख्या : | ० | ० | |
| १२. | आन्तरिक अनुगमन तथा समीक्षा बैठक सङ्ख्या | ० | ० | |
| १३. | रु १० लाख वा सो भन्दा बढी सिमा कारोवार गर्ने जम्मा सदस्य सङ्ख्या : | ३६९ जना | ३२६ जना | |
| | क.वचत गर्ने सदस्य सङ्ख्या : | २२२ जना | १०० जना | |
| | ख. शेयर लिने सदस्य सङ्ख्या : | ० | ० | |
| | ग. ऋण लिने सदस्य सङ्ख्या : | १४७ जना | २२६ जना | |
| १४. | वार्षिक रु ३० लाखभन्दा बढी असामान्य वा उच्च आर्थिक कारोवार गर्ने जम्मा सदस्य सङ्ख्या | ६८ जना | ४९ जना | |
| | क. वचत गर्ने सदस्य सङ्ख्या : | ५४ जना | २९ जना | |
| | ख. शेयर लिने सदस्य सङ्ख्याः | ० | ० | |
| | ग. ऋण लिने सदस्य सङ्ख्याः | १४ जना | २० जना | |
| | घ. विप्रेषण (रेमिटेन्स) वा रकम स्थानान्तरण (मनि ट्रान्सफर) गर्ने सदस्य सङ्ख्या : | ० | ० | |

**७. सम्पत्ति शुद्धीकरण कार्ययोजना निर्माण सम्वन्धमा :**

संस्थाले सम्पत्ति शुद्धीकरण ऐन, कानुन, नियमावली, निर्देशन तथा कार्यविधिको अधिनमा रही आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र वार्षिक कार्य योजना बनाई सञ्चालक समितिबाट स्वीकृत गराई कार्यान्वयन ल्याइएको छ । सो कार्य योजना नियामक निकाय भौतिक तथा प्रविधिमार्फत पठाइएको छ ।

अन्त्यमा, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा हुने वित्तीय लगानी राष्ट्रिय समस्याको रुपमा रहेको छ । आपराधिक कार्यबाट आर्जित सम्पत्ति तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नवीनतम् प्रकृतिका आर्थिक अपराध हुन् यी अपराधहरु नियन्त्रण गर्न राष्ट्रिय रुपमा साझा प्रयासहरु हुँदै आएका छन् । यसै सन्दर्भमा संस्थाबाट हुने वित्तीय कारोवारमा जोखिम न्यूनीकरण, वित्तीय पारदर्शिता, आन्तरिक नियन्त्रण, सुशासन कायम गर्दै ऐन, नियम तथा आन्तरिक कार्यविधि र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी राष्ट्रिय रणनीति तथा कार्य योजना कार्यान्वयनमा संस्थागत जिम्मेवारी बहन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ । साथै सम्पूर्ण सेयर सदस्यहरु, सञ्चालक समिति, कार्यालय प्रमुख, सहकर्मी एवम् नियामक निकायलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

जय सहकारी, जय जनहितकारी !!

**बसन्त बहादुर बुढा**
(कार्यान्वयन अधिकारी)


स्थपनाकाल देखि हाल सम्म शेयर बृद्धीको अवस्था


निक्षेप र ऋणको अवस्था
बचत
ऋण


शेयर, बचत र ऋण लगानीको अवस्था
१ङ्क+०९
९००००००००
८००००००००
७००००००००
६००००००००
५००००००००
४००००००००
३००००००००
२००००००००
१००००००००
०
२०६७/०६८
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
२०७१/०७२
२०७२/०७३
२०७३/०७४
२०७४/०७५
२०७५/०७६
२०७६/०७७
२०७७/०७८
२०७८/०७९
२०७९/०८०
२०८०/०८१
२०८१/०८२
बचत
ऋण
शेयर


आम्दानी, खर्च र नाफाको अवस्था
१४००००००००
१२००००००००
१०००००००००
८०००००००
६०००००००
४०००००००
२०००००००
०
२०७०/०७१
२०७१/०७२
२०७२/०७३
२०७३/०७४
२०७४/०७५
२०७५/०७६
२०७६/०७७
२०७७/०७८
२०७८/०७९
२०७९/०८०
२०८०/०८१
२०८१/०८२
आम्दानी
खर्च
बचत


शेयर सदस्यको अवस्था
३१
४७८५
५५५३
पुरुष
महिला
संस्था


सम्पत्ति बृद्धीको अवस्था
१.२इ+०९
१इ+०९
८०००००००
६०००००००
४०००००००
२०००००००
०
२०७०/०७१
२०७१/०७२
२०७२/०७३
२०७३/०७४
२०७४/०७५
२०७५/०७६
२०७६/०७७
२०७७/०७८
२०७८/०७९
२०७९/०८०
२०८०/०८१
२०८१/०८२
सम्पत्ति

## तालिका–१
## संस्थाको २६ औं वार्षिक स्थापना दिवस २०८१ पौष १८ का अवसरमा आयोजना गरिएका सप्ताहव्यापी कार्यक्रम तालिका : २०८१

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमसंग सम्बन्धित उपसमिति | कार्यक्रम भएका स्थान | कार्यक्रम भएका मिति |
|---|---|---|---|---|
| १ | रक्तदान कार्यक्रम | युवा परिचालन उपसमिति | कालुञ्चौक | २०८१ पौष ११ गते |
| २ | स्वास्थ्य शिविर | स्वास्थ्य तथा वातावरण उपसमिति | वी.न.पा.-११, गाग्रेताल | २०८१ पौष १२ गते |
| ३ | हाजिर जवाफ प्रतियोगिता | बालहितसंरक्षण उपसमिति | संस्थाको सभाहल | २०८१ पौष १३ गते |
| ४ | युवा सचेतना कार्यक्रम | युवा परिचालन उपसमिति | संस्थाको सभाहल | २०८१ पौष १४ गते |
| ५ | सञ्चालक, कर्मचारीको संयुक्त समीक्षा वैठक | व्यवस्थापन समूह | वुलवुले | २०८१ पौष १५ गते |
| ६ | समसामयिक विषयमा अन्तरकृया गोष्ठी | जनहितकारी साकोस | संस्थाको सभाहल | २०८१ पौष १६ गते |
| ७ | जेष्ठ सदस्य सम्मान कार्यक्रम | जेष्ठ सदस्य सहयोग उपसमिति | संस्थाको प्राङ्गण | २०८१ पौष १८ गते |
| | | | | |

## तालिका–२
## जेष्ठ तथा संस्थापक सदस्य सम्मान कार्यक्रम २०८१

| क्र.सं. | सम्मान विद्या | नाम थर | ठेगाना |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक | निम बहादुर थापा | वी.न.पा. ०४, सुर्खेत |
| २ | संस्थापक सदस्य | हरिहरनाथ योगी | वी.न.पा. ०४, सुर्खेत |

## तालिका–३
## संस्थाद्वारा प्रदान गरिएको विपन्न सदस्य राहात रकम रु १००० (२०८१)

| क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | कलावती तिवारी | वी.न.पा. ०४, सुर्खेत |
| २ | विमादेवी थरुनी | वी.न.पा. ११, सुर्खेत |
| ३ | गौरी गिरी | वी.न.पा. ०४, सुर्खेत |
| ४ | चन्द्रकली सुनार | वी.न.पा. ०४, सुर्खेत |
| ५ | शशिलाल कुमाल | वी.न.पा. ०४, सुर्खेत |

## तालिका–४
## संस्थाद्वारा प्रदान गरिएको अपाङ्ग सदस्य राहात रकम रु १००० (२०८१)

| क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | सेतुराम बि.क | वी.न.पा. ०४, सुर्खेत |

तालिका–५

## स्थापना दिवसको अवसरमा आयोजित अन्तरविद्यालय हाजिर जवाफ प्रतियोगितामा सहभागी विद्यालयहरूको नाम र नतिजा : २०८१

| प्रथम स्थान पुरस्कार नगद रु १५०० | | |
|---|---|---|
| क्र.सं. | नाम थर | विद्यालयको नाम |
| १ | पुष्कर वडुवाल | ने.रा.चन्द्रगंगा मा.वि. गाग्रेताल |
| २ | धर्मराज रेग्मी | ने.रा.चन्द्रगंगा मा.वि. गाग्रेताल |
| ३ | रेखा कठायत | ने.रा.चन्द्रगंगा मा.वि. गाग्रेताल |
| द्वितीय स्थान पुरस्कार नगद रु १००० | | |
| १ | प्रकास सुवेदी | ने.रा.चन्द्रगंगा मा.वि. गाग्रेताल |
| २ | मिसन थापा | ने.रा.चन्द्रगंगा मा.वि. गाग्रेताल |
| ३ | हिम्मत रेग्मी | ने.रा.चन्द्रगंगा मा.वि. गाग्रेताल |
| तृतीय स्थान पुरस्कार नगद रु ७०० | | |
| १ | भिजन हमाल | ने.रा.मा.वि वीरेन्द्रनगर |
| २ | रिमा भण्डारी | ने.रा.मा.वि वीरेन्द्रनगर |
| ३ | लोकेश विक | ने.रा.मा.वि वीरेन्द्रनगर |
| सान्तवना स्थान पुरस्कार नगद रु ६०० | | |
| १ | पवन वुढा | छवि आधारभूत विद्यालय |
| २ | समीक्षा पोखरेल | छवि आधारभूत विद्यालय |
| ३ | रीतु धिताल | छवि आधारभूत विद्यालय |
| एस.इ.इ. र कक्षा १२ तर्फ उत्कृष्ट नतिजा ल्याइ पुरस्कृत हुने बाल सदस्यहरु : २०८१ | | |
| कक्षा | नाम थर | विद्यालयको नाम |
| एस.इ.इ. | भावना गौतम | चन्द्रसूर्य एकेडेमी वीरेन्द्रनगर-४, सुर्खेत |
| एस.इ.इ. | दिपेश तिवारी | जनपृय मावि वीरेन्द्रनगर-४, सुर्खेत |
| १२ | समीर वुढा | चन्द्रसूर्य एकेडेमी वीरेन्द्रनगर-४, सुर्खेत |
| १२ | दिया सापकोटा | क्यापिटल सेकेण्डरी स्कुल |

तालिका–६

## आ.व. २०८०/०८१ मा कर्मचारी तर्फ उत्कृष्ठ कर्मचारी पुरस्कार : २०८१

| क्र.सं. | नाम थर | ठेगाना | पुरस्कार |
|---|---|---|---|
| १ | सुरज चपाई | वी.न.पा. ११, सुर्खेत | ३ ग्रेड सहित पुरस्कृत |

### तालिका–७

## २५औं रजत जयन्तीका अवसरमा प्रकाशित स्मारिका विमोचन २०८१

| क्र.सं | प्रकाशन कृति | विमोचन गर्नेको नाम थर | पद |
|---|---|---|---|
| १ | जनहितकारी स्मारीका २०८१ | सूर्यनाथ योगी | माननीय उपाध्यक्ष कर्णाली प्रदेश योजना आयोग |

### तालिका–८

## जनहितकारी सहकारी संस्थाद्वारा प्रयोगमा ल्याइएका विभिन्न वचत र शेयरतर्फ उत्कृष्ट वचत गर्नुभई पुरस्कृत हुनुभएका सदस्यहरू : २०८१

| क्र.सं. | स.नं. | नामथर | ठेगाना | सम्मानित विधा |
|---|---|---|---|---|
| १ | ३६७४ | डिलाराम ज्ञावली | वीनपा-६, सुर्खेत | सर्वाधिक मासिक वचत |
| २ | २९३४ | कर्ण बहादुर सार्की | वीनपा-४, सुर्खेत | सर्वाधिक दैनिक वचत |
| ३ | १५६४ | जगत बहादुर खनाल | वीनपा-४, सुर्खेत | सर्वाधिक स्वैच्छिक वचत |
| ४ | २१७८ | विहान पन्त | वीनपा-४, सुर्खेत | सर्वाधिक वालवचत वचत |
| ५ | १८३८ | नन्दकली खत्री | वीनपा-४, सुर्खेत | सर्वाधिक गृहिणी वचत |
| ६ | ६९४२ | गंगा कुमारी पाण्डे | वीनपा-६, सुर्खेत | सर्वाधिक आवधिक वचत |
| ७ | ६८१५ | भगवती आचार्य | वीनपा-६, सुर्खेत | सर्वाधिक शेयर खरिदकर्ता वचत |

### तालिका–९

## जनहितकारी सहकारी संस्थाद्वारा प्रयोगमा ल्याइएका विभिन्न वचत योजना अन्तर्गत स्वैच्छिक वचत तर्फ सर्वाधिक वचत गर्नुभई पुरस्कृत हुनुभएका सदस्यहरू : २०८१

| क्र.सं. | स. नं. | नामथर | ठेगाना |
|---|---|---|---|
| १ | ४०२२ | रुपलाल खराल | वीनपा-१२, सुर्खेत |
| २ | २८६६ | सुरेश आचार्य | वीनपा-४, सुर्खेत |
| ३ | २९७ | लक्ष बहादुर खड्का | वीनपा-४, सुर्खेत |
| ४ | ३९२१ | शोभा पुरी | वीनपा-१, सुर्खेत |
| ५ | २९७५ | निर्मला ढुङ्गाना | वीनपा-४, सुर्खेत |
| ६ | १०१८९ | मानसिंह वस्नेत | वीनपा-१०, सुर्खेत |
| ७ | ३६२४ | नविना धमला | वीनपा-४, सुर्खेत |
| ८ | ११०२ | सविता मल्ल | वीनपा-६, सुर्खेत |
| ९ | ८१० | खडकुलाल गिरी | वीनपा-४, सुर्खेत |
| १० | ५२७८ | शोभा चपाई | वीनपा-११, सुर्खेत |

### तालिका–१०

## जनहितकारी सहकारी संस्थाद्वारा प्रयोगमा ल्याइएका विभिन्न वचत योजना अन्तर्गत मासिक वचततर्फ सर्वाधिक वचत गर्नुभई पुरस्कृत हुनुभएका सदस्यहरू : २०८१

| क्र.सं. | स. नं. | नामथर | ठेगाना | महिना |
|---|---|---|---|---|
| १ | ४४७४ | खडग प्र.सापकोटा | वीनपा-१, सुर्खेत | श्रावण २०८० |
| २ | ११७२ | झक बहादुर चौधरी | वीनपा-४, सुर्खेत | भाद्र २०८० |
| ३ | १७९४ | तिलकराम घिमिरे | वीनपा-४, सुर्खेत | असोज २०८० |
| ४ | ६१८१ | दिपक प्रसाद गौलि | वीनपा-६, सुर्खेत | माघ २०८० |
| ५ | १९१३ | कमल प्रसाद न्यौपाने | वीनपा-४, सुर्खेत | फाल्गुन २०८० |
| ६ | ८७१८ | लाल बहादुर खड्का | वीनपा-१०, सुर्खेत | चैत्र २०८० |
| ७ | १००२७ | लक्ष्मी ढकाल | वीनपा-८, सुर्खेत | वैशाख २०८१ |
| ८ | ४८७० | पिरिमा कुमारी रोकाय | वीनपा, सुर्खेत | जेष्ठ २०८१ |
| ९ | २८४३ | धनसरा वुढा | वीनपा-१०, सुर्खेत | अषाढ २०८१ |

### तालिका–११

## जनहितकारी सहकारी संस्थाद्वारा प्रयोगमा ल्याइएका विभिन्न ऋण शिर्षक अन्तर्गत नियमित किस्ता तिर्नुभई गोला प्रथाद्वारा छनौट हुनुभई पुरस्कृत हुनुभएका सदस्यहरू : २०८१

| क्र.सं. | स. नं. | नामथर | ठेगाना | महिना |
|---|---|---|---|---|
| १ | ९५४४ | अन्जु नेपाली | वीनपा-२, सुर्खेत | श्रावण २०८० |
| २ | ४२४२ | चन्द्र प्रसाद चपाई | वीनपा-११, सुर्खेत | भाद्र २०८० |
| ३ | ५६५ | गोविन्द गुरुङ्ग | वीनपा-४, सुर्खेत | असोज २०८० |
| ४ | ८५७१ | पवित्रा कडायत | वीनपा-१, सुर्खेत | माघ २०८० |
| ५ | ७१०४ | नन्दादेवी वयलकोटि | वीनपा-४, सुर्खेत | फाल्गुन २०८० |
| ६ | ८८६० | अमृता रावत क्षेत्री | वीनपा-८, सुर्खेत | चैत्र २०८० |
| ७ | ४४९६ | यशोदाफडेरा रोकाय | वीनपा-४, सुर्खेत | वैशाख २०८१ |
| ८ | ८६१३ | निम कुमारी श्रीमाल | वीनपा-१३, सुर्खेत | जेष्ठ २०८१ |
| ९ | ७८३९ | जमुना कुमारी उपाध्याय | वीनपा-४, सुर्खेत | अषाढ २०८१ |

### तालिका–१२

## जनहितकारी सहकारी संस्थाद्वारा प्रयोगमा ल्याइएका विभिन्न ऋण योजना अन्तर्गत उत्कृष्ट हुनुभई पुरस्कृत हुनुभएका ऋणी सदस्यहरू : २०८१

| क्र.सं | स नं | नामथर | ठेगाना | शिर्षक |
|---|---|---|---|---|
| १ | ५९९७ | रिता खत्री | वीनपा-११, सुर्खेत | सर्वोकृष्ट |
| २ | १५७२ | विष्णु भुसाल | वीनपा-६, सुर्खेत | व्यापार |
| ३ | २५५१ | वसन्ती यागी | वीनपा-१, सुर्खेत | सेवा व्यवसाय |
| ४ | ५१४९ | रत्न बहादुर खड्का | वीनपा-१०, सुर्खेत | कृषि(वेमौसमी) |

| क्र.सं | स नं | नामथर | ठेगाना | शिर्षक |
|---|---|---|---|---|
| ५ | १ | हरिहरनाथ योगी | वीनपा-४, सुर्खेत | संस्थापक सदस्य |
| ६ | ४५०९ | सुरज चपाई | वीनपा-११, सुर्खेत | उत्कृष्ट कर्मचारी |

## तालिका-१३
## २६औं बार्षिक स्थापना दिवस का अवसरमा सम्मानित जेष्ठ सदस्यहरुको नामावली : २०८१

| क्र.सं. | नामथर | ठेगाना | क्र.सं. | नामथर | ठेगाना |
|---|---|---|---|---|---|
| १ | कौशिला गौतम | वीरेन्द्रनगर-४, सुर्खेत | २९ | जगत कुमारी भारती | वीरेन्द्रनगर-४, सुर्खेत |
| २ | टिकाराम थापा | वीरेन्द्रनगर-३, सुर्खेत | ३० | बलाराम रेग्मी | वीरेन्द्रनगर-३, सुर्खेत |
| ३ | मान देव पुरी | वीरेन्द्रनगर, सुर्खेत | ३१ | बाल कुमारी कार्की | वीरेन्द्रनगर-३, सुर्खेत |
| ४ | छत्र बहादुर खड्का | वीरेन्द्रनगर-४, सुर्खेत | ३२ | शिला कुमारि शाहि | वीरेन्द्रनगर-९, सुर्खेत |
| ५ | याम बहादुर सारु | वीरेन्द्रनगर, सुर्खेत | ३३ | जामित्रा कडेल | वीरेन्द्रनगर-३, सुर्खेत |
| ६ | काशिराम खनाल | वीरेन्द्रनगर-४, सुर्खेत | ३४ | बसन्ती योगी | वीरेन्द्रनगर-३, सुर्खेत |
| ७ | पुर्ण बहादुर खड्का | वीरेन्द्रनगर-४, सुर्खेत | ३५ | सिता देवी अधिकारी | वीरेन्द्रनगर-४, सुर्खेत |
| ८ | लिलाराम गौतम | वीरेन्द्रनगर-४, सुर्खेत | ३६ | छलु शाही | वीरेन्द्रनगर, सुर्खेत |
| ९ | कासिनाथ योगी | वीरेन्द्रनगर-४, सुर्खेत | ३७ | बासु देब आचार्य | वीरेन्द्रनगर-४, सुर्खेत |
| १० | श्याम कृष्ण शर्मा | वीरेन्द्रनगर-४, सुर्खेत | ३८ | मोतिलाल पुरी | वीरेन्द्रनगर-४, सुर्खेत |
| ११ | मनिदेवी सापकोटा | वीरेन्द्रनगर-४, सुर्खेत | ३९ | दुध कु. पन्त | वीरेन्द्रनगर-६, सुर्खेत |
| १२ | पदमलाल गौतम | वीरेन्द्रनगर-४, सुर्खेत | ४० | जयसरा देवि गिरी | वीरेन्द्रनगर-४, सुर्खेत |
| १३ | टंक कुमारी रेग्मी | वीरेन्द्रनगर-४, सुर्खेत | ४१ | जानकी थापा | वीरेन्द्रनगर, सुर्खेत |
| १४ | हेम प्रसाद पन्त | वीरेन्द्रनगर-४, सुर्खेत | ४२ | गेहेन्द्र देव गिरी | वीरेन्द्रनगर-१, सुर्खेत |
| १५ | शान्ती देवी पन्त | वीरेन्द्रनगर-४, सुर्खेत | ४३ | गोपाल देव गिरी | वीरेन्द्रनगर, सुर्खेत |
| १६ | हरिमाया पन्त | वीरेन्द्रनगर-४, सुर्खेत | ४४ | पानसरी सुनार | वीरेन्द्रनगर, सुर्खेत |
| १७ | जलधरा खड्का | वीरेन्द्रनगर, सुर्खेत | ४५ | माया पन्त | वीरेन्द्रनगर-६, सुर्खेत |
| १८ | बिष्णु देवी कोईराला | वीरेन्द्रनगर-४, सुर्खेत | ४६ | मोतिराम खड्का | वीरेन्द्रनगर-६, सुर्खेत |
| १९ | गोमा देवी उपाध्यय | वीरेन्द्रनगर, सुर्खेत | ४७ | सुमित्रा खनाल | वीरेन्द्रनगर-३, सुर्खेत |
| २० | कौशिला पन्त | वीरेन्द्रनगर-४, सुर्खेत | ४८ | नर ब. थापा | वीरेन्द्रनगर-१, सुर्खेत |
| २१ | खगेन्द्र देब भारती | वीरेन्द्रनगर-४, सुर्खेत | ४९ | भवानि प्रसाद आचार्य | वीरेन्द्रनगर-१, सुर्खेत |
| २२ | लक्ष्मी विष्ट | वीरेन्द्रनगर, सुर्खेत | ५० | टोपलाल गिरी | वीरेन्द्रनगर-१, सुर्खेत |
| २३ | रत्नादेवि योगि | वीरेन्द्रनगर-४, सुर्खेत | ५१ | कुश्मा देवी थापा | वीरेन्द्रनगर-४, सुर्खेत |
| २४ | धनसरा वि.क. | वीरेन्द्रनगर-४, सुर्खेत | ५२ | देवी प्रसाद खनाल | वीरेन्द्रनगर, सुर्खेत |
| २५ | गोमा कोईराला | वीरेन्द्रनगर-३, सुर्खेत | ५३ | पुर्णा कुमारि गिरी | वीरेन्द्रनगर-६, सुर्खेत |
| २६ | बिष्णु गिरी | वीरेन्द्रनगर-४, सुर्खेत | ५४ | गोमा कु. गिरी | वीरेन्द्रनगर-१, सुर्खेत |
| २७ | लिला देवी कोईराला | वीरेन्द्रनगर-४, सुर्खेत | ५५ | चन्द्रकला गिरी | वीरेन्द्रनगर-१, सुर्खेत |
| २८ | कृष्ण देब भारती | वीरेन्द्रनगर-३, सुर्खेत | ५६ | बसुन्धरा पुरी | वीरेन्द्रनगर, सुर्खेत |

| क्र.सं. | नामथर | ठेगाना | क्र.सं. | नामथर | ठेगाना |
|---|---|---|---|---|---|
| ५७ | भद्रु भारती | वीरेन्द्रनगर, सुर्खेत | ९२ | कमला भारती | वीरेन्द्रनगर-३, सुर्खेत |
| ५८ | विष्णु गिरी | वीरेन्द्रनगर-४, सुर्खेत | ९३ | चन्द्र प्र. शर्मा | वीरेन्द्रनगर-४, सुर्खेत |
| ५९ | ललितनाथ योगि | वीरेन्द्रनगर-१०, सुर्खेत | ९४ | चन्द्रा भारती | वीरेन्द्रनगर-६, सुर्खेत |
| ६० | जगत कुमारी सुवेदी | वीरेन्द्रनगर-३, सुर्खेत | ९५ | मणिराम कडेल | वीरेन्द्रनगर-४, सुर्खेत |
| ६१ | भुमि देवि भट्ट | वीरेन्द्रनगर-४, सुर्खेत | ९६ | लिलावति तिवारि | वीरेन्द्रनगर-३, सुर्खेत |
| ६२ | शिव प्र.सापकोटा | वीरेन्द्रनगर-४, सुर्खेत | ९७ | हरिकला गिरी | वीरेन्द्रनगर, सुर्खेत |
| ६३ | अमर ब.थापा | वीरेन्द्रनगर-३, सुर्खेत | ९८ | जैसरी खत्रि | वीरेन्द्रनगर-४, सुर्खेत |
| ६४ | लैन बहादुर शाही | वीरेन्द्रनगर-३, सुर्खेत | ९९ | कुल ब. अर्याल | वीरेन्द्रनगर-४, सुर्खेत |
| ६५ | कृष्ण कुमार ढकाल | वीरेन्द्रनगर-३, सुर्खेत | १०० | यामलाल गिरी | वीरेन्द्रनगर, सुर्खेत |
| ६६ | कृष्णा कुमारी ढकाल | वीरेन्द्रनगर-३, सुर्खेत | १०१ | महेन्द्र प्रसाद गिरी | वीरेन्द्रनगर, सुर्खेत |
| ६७ | बासु देव सुवेदी | वीरेन्द्रनगर, सुर्खेत | १०२ | गोमा गिरी | वीरेन्द्रनगर, सुर्खेत |
| ६८ | खगिसरा घर्ती | वीरेन्द्रनगर-५, सुर्खेत | १०३ | सरस्वति देवि गिरी | वीरेन्द्रनगर-३, सुर्खेत |
| ६९ | मायाराम न्यौपाने | वीरेन्द्रनगर, सुर्खेत | १०४ | काली बस्नेत | वीरेन्द्रनगर, सुर्खेत |
| ७० | प्रमा पुरी | वीरेन्द्रनगर-१, सुर्खेत | १०५ | कृष्ण लाल आचार्य | वीरेन्द्रनगर, सुर्खेत |
| ७१ | ठुमरिकला बुढा | वीरेन्द्रनगर, सुर्खेत | १०६ | मान बहादुर शाही | वीरेन्द्रनगर, सुर्खेत |
| ७२ | मान बहादुर पुरी | वीरेन्द्रनगर, सुर्खेत | १०७ | निम ब. थापा | वीरेन्द्रनगर-९, सुर्खेत |
| ७३ | मनसरा पुरी | वीरेन्द्रनगर, सुर्खेत | १०८ | कृष्णलाल न्यौपाने | वीरेन्द्रनगर, सुर्खेत |
| ७४ | कलावती गौतम | वीरेन्द्रनगर-४, सुर्खेत | १०९ | उदय ब. घर्तिक्षेत्रि | वीरेन्द्रनगर-१, सुर्खेत |
| ७५ | इश्वरी देवी गौतम | वीरेन्द्रनगर-४, सुर्खेत | ११० | गौरि गणेश गिरी | वीरेन्द्रनगर-४, सुर्खेत |
| ७६ | जयनारायण सापकोटा | वीरेन्द्रनगर-४, सुर्खेत | १११ | तुलाराम सुवेदी | वीरेन्द्रनगर-१, सुर्खेत |
| ७७ | रत्नकला थापा | वीरेन्द्रनगर, सुर्खेत | ११२ | देउकला योगी | वीरेन्द्रनगर-१०, सुर्खेत |
| ७८ | डिललीराम ढकाल | वीरेन्द्रनगर, सुर्खेत | ११३ | जौकला विष्ट | वीरेन्द्रनगर-४, सुर्खेत |
| ७९ | कौशिला कडेल | वीरेन्द्रनगर-४, सुर्खेत | ११४ | उर्मिला शर्मा | वीरेन्द्रनगर, सुर्खेत |
| ८० | ईन्दा देवी भारती | वीरेन्द्रनगर-३, सुर्खेत | ११५ | वुद्धि प्रसाद सापकोटा | वीरेन्द्रनगर, सुर्खेत |
| ८१ | भक्त बहादुर सुनार | वीरेन्द्रनगर-४, सुर्खेत | ११६ | बल बहादुर कार्कि | वीरेन्द्रनर-१२, सुर्खेत |
| ८२ | बाल कुमारी गिरी | वीरेन्द्रनगर, सुर्खेत | ११७ | रत्ना कुमारी तिवारी | वीरेन्द्रनर-१२, सुर्खेत |
| ८३ | गोमा शर्मा | वीरेन्द्रनगर-४, सुर्खेत | ११८ | जित ब. साउद | वीरेन्द्रनगर-१२, सुर्खेत |
| ८४ | ललितादेवि कार्कि | वीरेन्द्रनगर-४, सुर्खेत | ११९ | मनरुपा सुनार | वीरेन्द्रनगर-१, सुर्खेत |
| ८५ | डिल्लीसरा देवी भण्डारी | वीरेन्द्रनगर, सुर्खेत | १२० | टिकावतिदेवि भण्डारि | वीरेन्द्रनगर-४, सुर्खेत |
| ८६ | खडानन्द कडेल | वीरेन्द्रनगर-६, सुर्खेत | १२१ | तुल्सी सापकोटा | वीरेन्द्रनगर-४, सुर्खेत |
| ८७ | कृष्णा कुमारी योगि | वीरेन्द्रनगर-५, सुर्खेत | १२२ | धनिराम बुढा | वीरेन्द्रनगर, सुर्खेत |
| ८८ | उमासरी थापा | वीरेन्द्रनगर-३, सुर्खेत | १२३ | तुल्सा भारती | वीरेन्द्रनगर, सुर्खेत |
| ८९ | पार्वती खनाल | वीरेन्द्रनगर-१२, सुर्खेत | १२४ | मोति प्रसाद शर्मा | वीरेन्द्रगर-१२, सुर्खेत |
| ९० | तिलक राम घिमिरे | वीरेन्द्रनगर-४, सुर्खेत | १२५ | गंगा देवी साउद | वीरेन्द्रनगर, सुर्खेत |
| ९१ | लाल ब.अधिकारी | वीरेन्द्रनगर-१, सुर्खेत | १२६ | चन्द्र बहादुर साउद | वीरेन्द्रनगर, सुर्खेत |

| क्र.सं. | नामथर | ठेगाना | क्र.सं. | नामथर | ठेगाना |
|---|---|---|---|---|---|
| १२७ | टिका कुमारी सापकोटा | वीरेन्द्रनगर-४, सुर्खेत | १६२ | गिता सार्की | वीरेन्द्रनगर, सुर्खेत |
| १२८ | नैनामाता गिरी | वीरेन्द्रनगर-१०, सुर्खेत | १६३ | बाचुकला बुढा | वीरेन्द्रनगर-२, सुर्खेत |
| १२९ | चम्फा थापा | वीरेन्द्रनगर-१, सुर्खेत | १६४ | हिरा कुमारी भारती | वीरेन्द्रनगर, सुर्खेत |
| १३० | हिरालाल विश्वकर्मा | वीरेन्द्रनगर-४, सुर्खेत | १६५ | कलावति तिवारी | वीरेन्द्रनगर-४, सुर्खेत |
| १३१ | मोति देवि भट्टराई | वीरेन्द्रनगर-४, सुर्खेत | १६६ | बसन्धरा मगर्नी | वीरेन्द्रनगर-४, सुर्खेत |
| १३२ | कौशिला खत्री | वीरेन्द्रनगर, सुर्खेत | १६७ | कृष्णा कुमारी सिंह | वीरेन्द्रनगर-४, सुर्खेत |
| १३३ | पार्वती देवी पुरी | वीरेन्द्रनगर-४, सुर्खेत | १६८ | पबित्रा गिरी | वीरेन्द्रनगर-४, सुर्खेत |
| १३४ | लक्ष्मण देव गिरी | वीरेन्द्रनगर, सुर्खेत | १६९ | गिता प्रसाद आचार्य | वीरेन्द्रनगर-४, सुर्खेत |
| १३५ | नैना थापा मगर | वीरेन्द्रनगर, सुर्खेत | १७० | लिलाधर गौतम | वीरेन्द्रनगर-४, सुर्खेत |
| १३६ | राम कुमारी ढकाल | वीरेन्द्रनगर, सुर्खेत | १७१ | टिकावति अर्याल | वीरेन्द्रनगर-४, सुर्खेत |
| १३७ | दल बहादुर सिंजाली | वीरेन्द्रनगर, सुर्खेत | १७२ | मनिराम सुनार | वीरेन्द्रनगर, सुर्खेत |
| १३८ | रत्नवीर सार्की | वीरेन्द्रनगर, सुर्खेत | १७३ | दुर्गादेवि गौतम | वीरेन्द्रनगर-४, सुर्खेत |
| १३९ | डिल्लीसरा खनाल | वीरेन्द्रनगर-४, सुर्खेत | १७४ | अर्मतादेवि कोईराला | वीरेन्द्रनगर-४, सुर्खेत |
| १४० | गंगा ढुंगाना | वीरेन्द्रनगर-३, सुर्खेत | १७५ | भुमिसरा सुवेदी | वीरेन्द्रनगर-११, सुर्खेत |
| १४१ | रवीलाल वस्नेत | वीरेन्द्रनगर, सुर्खेत | १७६ | पार्वति गिरी | वीरेन्द्रनगर-९, सुर्खेत |
| १४२ | मनिसरा थरुनी | वीरेन्द्रनगर-४, सुर्खेत | १७७ | लक्ष्मी शर्मा | वीरेन्द्रनगर, सुर्खेत |
| १४३ | जस्मति शाहि | वीरेन्द्रनगर-१, सुर्खेत | १७८ | धनबहादुर तामागं | वीरेन्द्रनगर-११, सुर्खेत |
| १४४ | शेर सिं रोकाय | वीरेन्द्रनगर-११, सुर्खेत | १७९ | पद्मा कुमारी सार्की | वीरेन्द्रनगर-११, सुर्खेत |
| १४५ | छविसरा सुवेदी | वीरेन्द्रनगर, सुर्खेत | १८० | शशिलाल कुम्हाल | वीरेन्द्रनगर-४, सुर्खेत |
| १४६ | सितावती चपाई | वीरेन्द्रनगर-११, सुर्खेत | १८१ | जैसरा गौतम | वीरेन्द्रनगर-१, सुर्खेत |
| १४७ | पार्वति खत्री | वीरेन्द्रनगर-४, सुर्खेत | १८२ | रुपलाल दाहाल | वीरेन्द्रनगर-१२, सुर्खेत |
| १४८ | सुर्य बहादुर खत्री | वीरेन्द्रनगर-३, सुर्खेत | १८३ | ईन्द्रा कुमारी के.सी | वीरेन्द्रनगर-७, सुर्खेत |
| १४९ | भुपेन्द्र प्रसाद पोखेल | वीरेन्द्रनगर, सुर्खेत | १८४ | पवित्रा दमाई | वीरेन्द्रनगर, सुर्खेत |
| १५० | सुमन वि.क. | वीरेन्द्रनगर, सुर्खेत | १८५ | प्रेम बहादुर थापा | वीरेन्द्रनगर-४, सुर्खेत |
| १५१ | चन्द्र प्र. पौडेल | वीरेन्द्रनगर, सुर्खेत | १८६ | हरिष चन्द्र थानी | वीरेन्द्रनगर-२, सुर्खेत |
| १५२ | प्रेमकला वि.क. | वीरेन्द्रनगर, सुर्खेत | १८७ | मणिराम जैसी | वीरेन्द्रनगर, सुर्खेत |
| १५३ | उर्वरी थरुनी | वीरेन्द्रनगर-११, सुर्खेत | १८८ | नन्दलाल दाहाल | वीरेन्द्रनगर, सुर्खेत |
| १५४ | कालु थारु | वीरेन्द्रनगर-११, सुर्खेत | १८९ | बाल कुमारी पुरी | वीरेन्द्रनगर-१, सुर्खेत |
| १५५ | भिमा सापकोटा | वीरेन्द्रनगर, सुर्खेत | १९० | मायाराम पोखेल | वीरेन्द्रनगर-३, सुर्खेत |
| १५६ | महेन्द्र प्रसाद चपाईं | वीरेन्द्रनगर, सुर्खेत | १९१ | कौशिला देवि उपाध्याा | वीरेन्द्रनगर-४, सुर्खेत |
